## १. परिचय

### क. पृष्ठभूमि

शैक्षिक विकेन्द्रीकरणलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउने विभिन्न साधनमध्ये पाठ्यक्रमको स्थानीयकरण पनि एक हो । पाठ्यक्रम कार्यान्वयन गर्ने निकाय तथा व्यक्तिको प्रत्यक्ष संलग्नता र सहभागितामा पाठ्यक्रम विकास गरिनुपर्छ भन्ने सैद्धान्तिक मान्यतामा आधारित भएर यो अवधारणा अगाडी आएको हो । स्थानीय विषयवस्तु र स्थानीय आवश्यकता समावेश गरी स्थानीय सरकार, विद्यालय, शिक्षक र स्थानीय सरोकारवालाहरुको प्रत्यक्ष सहभागितामा स्थानीय तहमा नै पाठ्यक्रम बनाएर कार्यान्वयन गर्ने अभिप्रायले स्थानीय पाठ्यक्रम बनाइन्छ । नेपाल आफैमा बहु विविधतायुक्त देश हो । भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, वर्गीय, जातीय, भाषिक आदि दृष्टिले बहुविविधता भएकाले यस सम्बन्धी आवश्यक ज्ञान सिप प्रदान गर्न स्थानीय पाठ्यक्रम महत्वपूर्ण छ । अहिलेको विश्वव्यापीकरणको युगमा एकातिर अन्तर्राष्ट्रिय परिवेशको शिक्षा चाहिन्छ भने अर्कोतर्फ आफ्नो देशभित्रका मौलिक पक्षका बारेमा पनि यथार्थ जानकारी आवश्यक हुन्छ । त्यसैले पाठ्यक्रमका विषयवस्तु निर्धारण गर्दा अन्तर्राष्ट्रिय रुपमा मान्यता पाएका विषय र राष्ट्रिय आवश्यकतालाई ध्यान दिएर पाठ्यक्रमका मुख्य विषयबस्तु छनोट गरिन्छ । तर देशभित्र पनि फरक-फरक भौगोलिक, आर्थिक पक्षमा आधारित विषयवस्तु सम्बन्धी ज्ञान सिप प्रदान गर्न स्थानीय पाठ्यक्रमको अवधारणा अगाडी आएको हो ।

### ख. स्थानीय पाठ्यक्रमको विकासक्रम

नेपालमा औपचारिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले पहिलोपटक स्थानीय विषय वा मातृभाषामध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने व्यवस्था गरे अनुसार साप्ताहिक ३ पाठ्यभार र १०० पूर्णाङ्कको अध्ययन अध्यापन गर्ने व्यवस्था गरेको थियो । उक्त प्रावधानको प्रभावकारी कार्यान्वयन हुन सकेको पाइएन । पाठ्यक्रम विकास केन्द्रले नै विकास गरेका केही मातृभाषाका नमूना पाठ्यक्रम तथा पाठ्यपुस्तक सिमित विद्यालयले पढाउन सुरु गरे भने धेरै विद्यालयले अंग्रेजी, गणित जस्ता विषय अध्यापन गराइएको पाइन्छ । प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ ले स्थानीय पाठ्यक्रम सम्बन्धी विशेष महत्व दिँदै केही व्यापक बनाउने कार्य गर्‍यो । परिमार्जित पाठ्यक्रममा पहिलेको मातृभाषा र स्थानीय विषयलाई निरन्तरता दिँदै पाठ्यभार वृद्धि गरी स्थानीय अंशको रुपमा राख्ने व्यवस्था गरियो । स्थानीय पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउन सहयोग पुर्‍याउने उद्देश्यले स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका २०६० समेत विकास गरियो । स्थानीय पाठ्यक्रमलाई माथिल्लो तहसम्म विस्तार गर्न उपयुक्त हुन्छ हुँदैन भन्ने कुरा निर्क्योल गर्न क्षेत्रीय प्रतिनिधित्व हुनेगरी विभिन्न जिल्लामा अध्ययन समेत गरियो । प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ अनुसार "स्थानीय सरोकारवालाको सहभागितामा स्थानीय आवश्यकता अनुसार विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रममा स्थानीय पाठ्यक्रम हो ।"

नेपालको संविधान २०७२ मा शिक्षा सम्बन्धी मौलिक हकको रुपमा धारा ३१ (५) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले मातृभाषामा शिक्षा दिने, अनुमति, अनुगमन तथा नियमन गर्ने अधिकार स्थानीय तहलाई दिएको छ । राष्ट्रिय

पाठ्यक्रम प्रारुप २०७६ ले आधारभूत शिक्षा कक्षा ८ सम्म १ विषय मात्रै विकास गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ तथा आधारभूत तहको विद्यमान पाठ्यक्रम संरचनामा आधारभूत तह कक्षा १ देखि ३ सम्म मातृभाषिक सिप अथवा स्थानीय विषयवस्तु वार्षिक ५ पाठ्यघण्टा अर्थात् १६० कार्यघण्टा तोकिएको छ। यसैगरी आधारभूत तहकै कक्षा ४ देखि ८ सम्म मातृभाषा वा अन्य कुनै स्थानीय विषयवस्तु वार्षिक ४ पाठ्यघण्टा अर्थात् १२८ कार्यघण्टा तोकिएको छ। पाठ्यक्रम विकास केन्द्रले स्थानीय पाठ्यक्रम विकास, परिमार्जन, परिवर्तन र स्वीकृति सम्बन्धी कार्यका लागि स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन समेत तयार गरेको छ। संघीय संरचना तथा नयाँ प्रावधानमा रहेका विषयवस्तुलाई सम्बोधन गर्दै पाठ्यक्रम केन्द्रले स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन गर्न स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन मातृभाषासहित २०७६ को विकास गरेको छ। यस दस्तावेजले स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन विकास र कार्यान्वयनको प्रक्रिया सम्भाव्य विषय क्षेत्र नीतिगत प्रावधानहरु तथा विभिन्न निकायका उत्तरदायित्वहरु समाविष्ट छन्। पाठ्यक्रम विकास केन्द्रले स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयनका लागि स्थानीय तहका सरकारी निकायहरूका लागि अभिमुखीकरण निर्देशिका २०७९ समेत जारी गरेको छ।

मुलुक संघीयतामा आइसकेपछि स्थानीय तहको पहिलो निर्वाचन २०७४ पछि बुटवल उपमहानगरपालिकाले २०७५ सालमा स्थानीय पाठ्यक्रम निर्माण समिति गठन गरेको थियो। सो समितिले बुटवलका स्थानीय विषयवस्तु, कला, संस्कृति, पर्यटन तथा स्थानीय विशिष्टतालाई समावेश गरेर पहिलोपटक स्थानीय पाठ्यक्रम २०७५ समेत जारी गरेको थियो। सोही आधारमा पाठ्यपुस्तक निर्माण गरी उपमहानगरपालिका भरी नै "हाम्रो बुटवल" नामक पाठ्यपुस्तक कार्यान्वयनमा ल्याइएको थियो। हालसम्म उक्त पाठ्यपुस्तक र पाठ्यक्रम नै उपमहानगरपालिकाभित्र कार्यान्वयन भइरहेको छ। पाठ्यक्रमको मर्मअनुसार पाठ्यक्रमलाई प्रत्येक वर्ष अध्यावधिक गर्नुपर्ने पाँच वर्षमा परिमार्जन गर्नुपर्ने तथा दश वर्षमा परिवर्तन गर्नुपर्ने भन्ने विषय राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा व्यवस्था गरिएको छ।

कतिपय विषयवस्तुहरू विज्ञान प्रविधिमा भएको खोज, आविष्कार तथा अभिभावक र विद्यार्थीहरूको चाहना र रुचिमा भएको बदलावका कारणले २०७५ सालमा निर्माण भएको स्थानीय पाठ्यक्रमलाई समयानुकूल परिमार्जन गरी नयाँ विषयवस्तुहरू थप गर्नुपर्ने, सूचना तथा तथ्याङ्कहरू अध्यावधिक गर्नुपर्ने, पाठ्यक्रम पाठ्यपुस्तकमा भएका कतिपय त्रुटिहरु हटाउनुपर्ने बान्छनीय देखिएकोले बुटवल उपमहानगरपालिकाले २०७९ सालमा पाठ्यक्रम संसोधन सुझाव कार्यदल गठन गरेको थियो। उक्त कार्यदलले स्थानीय सरोकारवालाहरूसँग छलफल, अन्तरक्रिया गरी आवश्यकता पहिचान गरी स्थानीय पाठ्यक्रममा परिमार्जन गर्नुपर्ने विषयवस्तुहरू इङ्गित गरेको थियो। उक्त कार्यदलको सुझाव अनुसार कतिपय विषयवस्तुहरू पाठ्यक्रममै परिमार्जन गर्नुपर्ने छ भने कतिपय विषयवस्तुहरू पाठ्यपुस्तकमा परिमार्जन गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ। सोही बमोजिम बुटवल उपमहानगरपालिकाको नगर शिक्षा समितिबाट स्थानीय पाठ्यक्रममा परिमार्जन गर्नको लागि स्थानीय पाठ्यक्रम संशोधन कार्यदल गठन गर्यो। सो कार्यदलमा निम्नानुसारका सदस्यहरु राखिएको छ।

| | | |
|---|---|---|
| १. | **संयोजक** | **टिकराम शर्मा पौड्याल** |
| २. | **सदस्य** | **ताराप्रसाद ज्ञवाली** |

| | | |
|---|---|---|
| ३. | **सदस्य** | **प्रेमबहादुर बस्नेत** |
| ४. | **सदस्य** | **हरिप्रसाद रेग्मी** |
| ५. | **सदस्य** | **मित्रहरि आचार्य** |
| ६. | **सदस्य** | **विष्णुप्रसाद भुसाल** |
| ७. | **सदस्य सचिव** | **शिक्षा अधिकृत कमला चुदाली** |

## ग. स्थानीय पाठ्यक्रम संशोधनको औचित्य

नेपाल बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक मुलुक भएकोले केन्द्रीकृत पाठ्यक्रमले सबै भाषा, जाति, संस्कृति, सामाजिक र आर्थिक परिवेश भएका मानिसहरूको आवश्यकता र रुचिलाईलाई समेट्न सक्दैन । विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्यमा नेपाली कला, संस्कृति सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण सम्बर्धन र विस्तारतर्फ अभिप्रेरित भएका नेपालको इतिहास, भूगोलको ज्ञान भएका, नेपाली पहिचान र जीवनशैली गौरव गर्ने नागरिक तयार गर्ने भनिएको छ। स्थानीय पाठ्यक्रमले स्थानीय स्रोत, साधन र विज्ञताको उपयोग गर्दै स्थानीय माग र आवश्यकताको परिपूर्ति गर्छ भने सिक्ने र सिकाउनेको सहभागिताको सुनिश्चित गर्दछ। यसले गर्दा स्थानीय स्तरमा रहेका सरोकारवालाहरूको क्षमता अभिवृद्धि भई रोजगार तथा स्वरोजगारको सिर्जना गर्छ। विद्यार्थी केन्द्रित विधिमा जोड दिँदै सैद्धान्तिक भन्दा व्यवहारिक पक्षमा जोड दिन्छ । बुटवल उपमहानगरपालिकामा यसभन्दा अगाडी निर्माण भएको स्थानीय पाठ्यक्रममा बदलिँदो समय र परिवेश अनुसारका विषयवस्तुहरू अध्यावधिक गर्नुपर्ने भएकोले स्थानीय पाठ्यक्रमको औचित्यलाई निम्नअनुसार राखिएको छ।

१. पाठ्यक्रमका माध्यमबाट स्थानीय तहका आवश्यकतालाई सम्बोधन गर्ने।

२. सिकाइलाई व्यवहारिक र प्रभावकारी तुलाउने।

३. स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र सम्बर्धन गर्ने।

४. स्थानीय आवश्यकतालाई सम्बोधन गर्न सक्ने भएकोले स्थानीय सरकार सरोकारवालाहरूलाई जिम्मेवारी बोध गराउने।

५. यसभन्दा अगाडी निर्माण भएको स्थानीय पाठ्यक्रमलाई समय सापेक्ष संशोधन गर्ने।

६. परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई पाठ्यक्रममा समावेश गर्ने।

७. बुटवलमा रहेका विशिष्टताहरूको पहिचान गरी पाठ्यक्रममा समावेश गर्ने।

८. पाठ्यक्रम संशोधन सुझाव कार्यदलले दिएका सुझावहरूलाई पाठ्यक्रममा समावेश गर्ने।

९. समय सापेक्ष अभिभावकको चाहना र विद्यार्थीको रुचिलाई आत्मसाथ गर्ने।

१०. परिवर्तित तथ्याङ्कहरूलाई पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेश गर्ने ।

## घ. स्थानीय पाठ्यक्रम संशोधनको महत्व

स्थानीय पाठ्यक्रममा आधारभूत आवश्यकता, स्थानीय विषयवस्तु, स्थानीय सहभागिता र विज्ञता आधारभूत पक्षहरू हुन्छन् । बुटवल उपमहानगरपालिकाको विद्यमान स्थानीय पाठ्यक्रम कक्षा १ देखि ८ का कतिपय विषयवस्तुहरू थप गर्नु पर्ने, उपयुक्त गहिराई कायम गर्ने, कक्षागत रुपमा सन्तुलन मिलाउनुपर्ने, समय सापेक्ष तथ्याङ्कहरू र सूचनाहरू एकीकृत गर्नुपर्ने भएकाले स्थानीय पाठ्यक्रम संशोधनको आवश्यकता परेको छ। यस संशोधनको महत्व निम्नानुसार उल्लेख गरिएको छ।

१. सामाजिक विविधता अनुसारको पाठ्यवस्तुलाई प्रोत्साहन गर्न ।

२. स्थानीय विषयवस्तु र आवश्यकतालाई समेट्न ।

३. स्थानीय पेसा एवं व्यवसाय र रोजगारका क्षेत्रहरू पहिचान गरी प्रवर्धन गर्न ।

४. विद्यमान स्थानीय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तुहरू समेट्न ।

५. पाठ्यक्रम संशोधन कार्यदलले दिएका सुझावहरू अनुसारको पाठ्यक्रम निर्माण गर्न पाठ्यक्रमलाई बढी उपयोगी सान्दर्भिक र आवश्यकतामुखी बनाउन ।

६. समाजमा उत्पन्न हुनसक्ने विभिन्न खालको द्वन्दको निराकरण गरी समतामूलक समाजको निर्माणमा सहयोग गर्न ।

## ङ. स्थानीय पाठ्यक्रम संशोधनका आधारहरू

१. स्थानीय पाठ्यक्रम परिमार्जन सुझाव कार्यदलले दिएको सुझाव

२. स्थानीय धर्म, संस्कृति, भाषा, कला, साहित्य र परम्परा विज्ञ, सम्बन्धीत धर्मका धर्मगुरु तथा जानकार व्यक्तिले दिएको सूचना

३. क्षेत्र अवलोकनबाट प्राप्त सूचना

४. सरोकारवालाहरूसँगको छलफल

५. उपमहानगरपालिकाका प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतको मार्ग निर्देशन

६. नगरभित्रका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरूसँगको छलफल र अन्तरक्रिया

७. नगरभित्रका सामुदायिक तथा संस्थागत विद्यालयका स्थानीय पाठ्यपुस्तक अध्यापन गर्ने शिक्षकहरूसँगको अन्तरक्रिया

८. बुटवल उपमहानगरपालिकाको विद्यमान स्थानीय पाठ्यक्रम-२०७५ तथा हाम्रो बुटवल पाठ्यपुस्तक

९. बुटवलको विशिष्टता

१०. बुटवलको आर्थिक, सामाजिक, सांस्कृतिक, भौगोलिक र वातावरणीय परिवेश

११. स्थानीय कला, संस्कृति र परम्परा

१२. अभिभावकको चाहना र विद्यार्थीको रुचि

१३. स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित) २०७६ र सोही अनुसारको स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि स्थानीय निकायहरूको लागि अभिमुखीकरण निर्देशिका २०७९

१४. वर्तमान राष्ट्रिय पाठ्यक्रम

१५. बुटवल उपमहानगरपालिकाको तथ्याङ्क शाखाबाट प्राप्त हुने तथ्याक र प्रतिवेदनहरु

## २. समग्र लक्ष्य

विद्यार्थीले आफ्नै समुदाय, संस्कृति, वातावरण र स्रोतको पहिचान गरी –

- सिप, संस्कृति र पर्यटनको संरक्षण गर्न ।
- सुरक्षित र स्वस्थ जीवनशैली अपनाउन ।
- सहकार्य र नेतृत्वद्वारा समुदायको विकासमा योगदान दिन सक्ने सक्षमता विकास गर्न ।

## ३. स्थानीय पाठ्यक्रमको शिक्षाको माध्यम र समय

स्थानीय पाठ्यक्रमको शिक्षाको माध्यम नेपाली भाषा हुनेछ । आधारभूत तहको पाठ्यक्रम २०७७ ले निर्दिष्ट गरे बमोजिम स्थानीय पाठ्यक्रमको पठन पाठन अवधि कक्षा १ देखि कक्षा ३ सम्मको पाठ्यघण्टा ५ र कक्षा ४ देखि कक्षा ८ सम्मको पाठ्यघण्टा ४ हुनेछ ।

## ४. बुटवलको स्थानीय पाठ्यक्रमका सक्षमता

### क) बुटवलको स्थानीय पाठ्यक्रम (कक्षा १–८) का प्रमुख सक्षमता

**अ. स्थानीय पहिचान र भौगोलिक ज्ञान**

विद्यार्थीले बुटवलको स्थान, भूगोल, प्राकृतिक स्रोत, वडागत संरचना र ऐतिहासिक, सामाजिक विशेषता पहिचान गर्न र वर्णन ।

**आ. स्थानीय परम्परा, धर्म, कला र सांस्कृतिक चेतना**

विद्यार्थीले स्थानीय चाडपर्व, धार्मिक स्थल, कला, संगीत, भेषभूषा र सांस्कृतिक सम्पदाको संरक्षण र सम्मान ।

**इ. पर्यटन चेतना र प्रवर्द्धन क्षमता**

विद्यार्थीले बुटवल र आसपासका पर्यटन स्थलहरूको पहिचान गरी तिनको संरक्षण, प्रचार-प्रसार र विकासका उपाय ।

**ई. स्थानीय सिप, पेसा र आत्मनिर्भरता विकास**

विद्यार्थीले स्थानीय सिप, पेसा र स्रोतको प्रयोगद्वारा साना उद्यम र आत्मनिर्भर जीवनशैलीका उपाय ।

**उ. सडक सुरक्षा र विपद् व्यवस्थापन दक्षता**

विद्यार्थीले सडकका नियम पालना गर्न, विपद्का कारण र जोखिम न्यूनीकरण उपाय बुझ्न र सुरक्षित व्यवहार प्रदर्शन ।

**ऊ. योग, ध्यान र प्राकृतिक उपचार अभ्यास**

विद्यार्थीले नियमित योग, ध्यान र प्राकृतिक चिकित्सा अभ्यास गरी शारीरिक, मानसिक र भावनात्मक सन्तुलन ।

**ए. सामाजिक सहभागिता र संघ–संस्थासँग सहकार्य**

विद्यार्थीले स्थानीय संघ-संस्था, क्लब र सामुदायिक समूहसँग सहकार्य गर्दै सामाजिक सेवा, सरसफाइ र विकास कार्यक्रम सञ्चालन ।

**ऐ. स्वास्थ्य सचेतना र खेलकूद सहभागिता**

विद्यार्थीले व्यक्तिगत र सामुदायिक स्वास्थ्यको हेरचाह गर्न, पौष्टिक आहार, व्यायाम र खेलकूदमा सक्रिय सहभागिता।

**(ख) तहगत सक्षमता**

स्थानीय पाठ्यक्रमका तहगत सक्षमताहरुलाई तीन भागमा विभाजन गरिएको छ।

क. कक्षा १–३ का सक्षमताहरुलाई आधारभूत सक्षमता मानिने छ।

ख. कक्षा ४–५ का सक्षमताहरुलाई मध्यम सक्षमता मानिने छ।

ग. कक्षा ६–८ का सक्षमताहरुलाई उच्चतम सक्षमता मानिने छ।

**अ. हाम्रो बुटवल**

कक्षा १-३ - आफ्नै शहर बुटवलको नाम, स्थान र वरपरका ठाउँ चिन्न र बताउन।
- बुटवल उपमहानगरपालिकाको शहरी, ग्रामीण र कृषि क्षेत्र बारे सरल जानकारी दिन।

कक्षा ४-५ - बुटवलको भूगोल, सिमाना, हावापानी तथा बनस्पतिको वर्णन गर्न ।
- बुटवलको नक्सामा विभिन्न महत्वपूर्ण स्थान, नदी, सडक देखाउन ।

कक्षा ६-८ - बुटवलको ऐतिहासिक, सामाजिक, आर्थिक र सांस्कृतिक स्थिति विश्लेषण गर्न ।
- नगर तथा वडाबाट प्राप्त हुने सेवा, सुविधा र प्रक्रियाको जानकारी दिन ।
- बुटवलको विकासको अवस्था पहिचान गरी विकासमा आफ्नो भूमिकाबारे बिचार प्रस्तुत गर्न।

**आ. हाम्रो परम्परा, धर्म, कला र संस्कृति**

कक्षा १-३ - घर, समुदाय र विद्यालयमा पालन गर्नुपर्ने असल व्यवहारहरु आत्मसात गर्न।
- स्थानीय बाजा, भेषभूषा र खानपान चिन्न ।

कक्षा ४-५ - बुटवलमा प्रचलित परम्परा, लोककला र धार्मिक स्थलहरूको महत्व वर्णन गर्न ।
- आफ्ना र अरू समुदायका परम्पराप्रति सम्मान भाव विकास गर्न सक्ने।

कक्षा ६-८ - स्थानीय संस्कृति, धर्म र कलाको संरक्षणका उपाय बताउन।
- नैतिक आचरण, धार्मिक सहिष्णुता, सांस्कृतिक विविधतामा एकता र सामुदायिक जीवनमा यसको भूमिकाको मूल्याङ्कन गर्न।

**इ. हाम्रो पर्यटन**

कक्षा १-३ - बुटवल र वरपरका पर्यटकीय ठाउँहरूको नाम र तस्बिर देखाएर चिनाउन ।

कक्षा ४-५ - सिद्धबाबा, स्वर्गद्धारी, लुम्बिनी मुक्तिनाथ मन्दिर आदि स्थानहरूको विशेषता बताउने र यी स्थानको पर्यटनले बुटवलमा ल्याउने फाइदाबारे कुरा गर्न ।

कक्षा ६-८ - बुटवल र आसपासका पर्यटन स्थलहरूको सम्भावना, चुनौती र विकासका उपाय बताउन।

- विद्यार्थी स्तरमा पर्यटन प्रवर्द्धनका अभियान (सफा राख्ने, प्रचार गर्ने) योजना बनाउन ।

**ई. हाम्रो सिप, पेसा र व्यवसाय**

कक्षा १-३ - घर र वरपरका मानिसले गर्ने सिप (खेती, सिलाइ, निर्माण आदि) बताउन।

कक्षा ४-५ - बुटवलका परम्परागत सिपहरु (ओखल, कोल, घट्ट, तान, ढाका कपडा, दुनाटपरी खुट्ने, बत्ती कात्ने आदि) को वर्णन गर्न।

- आत्मनिर्भर बन्नका लागि सिप सिक्ने महत्व बुझ्न सक्ने र बुटवल नगरभित्रका औद्योगिक क्षेत्रको जानकारी दिन।

कक्षा ६-८ - नेपाली तथा अंग्रेजी टाइपिङ्ग गर्ने, मोबाइल बैकिङ्ग प्रयोग गर्ने र साइबर सुरक्षाप्रति सचेत रहन।

- स्थानीय स्रोतको प्रयोग गरी साना व्यवसाय योजना बनाउन सक्ने।
- सिप र व्यवसायले समुदायमा रोजगारी र विकास कसरी ल्याउँछ भन्ने बुझ्न सक्ने।

**उ. सडक सुरक्षा र विपद् व्यवस्थापन**

कक्षा १-३ - घर, घरवरपर तथा विद्यालयमा हुन सक्ने संभावित दुर्घटना, कारण बुझ्ने र सुरक्षाका उपाय अपनाउन।

- सडक पार गर्ने तरिका र ट्राफिक बत्ती को अर्थ बुझ्न र प्रयोग गर्न ।
- विपद् (भूकम्प, आगलागी आदि) हुँदा सुरक्षित हुने उपाय बताउनु।

कक्षा ४-५ - सडकका नियम पालन गर्न सक्ने र ट्राफिक चिन्हको अर्थ बताउने।

- विपद्का कारण, प्राथमिक उपचार र तयारीका उपाय बताउने।

कक्षा ६-८ - विपद् जोखिम न्यूनीकरण योजना बनाउन सक्ने।

- बुटवलका मुख्य सडक, यातायात सम्बन्धी कार्यालय र प्राप्त हुने सेवाको जानकारी राख्न।
- सडक सुरक्षा, सरसफाइ र आपतकालीन व्यवस्थापनमा सहकार्य गर्न।

**ऊ. स्वास्थ्य र खेलकूद**

कक्षा १-३ - व्यक्तिगत सरसफाइ र स्वस्थ बानी अपनाउन ।

- रैथाने खेलहरुको जानकारी र खेल खेल्ने।

कक्षा ४-५ - प्राथमिक उपचार, फोहरमैला व्यवस्थापन, कुलत र दुर्व्यसन प्रति सचेत रहन ।

कक्षा ६-८ - स्वास्थ्य सचेतना, मानसिक सन्तुलन र नियमित खेलकूदका उपाय अपनाउन ।

- विद्यालय वा समुदायमा खेलकूद प्रतियोगिता योजना गर्न ।

**ए. योग र प्राकृतिक चिकित्सा**

कक्षा १-३ - सरल योग आसन गर्न सक्ने ।

- सफा रहनु र स्वच्छ बानी अपनाउन सक्ने ।
- घरटोलमा पाइने जडीबुटीको पहिचान र प्रयोग गर्न ।

कक्षा ४-५ - योग र ध्यानका फाइदा बताउने ।

- सामान्य चिकित्सा पद्धतिको पहिचान र प्रयोग गर्न ।

कक्षा ६-८ - नियमित योग अभ्यास गरी शरीर, मन र व्यवहारमा सुधार ल्याउन ।

- प्राकृतिक चिकित्सा र स्वस्थ जीवनशैलीको सम्बन्ध व्याख्या गर्न ।
- जटिल आसनहरु गर्न ।

**ऐ. हाम्रा संघ-संस्था**

कक्षा १-३ - घर, परिवार र सामाजिक संघ-संस्थाको सामान्य जानकारी राख्न ।

कक्षा ४-५ - बुटवलका संघ-संस्थाका नाम र काम बताउन ।

- सहकार्य र समूहमा काम गर्ने बानी विकास गर्न ।

कक्षा ६-८ - संघ-संस्थासँग सहकार्य गरी सामाजिक कार्य (स्वच्छता, वृक्षारोपण, रक्तदान) आयोजना गर्न ।

- नेतृत्व र स्वेच्छिक सेवाको भावना प्रदर्शन गर्न ।
- बुटवलस्थित विभिन्न प्रतिष्ठानहरु BICC, BTI, KNIP जस्ता संस्था र शैक्षिक संस्थाको जानकारी राख्न ।

## ५. विषय क्षेत्र र क्रम

| विषय क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|
| बुटवल परिचय | अग्लो, होंचो, सम्म ठाउं आफ्नो घर भएको ठाउं | हिमाल, पहाड, तराई | आफू बसेको ठाउँको परिचय, हावापानीको विशेषता, खेतीपाती तथा व्यवसाय | बुटवलको धरातल सिमाना क्षेत्रफल, नक्साको ज्ञान, बजार ग्रामीण कृषि क्षेत्र | धरातल हावापानी वनस्पतीको परिचय, कृषि उत्पादन र महत्व, सफा बुटवल सफा सहर | तिनाउ नदीको महत्व र सभ्यता, उज्यालो तथा सफा बुटवल, बढ्दो शहरीकरण : अवसर र चुनौती | बुटवल नामाकरण नगर गान, बुटवलको ऐतिहासिक पक्ष, वडा समितिको गठन काम र वडाबाट उपलब्ध सेवाहरु बुटवलको शिक्षा क्षेत्र, नगरको वडागत विवरण | बुटवल उपमहानगरपालिकाको स्थापना सहित परिचय, सेवा तथा विकासका कार्य, नागरिक बडापत्र, बुटवल नगर बुटवल नगरको जानसाख्यिक अवस्था, जातिगत विवरण |
| हाम्रो धर्म संस्कृति र परम्परा | परिवारका सदस्य मान्यजन तथा साथीभाइसंग गर्न पर्ने व्यवहार, | अतिथि व्यवहार, गर्न हुने र नहुने व्यवहार, खुसी हुने र दुखि हुने अबस्था, | हाम्रा परम्परागत बाजा, जन्म दिन , हाम्रा असल व्यवहार र आचरण | हाम्रो धर्म संस्कृति बाट हामीले प्राप्तगर्ने राम्रा कुराहरु,परम्परागत नाचगान,विद्यालय वार्षिक दिवस | हाम्रो धर्म, सुर र असुर परम्परागत बाजाहरु, असल संस्कार नै धर्मको मर्म, नगर गान | स्वस्ती वाचन, हाम्रो धर्मको मर्म संस्कार,कामको सम्मान, धार्मिक सहिष्णुता, नगर गान र नगर दिवस | बुटवलमा रहेका प्रमुख धर्म, धार्मिक र सांस्कृतिक राष्ट्रिय र महत्व एवं संरक्षण, हाम्रो प्रमुख संस्कृति तथा सम्पदा एवं संरक्षण, संस्कृतिको जगेर्ना र सुख दुख र संस्कारको महत्व, | बुटवलको परम्परागत संस्कृति, धर्मको गन्तब्य लक्ष, बुटवलको ऐतिहासिक घटनाक्रम, लोपोन्मुख परम्परागत मौलिक बाजागाजा र यसको संरक्षण, कामको सम्मान |
| हाम्रो पर्यटन | घर र विद्यालय वरपरको स्थल | प्राकृतिक स्थलहरु हाम्रा नदी र तालहरु | हाम्रा उद्यान र पार्कहरु | बुटवल वरपरका पर्यटकीय स्थलहरु | बुटवलसँग जोडिने पर्यटन गन्तव्यहरुः लुम्बिनी, स्वर्गद्धारी, मुक्तिनाथ | पर्यटनको परिभाषा, पर्यटन महत्व | पर्यटन र हाम्रो संस्कृतिको सम्बन्ध, रामापिथेकस बिचरणस्थल बुटवल | बुटवलको विकासमा पर्यटन व्यवसायको योगदान र विकास, नेपाल अंग्रेज युद्ध र जितगढी किल्ला |

| विषय क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|
| हाम्रो सिप,<br>पेसा,<br>व्यवसाय | परिवारका सदस्यको<br>परम्परागत सिप<br>परिवारका सदस्यको<br>पेसा तथा व्यवसाय,<br>घरमा बन्ने परिकार | समुदायमा<br>रहेका व्यवसाय<br>स्थल, पसल,<br>ग्यारेज, उद्योग<br>हाटबजार | परम्परा घरेलु<br>प्रविधि ओखल,<br>कोल, घट्ट,<br>तान) परिचय<br>परम्परागत घरेलु<br>औजारहरु | परम्परागत<br>प्रविधि आरन<br>ढाका कपडा<br>उद्योग परिचय | परम्परागत<br>सिप (दुना,<br>टपरी खुट्ने,<br>बत्ती कात्ने)<br>बुटवल र<br>मोतीपुर<br>औद्योगिक क्षेत्र | अंग्रेजी टाइपिङ्ग<br>अर्न्तवैयक्तिक<br>जीवनोपयोगी सिप<br>परम्परागत सिपः<br>बटुक बनाउने सिप | नेपाली टाइपिङ्ग<br>आत्मबोध<br>जीवनोपयोगी सिप<br>मैनाबगर अटोभिलेज<br>कृषि उपज थोक<br>बजार | मोबाइल बैंकिङ्ग<br>कम्प्यूटर र साइबर सुरक्षा<br>तथा आचार संहिता<br>सोचाइ जीवनोपयोगी<br>सिप |
| सडक<br>सुरक्षा र विपद्<br>व्यवस्थापन | घरमा हुन सक्ने<br>दुर्घटना र अपनाउनु<br>पर्ने सामान्य<br>सुरक्षाका उपाय<br>बाटोमा हिड्दा<br>हुन सक्ने दुर्घटना<br>विद्यालयमा हुन<br>सक्ने दुर्घटना र<br>सुरक्षाका उपायहरु | सडक पेटीमा<br>हुन सक्ने दुर्घटना<br>र अपनाउनु<br>पर्ने सामान्य<br>सुरक्षाका उपाय<br>सडक पार गर्दा<br>हुने सक्ने दुर्घटना र<br>सुरक्षाका उपाय<br>गाडी<br>चढ्दा, गाडीभित्र र<br>गाडीबाट ओर्लदा<br>ध्यान दिनुपर्ने<br>कुराहरु | प्राकृतिक<br>विपद्हरु र<br>विपद्को<br>बेला अपनाउनु<br>पर्ने सामान्य<br>सुरक्षाका उपाय<br>सडक यात्रीको<br>लागि बनाइएका<br>ट्राफिक संकेत<br>र अर्थ | मानवसिर्जित<br>विपद्हरु र<br>विपद्को<br>बेला अपनाउनु<br>पर्ने सामान्य<br>सुरक्षाका उपाय<br>यातायातको<br>साधनको लागि<br>बनाइएका<br>ट्राफिक संकेत,<br>बत्ती र अर्थ | विपद् जोखिम<br>न्यूनिकरणका<br>उपायहरु<br>सडक<br>दुर्घटनाका<br>कारण र बच्ने<br>उपायहरु<br>ट्राफिक<br>नियमहरु | विपद्पछिको<br>पुर्नलालाभका<br>प्रयासहरु<br>भवन निर्माण गर्दा<br>ध्यान दिनु पर्ने<br>कुराहरु | बुटवलका मुख्य<br>सडकहरु<br>यातायात विमाहरु | सवारी चालक<br>अनुमतिपत्र र<br>अनुमतिपत्र प्राप्त<br>गर्ने प्रक्रिया यातायात<br>संबन्धि कार्यालयहरु र<br>प्राप्त सेवाहरु |

| विषय क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|
| स्वास्थ्य र खेलकूद | व्यक्तिगत सरसफाई रैथाने खेलहरु | पारिवारिक सरसफाई र रैथाने खेलहरु | स्वास्थ्य सम्बन्धी राम्रा र नराम्रा व्यवहारहरु | प्राथमिक उपचार, फोहोरमैलाका प्रकार र व्यस्थापन | कुलत र दुर्व्यसन | बुटवलका स्वास्थ्य संस्थाहरु र उपलब्ध सेवाहरु, प्राथमिक उपचार परम्परागत र विद्यालय स्तरीय खेल | बुटवलका प्रमुख स्वास्थ्य संस्थाहरु र उपलब्ध स्वास्थ्य सेवाहरु, खेलकूद बुटवलका रंगशाला, खेलकूद मैदान, कवर्ड हल | स्वास्थ्य बिमाहरु बुटवलका खेलकूद कार्यक्रमहरु |
| योग र प्राकृतिक चिकित्सा | सरल सूक्ष्म व्यायाम बस्ने आसन नमस्ते प्रणायम घरमा पाईने जडीबुटी पहिचान गर्न | सरल सूक्ष्म व्यायाम सरल आसन सरल प्रणायम घर टोलमा पाईने जडीबुटी पहिचान गर्न | सरल सूक्ष्म व्यायाम सरल आसन सरल प्रणायम घरमा पाईने जडीबुटी प्रयोग गर्न | यम, नियम सूक्ष्म व्यायाम मध्ययम आसन प्रणायम ध्यान प्राकृतिक चिकित्सा पद्दतिको परिभाषा जडीबुटी प्रयोग | योगका प्रकार सूक्ष्म व्यायाम आसन प्रणायम ध्यान प्राकृतिक चिकित्सा पद्दतिको प्रयोग | योगका फाइदा सूक्ष्म व्यायाम आसन प्रणायम ध्यान आहार विहार उपबास प्रयोग | षटकर्म क्रिया मुद्रा जटिल आशनहरु ध्यान भोजन, विरुद्ध आहार माटो र जल उपचार | कुण्डलिनी जागरण -(चक्र विज्ञान) परिचय जटिल आशनहरु ध्यान प्राकृतिक दोष एक्युप्रेसर |
| हाम्रा संघ, संस्थाहरु | घरपरिवार | समुदाय | सामाजिक संघ संस्था र भूमिका - आमा समूह, वालक्लब, मानव सेवा आश्रम | टोल विकास संस्था : भूमिका, गठन र कार्यक्षेत्र | स्थानीय सामुदायिक संस्था : भजन मण्डली, गुठी, वाल क्लब तथा बालबालिका सम्बन्धी संस्थाहरु | बुटवल उपमहानगरपालिकाका शैक्षिक संस्था पहुँच, सेवा नगर शिक्षा शाखा | बुटवलका शैक्षिक संस्थाहरु क्याम्पस तथा विद्यालयहरु, पुस्तकालय तथा CLC | KNIP, BTI, BICC, दुवानी ग्राम, कृषि उपज बजार केन्द्र, रोजगार सेवा केन्द्र |

# ६. विषयवस्तुको विस्तृतिकरण

## विषयवस्तुको विस्तृतिकरण
## कक्षा १

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयवस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो बुटवल | ठाउँ हेरेर अग्लो होचो र समतल भूमि छुट्याउन । | अग्लो ठाउँको पहिचान, होंचो ठाउँको पहिचान, समतल भूमिको पहिचान तथा जानकारी आफ्नो घर भएको ठाँउ | शिक्षकले बालबालिकाहरुलाई नजिकको अग्लो ठाँउमा लैजाने र अग्लो ठाँउमा आएको कुरा बताउनुहोस् । अग्लो ठाँउमा आउँदा कस्तो लाग्यो प्रश्नोत्तर विधिको आधारमा छलफल गरी बालबालिकाहरुलाई स्पष्ट पारिदिने । तिनै बालबालिकाहरुलाई समतल भूमिमा लैजाने र कस्तो लाग्यो भन्न लगाउने । छलफलमा सबै बालबालिकाहरुलाई सरिक गराउन प्रयास गर्ने, भन्न उत्प्रेरित गर्ने हौसला दिने, समतल भूमिको जानकारी गराउने । एवम् रीतले होंचो ठाँउमा बालबालिकाहरुलाई लैजाने । होंचो ठाँउमा आउँदा कस्तो लाग्यो ? बालबालिकाहरुसंग छलफल कुराकानीका साथ स्पष्ट गरिदिने । आफनो घर भएको ठाँउ अग्लो होचो र समतलभूमि मध्ये कुन हो, छुट्याउन लगाउने । | अग्लो ठाँउलाई के भनिन्छ ?<br>समतल भूमिलाई के भनिन्छ ?<br>होचो ठाँउ भनेको कस्तो ठाँउ हो ?<br>तिम्रो घर अग्लो होचोमध्ये कस्तो ठाँउमा छ ? | १६ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयवस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो धर्म संस्कृति र परम्परा | परिवारका सदस्यहरुसँग गर्नुपर्ने सम्मान र व्यवहारहरु आत्मसात गर्न | • परिवारका मान्यजनहरु प्रतिको अभिवादन<br>• मान्यजनहरुप्रतिको सम्मानजनक शब्दको प्रयोग<br>• मान्यजनहरुप्रति व्यक्त गरिने सम्मानजनक शब्दहरु सूचि<br>• चित्र, कथा, गीतमार्फत व्यवहार सिकाउने, आज्ञापालन गर्ने बालक/बालिकाको सरल कथा | मान्यजनहरुलाई ढोग नमस्कार गरिएको चित्र प्रदर्शन गरी सोही बमोजिम भूमिका निर्वाह गर्न लगाउने ।<br>मान्यजनहरुप्रति व्यक्त गरिने सम्मानजनक शब्दहरुको सूचि प्रस्तुत गर्ने र साइनो अनुसार भूमिका निर्वाह विधिबाट प्रयोग गर्न सिकाउने ।<br>सभ्य शब्द प्रयोग अभ्यास<br>उपयुक्त व्यवहारको कथा सुनाउने<br>आज्ञापालन गर्ने बच्चाको सरल कथा।<br>सानालाई सहयोग गर्ने कथाहरू। | चित्र हेरेर कसले कसलाई कसरी अभिवादन गरेको छ ?<br>परिवारका सदस्यहरुलाई साइनो अनुसार कुन कुन सम्मानजनक शब्द प्रयोग गर्ने । | १० घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयवस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो धर्म संस्कृति र परम्परा | घरपरिवारका मान्यजनहरुको आज्ञापालना र आफूभन्दा सानाप्रति गरिने व्यवहारहरुको विकास गर्न | • घरपरिवारका मान्यजनको सम्मान र आज्ञापालनः घरमा बाबुआमा, हजुरबुबा-हजुरआमा, दिदी-दाजु को भूमिका बुझाउने । मान्यजनहरूले दिएका सरल निर्देशन (जस्तै–किताब राख, हात धाऊ, ढोका बन्द गर) पालन गर्ने अभ्यास घरमा नमस्ते गर्ने, आदरपूर्वक बोल्ने तरिका घरका नियमहरू (समयमै उठ्ने, समयमै खाने, खेलपछि सरसफाइ) पालन गर्ने महत्व ।<br>• आफूभन्दा सानाप्रति स्नेहपूर्ण व्यवहारः साना भाइबहिनी वा साथीहरूसँग नरम शब्दमा बोल्ने । खेल्दा धकेलधकेल नगर्ने, पालैपालो खेल्ने र बाँडेर खाने/खेल्ने सानालाई सहयोग गर्ने (जस्तै–कापी ल्याइदिन, खेलौनाहरू मिलाइदिन) । सानाले गल्ती गरेमा चिच्याएर होइन, शान्त तरिकाले सिकाउने ।<br>• सभ्य सामाजिक व्यवहारः “कृपया”, “धन्यवाद”, “माफ गर्नुहोस्” जस्ता सभ्य शब्दको प्रयोग, बोल्दा पालो पर्खिनु,अरूका कुरा ध्यान दिनु झगडा नगर्ने र मिलेमतो गर्ने बानी ।<br>• मिलेर काम गर्ने र सहयोगी बन्ने,घरमा सरल काममा सहयोग गर्ने (झोलाबाट किताब निकालिदिन, खेलौना मिलाएर राख्ने)कक्षाकोठामा पनि मिलेर बस्ने, सहयोग गर्ने अभ्यास,टोलीमा सँगै काम गर्दा खुशीसँग गर्न सिकाउने<br>• चित्र, कथा, गीतमार्फत व्यवहार सिकाउने, आज्ञापालन गर्ने बालक/बालिकाको सरल कथा | १. भूमिका खेल (Role Play): विद्यार्थीलाई आमा-बुबा, दिदी-दाजु, साना भाइबहिनी बनेर अभिनय गर्न लगाउने ।जस्तै–आमाले “बाबु, कापी ल्याइदे” भन्यो भने बच्चाले पालना गर्ने ।“साना भाइलाई खेलौनाको पालो दिनु” अभिनय गराउने ।<br>२. चित्र पहिचान र छलफल :“शिक्षकको कुरा सुन्ने”, “पालो पर्खने”, “साना साथीलाई उठाइदिने” जस्ता चित्र देखाउने ।<br>कुन व्यवहार राम्रो/गलत भनेर विद्यार्थीले बताउनुहोस् । किन राम्रो हो भन्ने बारे छोटो छलफल ।<br>३. सभ्य शब्द प्रयोग अभ्यास “कृपया“, “धन्यवाद“, “माफ गर्नुहोस“, “लिनुहोस“, “हुनसक्छ ?“ जस्ता शब्दहरू उच्चारण र प्रयोग गर्ने अभ्यास । दुई-दुई जोडीमा विद्यार्थीलाई बोलचाल अभ्यास गराउने ।<br>४. उपयुक्त व्यवहारको कथा सुनाउने आज्ञापालन गर्ने बच्चाको सरल कथा सानालाई सहयोग गर्ने कथाहरू ।<br>५. समूहगत गतिविधिः ‘सहयोग गरेर काम पुरा गरौं’ कक्षाकोठाको सामग्री मिलाउने, कापी बाँड्ने, लाइन लगाउने जस्ता साना काम समूहमा गराउने । सहयोग गर्दा कस्तो महसुस भयो? छलफल गर्ने ।<br>६. गीत, ताल र कविता (Action Song)<br>“आमा-बुबाको कुरा सुन्ने“ वा “साना साथीलाई माया गर्ने, हात-खुट्टा चलाएर क्रियात्मक सिकाइ गराउने । | चित्र वा भिडियोमा घरका ठूलाबडाले भनेको नमान्दा के के घट्ना भयो ?<br><br>घरमा आफू भन्दा सानालाई कुन काममा सहयोग गर्नु पर्छ ? | १० घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि / सक्षमता | विषयवस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो पर्यटन | कक्षाभित्र र बाहिरका सफा ठाउँ र मैला ठाँउ छुट्याउन। | सफा र मैलाको अवधारणा, सफा ठाउँ र फोहर ठाउँ, सफा कक्षा र फोहर कक्षा, कक्षा बाहिरको सफा र फोहर ठाउँ। | सफा बालबालिका र मैला बालबालिकाको तस्बिर प्रस्तुत गर्ने । कुन राम्रो लाग्छ ? प्रश्न गर्ने । कक्षा सफा रहे नरहेको प्रश्न गर्ने । कक्षा बाहिर अवलोकन गर्न लगि उनीहरुलाई नै सफा र फोहोर छुट्याउन लगाउने। | कुन चित्र सफा छ ? कुन चित्र मैला छ ? कक्षा बाहिर कुन ठाउँ सफा छ ? कक्षा बाहिर कुन ठाउँ फोहोर छ ? | ८ घण्टा |
| | घर र विद्यालय वरपरका प्राकृतिक स्थान बताउन। | हाम्रा वरपरका खोला, नदी, पोखरी को नाम र अवस्थिति। | खोला, नदी, पोखरीको तस्बिर प्रदर्शन गर्ने र यी ठाँउमा जाँदा हुने रमाइलो र गरिने काम बताउन लगाउने। हाम्रा वरपरका खोला, नदी, पोखरीका नाम र स्थान बताउन लगाउने। हाम्रा वरपरका खोला, नदी, पोखरीको भ्रमण गराउने। | चित्रमा मानिसहरुले खोला र नदीमा के काम गरिरहेको छन ? तिमी खोला, नदी, पोखरीमा जाँदा गरेको अनुभव बताउनुहोस्। | ५ घण्टा |
| | घर र विद्यालय वरपरका पुरातात्विक महत्वका स्थान बताउन। | हाम्रा वरपरका मन्दिर, फल्चा, धारा, मस्जिद नाम, प्रयोग र संरक्षण। | हाम्रा वरपरका मन्दिर, फल्चा, धारा, मस्जिदमा पर्यटक भएको तस्बिर प्रदर्शन गर्ने र तस्बिरमा मानिसले गरिरहेका कामको छलफल गराउने। आफूले ती ठाँउमा पुगेको भए देखेको कुरा बताउन लगाउने। विद्यालय वरपरका मन्दिर, फल्चा, धारा, मस्जिदको भ्रमण गराउने। | चित्रमा मानिसले मन्दिर, फल्चा, धारा, मस्जिदमा को को पुगे र उनीहरुले गरिरहेका काम सोध्ने। भ्रमणपछि आफ्नो अनुभव बताउन लगाउने। | ६ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि / सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भाबित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो सिप, पेसा, व्यवसाय | घरका सदस्यको पेसा तथा व्यवसायको नाम र स्थल बताउन। | घरका सदस्यको पेसा तथा व्यवसायको नाम र कामको प्रकृति, कार्य स्थल | विभिन्न पेसा र व्यवसाय सम्बद्ध भिडियो तथा पोस्टर प्रदर्शन, घरका सदस्यले गर्ने पेसा तथा व्यवसायको नाम बताउन लगाउने त्यस बाहेक अन्य पेसा, व्यवसाय तथा रोजगारीको सूचि बनाउने। | चित्रमा कसले के काम गरको छ ? तिम्रो घरका बुवा आमा दाइ दिदी लगायतले कुन ठाँउमा के पेसा वा व्यवसाय गर्नु हुन्छ ? | ८ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयवस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | घरका सदस्यको पेसा तथा व्यवसायबाट प्राप्त सेवा तथा बस्तु बताउन। | घरका सदस्यको पेसा तथा व्यसायबाट प्राप्त सेवा तथा बस्तु, संभाव्य स्थानीय पेसा, व्यवसाय | पेसा व्यवसाय र त्यसबाट प्राप्त गरिने बस्तु वा सेवाको अलग अलग सूचि बनाइ मिल्दो जोडा मिलाउन लगाउने। परिवारका सदस्यको पेसा व्यवसाय र त्यसबाट प्राप्त गरिने बस्तु वा सेवाको नाम लेख्न लगाउने। | तिम्रो घरका बुवा आमा दाइ दिदी लगायतले गर्ने पेसा वा व्यवसायमा के को काम हुन्छ ? | ६ घण्टा |
| | मिठो चोखो खाने उत्सवको नाम बताउन। | मिठो र नमिठो खाने कुरा, पर्व विशेषमा तयार गरिने परिकारहरु जन्मोत्सवमा तयार गरिने खाद्यपदार्थ | शिक्षकले मिठा र नमिठा खाद्यवस्तुका तस्बिर प्रस्तुत गर्ने। कुन कुन मिठो हुन्छ छुट्याउन लगाउने। जन्मोत्सबको दिन कस्तो खाना खाने गरिन्छ ? बताउनुहोसने । अरु कुन कुन दिनमा खानामा मीठा परिकारहरु बनाएर खाने कोशिस गर्दछौ भन्न लगाउने। | तीन वटा मीठा खाने कुराको नाम भन जन्मोत्सवमा के के खाने गरेका छौ ? अरु कुनकुन दिनमा राम्रो मिठो खान पाइन्छ ? | ६ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भाबित मूल्याङ्कन पक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| सडक सुरक्षा र विपद् व्यवस्थापन | घरमा हुन सक्ने दुर्घटनाप्रति सचेत रहन र सामान्य सुरक्षाका उपाय अपनाउन। | घरमा हुन सक्ने दुर्घटनाका कारण तत्कालीन र दीर्घकालिन असरहरु र सामान्य सावधानी तथा सुरक्षाका उपायहरु | घरमा आगोले पोलेको, सिढिबाट लडेको र हँसिया वा चक्कुले काटेको चित्र वा भिडियो प्रदर्शन गर्ने र दुर्घटनाका कारणहरु भन्न लगाउने। चित्र वा भिडियोमार्फत नै घरमा दुर्घटनाबाट बच्ने उपाय बताइदिने। विद्यार्थीलाई आफू कुनै दुर्घटनामा परेको अनुभव सुनाउन लगाउने। | चित्र हेरी घरमा के के कारणबाट दुर्घटना हुन सक्छ ? बताउनुहोस्। दुर्घटनाबाट बच्न के के काम गर्ने र के के काम नगर्ने ? | १० घण्टा |
| | विद्यालयमा हुन सक्ने दुर्घटना र सुरक्षाका उपायहरु बताउन। | विद्यालयमा हुन सक्ने दुर्घटनाका कारण र सामान्य सुरक्षाका उपायहरु | विद्यालयमा खेल्दा वा दौडदा भएको दुर्घटनाको चित्र वा भिडियो प्रदर्शन गर्ने र दुर्घटनाका कारणहरु भन्न लगाउने। जस्तैः बेन्च लड्दा, दौडदा, खेल खेल्दा चित्र वा भिडियो मार्फत नै बाटोमा दुर्घटनाबाट बच्ने उपाय बताइदिने। विद्यार्थीलाई आफू कुनै दुर्घटनामा परेको अनुभव सुनाउन लगाउने। | चित्र हेरी विद्यालयमा के के कारणबाट दुर्घटना हुन सक्छ ? बताउनुहोस्। विद्यालयमा दुर्घटनाबाट बच्न के के काम गर्ने र के के काम नगर्ने ? | १० घण्टा |

| क्षेत्र | सिकाइका सक्षमता | विषयवस्तु विस्तृतिकरण | सम्भावित शिक्षण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| स्वास्थ्य र खेलकूद | बालबालिकाले आफ्नो शरीर, लुगा र वरपरको सरसफाइ गर्न । | • हात मुख सफा राख्ने<br>• दाँत माझ्ने तरिका<br>• नङ् काट्ने समय र तरिका<br>• नुहाउने, नाक सफा गर्न<br>• सरसफाइका सामाग्रीको चिनारी | शिक्षकले विद्यार्थीलाई विहान उठेपछि के के क्रियाकलाप गर्छौ भनी सोध्ने । विद्यार्थीको जवाफ टिपोट गरी वानी व्यवहार जानकारी लिने र मुख धुने,हात धुने अभ्यास (खेल माध्यमबाट) गराउने । ब्रस गर्ने तरिका प्रदर्शन गर्ने र नङक्लिपको प्रयोग देखाउने सरसफाई सामाग्रीहरु देखाएर वा चित्र र रङ देखाएर चिनारी गराउने । कथा र गीतद्वारा सरसफाइबारे जानकारी दिई व्यवहारमा प्रयोग गराउने । | व्यवहार अवलोकन चित्र चिनाउने र नाम लेखाउने । सरसफाइबारे प्रश्न सोध्ने । | १६ घण्टा |
| | विद्यार्थीहरुले स्थानीय रुपमा खेलिने खेल चिन्न र रमाइलो गर्न सक्ने । | रुमाल लुकाउने<br>भाका लुकाउने<br>गोटी खेल<br>डोरी खेल<br>लुकामारी | शिक्षकले विद्यार्थीलाई मैदानमा खेल अभ्यास तयारी गराउने । गुरु विद्यार्थी मिलेर खेल खेल्ने । खेलको नियमहरु चित्रमा देखाउने । खेलकूद गीत चित्र, भिडियो तयार गर्ने । | खेलमा सहभागिता मूल्याङ्कन खेलबारे अनुभव वताउन लगाउने । | ९ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयवस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| योग र प्राकृतिक चिकित्सा | बच्चाहरुमा शरीरको सन्तुलन लचिलोपन र एकाग्रता क्षमता विकास गर्न । | **सूक्ष्म व्यायाम**<br>• हात घुमाउने<br>• खुटटा घमाउने<br>• मुठि बन्द गर्ने खोल्ने<br>• आखाको गोलाइ घुमाउने<br>• घाँटी तल माथि हल्लाउने<br>**सरल आसन**<br>• सवासन<br>• ताडासन<br>• बालक जस्तो (बालक जस्तो)<br>• सुखासन (सिधा टाउको बनाएर वस्ने)<br>• माकडासन (बाँदर जस्तो वस्ने)<br>• बज्रासन<br>**सरल प्राणायाम**<br>• गहिरो सास लिने<br>• फुफु प्राणायाम (नाकबाट सास फाल्ने)<br>• सिगान सुकाउने अभ्यास<br>• ध्यान : मौन बस्ने आखाँ बन्द गरेर २ मिनेट शान्त वस्ने | शिक्षकले बालबालिकाको अवस्था अनुसार गित, धुन वा गन्तीका आधारमा शरीरका हात, खुट्टा, आखाँ, घाँटी लगायत शरीरका भागहरु शिक्षकको अनुकरणमा अभ्यास गराउने ।<br>चित्र र भिडियो प्रयोग<br>खेलकूद शैलीमा योग अभ्यास गराउने र साधारण सुत्ने शवासन, ताडासन, बालासन, सुखासन, माकडासन, बज्रासन को अभ्यास गराउने ।<br>मन्त्र सहित शान्त वस्न लामो श्वास लिने र फ्याक्ने अभ्यास गराउने र ध्यानमा बसेको अभिनय देखाउने । | अनुकरण परीक्षण<br>ध्यानको समय अवलोकन<br>सहभागिताको दैनिक अभिलेख | १३ घण्टा |
| | बालबालिकाले वरपर पाइने सामान्य औषधीय बिरुवा चिन्न र त्यसको सामान्य उपयोग गर्न । | **घरमा पाइने ८ विरुवाको चिनारी**<br>१. तुलसी (घाँटीको लागि)<br>२. अदुवा (घाँटी दुख्दा)<br>३. बेसार (चोटमा)<br>४. पुदिना (पेट दुख्दा)<br>५. लसुन नुनसँग)<br>६. अम्बापात (दाँत दुख्दा)<br>७. गुर्जो /गिलोय<br>८. गाजर /धनिया<br>उपयोगको सामान्य अवस्था | शिक्षकले विद्यालय वरपर र घरमा पाइने विरुवा सङ्कलन गरी देखाउने वा चित्रको प्रयोग गर्ने, विरुवाको स्पर्श गन्ध थाहा पाउन र विरुवा चिन्न लगाउने तुलसी (घाँटीको लागि), अदुवा (घाँटी दुख्दा) बेसार (चोटमा), पुदिना (पेट दुख्दा), लसुन (नुनसँग), अम्बापात (दाँत दुख्दा), गुर्जो/गिलोय, गाजर/धनिया औषधिको रुपमा प्रयोग गरिन्छ भनी सामान्य जानकारी गराउने । | | १२ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयवस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रा सङ्घ संस्था | बालबालिकाले आफना घरभित्रका पारिवारिक सदस्य र नाता पहिचान गर्न, नाम बताउन र घरमा पाइने साना सामानहरुको बारेमा जानकारी राख्न। | पारिवारिक नाता चिनारी : आमा बुवा दिदी दाजु भाइ वहिनी हजुरआमा, हजुरबुवा, काका, काकी, मामा, माइजु आदि।<br>परिवारभित्र हुने साना संघसस्था :<br>परिवारको बैठक<br>खानपान मिलाउने टोली<br>सरसफाइ गर्ने जिम्मेवार समूह<br>पढाइ मिलाउने समूह<br>बुवाआमा मिलेर लिने निर्णय<br>सहकार्यका गतिविधिहरु | शिक्षकले विद्यालयमा उपलव्ध पारिवारिक सदस्यहरुको चित्र वा फोटो देखाउने र वच्चाहरुलाइ आफ्नो परिवारका नाता नाम भन्न लगाउने।<br>हाम्रो घर नामक चित्र बनाउन लगाउने।<br>पारिवारिक सहयोग सम्बन्धी कथा भन्न लगाउने।<br>नाटक वा अभिनय गरेर समूह परिचय गराउने । | नाता चिनाउन लगाउने परीक्षण<br>चित्रको सहायताले नाता खुट्याउने खेल<br>समूहमा भूमिका खेलाउने परीक्षण<br>को के हो प्रश्नोत्तर खेल | १५ घण्टा |

# विषयवस्तुको विस्तृतिकरण
## कक्षा २

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयवस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो बुटवल | नक्सा हेरेर हिमाल पहाड र तराई क्षेत्र छुट्याउन। | हिमालको परिचय<br>पहाडको परिचय<br>तराईको परिचय<br>हिमाल, पहाड र तराइको सामान्य हावापानी र भौगोलिक बिशेषता | नेपालको प्राकृतिक नक्सा प्रदर्शन गरी हिमरेखाभन्दा माथिको हिवै हिउँले ढाकेको भागलाई हिमाल भनिन्छ भनी जानकारी दिने। वालवालिकाहरुलाई प्राकृतिक नक्साकै आधारमा पहाड कहाँ छ छलफल गर्ने। कस्तो ठाँउलाई पहाड भनिन्छ प्रश्नोत्तर विधिबाट स्पष्ट पार्ने। हामी अहिले बसीरहेको ठाँउ कस्तो ठाँउ हो ? समतल भूभाग हामी बसेकै ठाँउ तराई हो भनी बताउदै प्राकृतिक नक्सामा संकेत गर्ने। | हिउँले ढाकेको ठाँउलाई के भनिन्छ ?<br>नक्सामा हिमाल पहाड र तराई कहाँ छ ?<br>देखाउनुहोस्। | १२ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयवस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो धर्म संस्कृति र परम्परा | घरमा आउने अतिथि र नातेदारसँगको असल व्यवहार प्रदर्शन गर्न। | अतिथि व्यवहार र सत्कार सम्मानजनक शब्दको प्रयोग साइनो अनुसारका सम्मान तथा सत्कारका शब्द र विधिहरु | पाहुना तथा नातेदारहरुलाई ढोग नमस्कार गरिएको चित्र प्रदर्शन गरी सोही बमोजिम भूमिका निर्वाह गर्न लगाउने।<br>पाहुना तथा नातेदारप्रति व्यक्त गरिने सम्मानजनक शब्दहरु सूचि प्रस्तुत गर्ने र साइनो अनुसार भूमिका निर्वाह विधिबाट प्रयोग गर्न सिकाउने। | चित्र हेरेर कसले कसलाई कसरी अविभादन गरेको छ ? बताउनुहोस्। नातेदार तथा इष्टमित्रहरुलाई साइनो अनुसार कुन कुन सम्मानजनक शब्द प्रयोग गर्ने। | ८ घण्टा |
| | गर्न हुने र नहुने व्यवहार वर्णन गर्न। | गर्न हुने र नहुने व्यवहार असल तथा खराब व्यवहारका सूचिहरु | कस्ता कुरा गर्न हुन्छ र कस्ता कुरा गर्न हुन्न ? भन्ने कुराको छलफल गर्न ४ ४ जनाको समूह निर्माण गरी छलफल गर्न लगाउने। प्रत्येक समूहबाट १, १ जनालाई समूहका कुरा प्रस्तुत गर्न लगाउने। कार्डबोर्डमा गर्न हुने र गर्न नहुने कुरा Does and Don'ts हरु लेखेर प्रस्तुत गर्ने। यस्ता कुराहरुले नैतिक शिक्षा आचरणलाई प्रबर्द्धन गर्ने कुरा बताउने। | ४ वटा गर्न हुने कार्यहरु के के हुन् ?<br>४ वटा गर्न नहुने कार्यहरु के के हुन् ? | ८ घण्टा |
| | खुसी हुने र दुखि हुने अबस्था छुट्याउन। | खुसी हुने र दुखि हुने अबस्थामा अनुभवहरु,<br>खुसी हुने र दुखि हुने अबस्थाका चित्र तथा सूचिहरु | खुसी हुने र दुखि हुने अबस्थाको छलफल गर्न ४, ४ जनाको समूह निर्माण गरी छलफल गर्न लगाउने। प्रत्येक समूहबाट १, १ जनालाई समूहका कुरा प्रस्तुत गर्न लगाउने। कार्डबोर्डमा खुसी हुने र दुखि हुने अवस्थाहरु लेखेर प्रस्तुत गर्ने। यस्ता कुराहरुले नैतिक शिक्षा आचरणलाई प्रबर्धन गर्ने कुरा बताउने। | ४ वटा गर्न हुने कार्यहरु के के हुन् ?<br>४ वटा गर्न नहुने कार्यहरु के के हुन् ? | ६ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो पर्यटन | प्राकृतिक स्थलहरु : चुरे पहाड र तिनाउ तथा दानव नदीको अवस्थिति पत्ता लगाउन। | तिनाउ नदी, दानव नदी, सुखौरा खोला, सतगढी खोला, चुरे पहाडको भौगोलिक अवस्थिति र सामान्य विशेषताहरु तथा तीनको महत्व | बुटवलको फोटो देखाई माथि रहेको नुवाकोट, बसन्तपुर र हिलपार्क रहेको स्थान चुरे पहाड भनि व्याख्या गर्ने, मुख्य मुख्य विषेशता र हामीलाई भएको मुख्य फाइदा बताउनुहोस्। बुटवलको फोटो प्रदर्शन गरी तिनाउ नदी, दानव नदी, सुखौरा खोला र सतगढी खोला देखाउने। तिनाउ नदीको उद्गम र गन्तव्य देखाउने। तिनाउ नदी, दानव नदी, सुखौरा खोला, चुरे पहाडको अवलोकन गराउने। | बुटवलको फोटोमा तिनाउ नदी, दानव नदी, सुखौरा खोला, चुरे पहाड देखाउन लगाउने ।<br>नुवाकोट, बसन्तपुर र हिलपार्क रहेको पहाडको नाम के हो ?<br>बुटवल माथिको जंगल भएको पहाडको नाम के हो ? | १६ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो सिप, पेसा, व्यवसाय | समुदायमा रहेका, व्यापारिक तथा व्यवसायिक स्थलहरुको नाम बताउन। | समुदायमा रहेका व्यवसाय स्थल पसल, उद्योग, हाटबजार, समुदायमा रहेका, व्यापारिक तथा व्यवसायिक स्थलहरु, तिनको अवस्थिति, तिनबाट प्राप्त हुने सेवा सुविधाहरु र तिनका फोटाहरु | समुदायमा रहेका, व्यापारिक तथा व्यवसायिक स्थलहरुको फोटो प्रदर्शन गर्ने। आफ्नो समुदायमा रहेका पसल र पसलबाट किन्न सकिने बस्तुहरु भन्न लगाउने। उपलब्ध बस्तुको आधारमा पसलको वर्गीकरण गर्न लगाउने जस्तैः जुत्ता पसल, किताब पसल। आफ्नो समुदायमा रहेका उद्योग र उद्योगबाट उत्पादन हुने बस्तुहरु भन्न लगाउने। उत्पादित बस्तुको आधारमा उद्योगको वर्गीकरण गर्न लगाउने जस्तैः जुत्ता बनाउने उद्योग, चाउमिन बनाउने उद्योग, हँसिया बनाउने उद्योग, कपडा सिलाउने उद्योग। समुदायमा रहेका उद्योग, व्यापारिक स्थलको अवलोकन भ्रमण गराउने। | आफ्नो समुदायमा रहेका पसल र पसलबाट किन्न सकिने बस्तुहरुको सूचि बनाउनुहोस्।<br><br>आफ्नो समुदायमा रहेका उद्योगको सूचि बनाउने, उद्योगबाट उत्पादन हुने बस्तुहरु भन्न लगाउने। उत्पादित बस्तुको आधारमा उद्योगको वर्गीकरण गर्न लगाउने। | १२ घण्टा |
| | समुदायमा रहेका हाटबजार रहेका स्थान पत्ता लगाउन र हाटबजारमा पाइने वस्तुको सूचि बनाउन। | हाटबजारको विशेषता, हाटबजारबाट हुने सुविधा हाटबजार र खरिद विक्री हुने बस्तु | हाटबजारमा किनमेल गरिरहेको चित्र देखाउने।<br>आफ्नो समुदायमा रहेका हाटबजार रहेको ठाँउ भन्न लगाउने।<br>हाटबजारबाट उपलब्ध हुने वस्तुको सूचि बनाउने र बनाउन लगाउने।<br>हाटबजार जाँदाको आफ्नो अनुभव सुनाउन लगाउने।<br>समुदायमा रहेका हाटबजारको अवलोकन भ्रमण गराउने। | तिम्रो समुदायमा हाटबजार कहाँ छ ?<br>हाटबजार पुग्दा तिमिले के के सामान विक्री गर्न राखेको देख्यौं ?<br>तिमी हाटबजार पुग्दा कस्तो अनुभव गर्‍यौ ? | १० घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयवस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| सडक सुरक्षा र विपद् व्यवस्थापन | सडकपेटीमा हुन सक्ने दुर्घटनाप्रति सचेत रहन र सामान्य सुरक्षाका उपाय अपनाउन। | सडक पेटीको समुचित प्रयोग विधि, सडक पेटीमा हुन सक्ने दुर्घटना र अपनाउनु पर्ने सामान्य सुरक्षाका उपायहरु | चित्र वा भिडियोमार्फत सडक पेटीको दाँया र वाँया भाग छुट्याउन सिकाउने। वाँया पट्टीको सडक पेटी प्रयोग गर्न सिकाउने। हिड्दा ठेस लाग्न सक्ने, भिडले कुल्चन सक्ने जस्ता संभाव्य दुर्घटनाका कारणहरु चित्र वा भिडियो मार्फत जानकारी दिने।<br>दुर्घटनाबाट बच्ने उपाय बताइदिने।<br>विद्यार्थीलाई आफू कुनै दुर्घटनामा परेको अनुभव सुनाउन लगाउने। | चित्र हेरी सडकपेटीमा के के कारणबाट दुर्घटना भयो ? बताउनुहोस्।<br>सडकपेटीमा हुने दुर्घटनाबाट बच्न के के काम गर्ने र के के काम नगर्ने ? | ७ घण्टा |
| | सडक पार गर्दा हुन सक्ने दुर्घटना र सुरक्षाका उपाय अपनाउन | सडक पार गर्दा ध्यान दिनुपर्ने कुराहरु,जेब्रा क्रसिङ्ग र यसको महतव तथा प्रयोग, सडक पार गर्दा हुन सक्ने दुर्घटना र सुरक्षाका उपायहरु | सडक पार गर्दा भएको दुर्घटनाको समाचार सुनाउने। विद्यार्थीले भोगेको वा देखेको सडक दुर्घटनाको अनुभव भन्न लगाउने। विद्यार्थीलाई चित्रबाट जेब्रा क्रसिङ्ग र यसको प्रयोगबारे जानकारी दिने।<br>सडक पार गर्दा हुन सक्ने संभाव्य दुर्घटनाबारे जानकारी गराउने।<br>सडक पार गर्दा ध्यान दिनु पर्ने कुराहरु लेखेको चित्र सहितको चार्ट प्रस्तुत गर्ने।<br>जेब्रा क्रसिङ्गको प्रयोग र सडक पार गरेको फिल्ड भिजिट गराउने र देखाउने। | सडकको चित्रमा जेब्रा क्रसिङ्ग कहाँनेर छ, देखाउनुहोस्।<br>सडक पार कहाँबाट गर्नु पर्छ ?<br>चित्र हेरी पैदल यात्री सडक पार गर्दा किन दुर्घटनामा पर्‍यो ? बताउनुहोस्।<br>सडक पार गर्दा के के कुरामा ध्यान दिनु पर्छ ? | ७ घण्टा |
| | गाडी चढ्दा, गाडीभित्र र गाडीबाट ओर्लदा ध्यान दिनु पर्ने कुराहरुप्रति सचेत रहन। | गाडी चढ्दा, गाडीभित्र र गाडीबाट ओर्लदा हुन सक्ने दुर्घटनाहरु तथा ध्यान दिनु पर्ने कुराहरु | विद्यार्थीहरुलाई गाडी रोकिएपछि चढ्नको लागि लाइनमा बसेको पोस्टर प्रदर्शन गर्ने। लाइनमा बस्ने, गाडी रोकिएपछि चढ्ने, सीटमा बस्ने, झ्यालबाट टाउको बाहिर ननिकाल्ने, ढोकामा नझुन्डिने, ओर्लदा गाडी रोकिएपछि पालैपालो आर्लिने जस्ता कुराहरु छलफल गर्ने।<br>विद्यार्थीहरुलाई गाडी चढ्दा, गाडीभित्र र गाडीबाट ओर्लदाको प्रयोग गरेर देखाउने | गाडी चढ्दा, गाडीभित्र र गाडीबाट ओर्लदा ध्यान दिनु पर्ने २, २ वटा कुराहरु लेख्नुहोस्। | ८ घण्टा |

| क्षेत्र | सिकाइका सक्षमता | विषयवस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठभार (घण्टा) |
|---|---|---|---|---|---|
| स्वास्थ्य र खेलकूद | बालवालिकाले पारिवारिक सरसफाइमा ध्यान दिने, स्वस्थ्य रहने व्यवहार अपनाउन | **पारिवारिक सरसफाइ :**<br>कोठा सफा राख्ने<br>भाडा माझ्ने<br>लुगाफाटा सफा राख्ने<br>शौचालय सफा गर्ने<br>**स्वस्थ रहने तरिका :**<br>सफा पानी पिउने<br>पोषिलो खाना खाने<br>नियमित नुहाउने, समयमै सुत्ने र उठने<br>हात धुने तरिका | शिक्षकले घरलाई देखाएर चित्र बनाउन लगाउने।<br>सफा घर र कोठा देखायर सफाइको धारणा दिने।<br>सरसफाइको अभ्यास गराउने।<br>खानपान सुत्ने, उठने तालिका बनाउन लगाउने।<br>हात धुने नाटक गीत प्रयोग गर्ने।<br>सरसफाइ सम्बन्धी कथा सुन्ने र सफा बानी व्यवहार सिकाउने। | व्यवहार<br>परीक्षण-विद्यालयमा कसरी सरसफाइ गरिन्छ ?<br>चित्र परीक्षण<br>समूह प्रस्तुति<br>प्रश्नोत्तर मूल्याङ्कन | १६ घण्टा |
| | पारिवारिक र स्थानीय रुपमा खेलीने खेलमा सहभागी हुने , सहकार्य गर्न | परिवारमा खेल्न सकिने भौतिक खेलहरु<br>- डोरी तान्ने - लुकामारी<br>- क्यारामबोर्ड - लट्टा खेल<br>- गोटी खेल - बल घुच्चाउने पास गर्ने | परिवारमा कसरी खेलिन्छ भन्ने अनुभव लेख्ने ,<br>विद्यालयको खेल मैदानमा खेल अभ्यास<br>बालबालिकालाइ टोली बनाएर खेलाउने।<br>समूहमा परिचयात्मक खेल खेलाउने।<br>आफ्नो मन पर्ने खेल खेल्न बोलाउने। | सहभागिता अवलोकन<br>खेल सम्बन्धी चित्र देखाउने,<br>खेलको नाम सुनाउने र उक्त कसरी खेलिन्छ भन्ने बोल्ने अभ्यास<br>समूह प्रतिस्पर्धा | १० (घण्टा) |
| योग र प्राकृतिक चिकित्सा | बालबालिकाले सजिलो योग आसन, प्राणायाम र ध्यानको अभ्यास गर्न । | **सूक्ष्म व्यायाम :**<br>- गर्दन घुमाउने - खुट्टा तन्काउने<br>- पाखुरा हल्लाउने<br>**सरल आसनहरु :** (६)<br>- ताडासन, - बज्रासन<br>- सवासन, - मकरासन<br>- बालासन, - भुजुङ्गासन<br>**प्राणायाम** :(३)<br>- गहिरो श्वासप्रश्वास<br>- अनुलोम बिलोम - सिटकारी<br>ध्यान : आखाँ बन्द गरेर २ मिनेट ध्यान केन्द्रित गर्नु | शिक्षकले अभ्यास गराउने<br>टि.भि वा चित्र हेरेर अनुकरण गराउने<br>सगँसगै अभ्यास गराउने<br>सगै श्वास चलाउने अभ्यास<br>शान्त वस्ने अभ्यास | सहभागी क्रियाकलाप मूल्याङ्कन<br>आसन अनुकरण अवलोकन<br>सहि श्वास विधि देखाउन लगाउने<br>शिक्षकले दिएको सङ्केत अनुसार आसन प्रदर्शन | १६ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि / सक्षमता | विषयवस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | बालबालिकाले साधारण जडीबुटी चिन्न र प्रयोग गर्न | **औषधीय जडीबुटीहरु**<br>तुलसी (रुघाखोकी :पात )<br>बेसार (चाटमा :गाँठो)<br>अदुवा (घाँटी दुख्दा : गाठो )<br>निम ( छालारोग :पात)<br>घिउकुमारी (जलन , छाला सुकाउन : गुदी )<br>गुर्जो (रोग प्रतिरोधात्मक बोट )<br>प्रयोगको समय : विहान साँझ<br>तातोपानीसँग/सिधा प्रयोग वा पकाएर। | जडीबुटीको चित्र वा प्रत्यक्ष नमूना देखाउने कुन रोगमा के प्रयोग गर्ने भनेर कहानी सुनाउने।<br>जडिबटिको भाग छुट्याउने अभ्यास तुलसी (रुखाखोकी :पात)<br>बेसार (चाटमा :गाठो)<br>अदुवा (घाँटी दुख्दा : गाठो )<br>निम ( छालारोग :पात)<br>घिउकुमारी (जलन , छाला सुकाउन : गुदी )<br>गुर्जो (रोग प्रतिरोधात्मक : बोट )<br>प्रयोगको समय<br>विहान साझ तातोपानीसँग/सिधा प्रयोग वा पकाएर<br>घरबाट ल्याएर चिनाउने कार्यक्रम | | ८ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि / सक्षमता | विषयवस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रा सङ्घ संस्था | विद्यार्थीले आफन्तजन नातेदार र पारिवारिक संरचना बताउन र तिनको सहयोग सम्वन्ध मूल्याङ्कन गर्न। | घर परिवार वा नाता सम्वन्ध :बुवा, आमा, दाजु, बहिनी, हजुरआमा आदि।<br>आफन्तहरु : काका मामा फुपू माइजु आदि।<br>संघसंस्थाका रुपमा पारिवारिक संरचना : मामाघर, ससुराली, नातेदारको घर, संयुक्त परिवार आदि।<br>सहयोग र सम्वन्धको महत्वः दुखमा साथ परामर्श, रमाइलोमा भेट। | नातागोता सम्वन्ध बुझाउने चित्र बनाउने।<br>नाताको दृश्य राम्रो सम्बन्ध अभिनय ।<br>पारिवारिक मिलन विवाहका तिहार दशैँ आदिको अनुभव बाँड्ने।<br>कसरी म मामाघरमा रमाउछु भन्ने विषयमा सानो लेख। | विद्यार्थीले आफन्तहरुको नाम बोल्न सक्ने<br>घरको चित्र बनाइ सम्वन्ध देखाउने अभ्यास<br>नाताका बारेमा प्रश्नोत्तर<br>छोटो मौखिक विवरण प्रस्तुति | ८ घण्टा |

# विषयवस्तुको विस्तृतिकरण
## कक्षा ३

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयवस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भाति मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| बुटवल परिचय | १, आफू बसेको ठाउंको परिचय सहित प्राकृतिक स्वरुप र हावापानी बताउन।<br>२, नक्सामा बुटवल देखाउन।<br>३, आफ्नो समुदायमा गरिने खेतीपाती, व्यवसायको बारेमा बताउन। | उत्तर तर्फ चुरे पहाड, पूर्व, पश्चिम र दक्षिण तर्फ सम्म तराइ। यहां वर्षको धेरै समय गर्मी ,वर्षा कतै धेरै कतै कम। आफू बसेको ठाउंमा गरिने खेतीपाती, व्यवसाय। नक्सामा बुटवल पता लगाउने। | शिक्षकले विद्यार्थीलाइ आ-आफ्नो घर भएको ठाउंको जमिनको बारेमा सोधी प्रश्नोत्तर तथा छलफल बाट धारणा बनाई हिमाली, पहाडी र तराइ क्षेत्रको स्वरुप उल्लेख गर्दै बुटवलमा पाइने हावापानी र वनस्पतिको विशेषता बताइदिने। खेतीपाती तथा विभिन्न व्यवसाय बारे प्रश्नोत्तरबाट निष्कर्ष निकाल्ने। नक्साको अध्ययन गर्न सिकाउने। | तपाईको घर भएको ठाउं को जमिन कस्तो किसिमको छ ? यहां कस्तो किसिमको खेती गरिन्छ ?<br>तपाईको समुदायमा गरिने कनै दुइ मुख्य व्यवसाय को परिचय दिनुहोस्।<br>वर्षा बाट हुने फाइदा बताउनुहोस्।<br>बुटवलमा पाइने हावापानीको विशेषता लेख्नुहोस्। | १८ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विस्तृतिकरण | क्रियाकलाप | मूल्यांकन | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो धर्म संस्कृति र परम्परा | १, हाम्रो सामाजिक व्यवहार र आचरण तथा यसको महत्व उल्लेख गर्न। | घरमा मनाइने चाडपर्व। हाम्रा बाजागाजाहरु।पाहुनाहरुसंग गर्न पर्ने व्यवहार। खुसी हुने अवस्था। जन्मदिन मनाउने तरिका र महत्व। खुशी हुने अवस्था | शिक्षकले विद्यार्थीलाइ आ-आफ्नो घर मा मनाइने चाडपर्व बारे छलफल गर्ने। बाजागाजा बारे सोधपूछ गर्ने र प्रष्ट पारिदिने। पाहुना वा अन्य ब्यक्ति संग गर्न पर्ने बोलीचाली मान सम्मानका बारेमा छलफल गर्ने पृष्ठपोषण दिने। जन्म दिन बारे छलफल गर्ने। | आ-आफना घरमा मनाइने प्रमुख एक चाडको नाम लेखी मनाउने तरिका पनि लेख्नुहोस्। हामीले पाहुना तथा छरछिमेकी संग कस्तो व्यवहार गर्नु पर्छ ? तपांइले आफ्नो जन्म दिन कसरी मनाउनु भएको छ ? बताउनुहोस् । हामी खुसी हुन के गर्नु पर्ला ? कुनै तीन उदाहरण दिनुहोस्। | १८ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयवस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो पर्यटन | बुटवलका मिलन पार्क, पिस पार्क, हिलपार्क तथा मणिमुकुन्दसेन पार्कको परिचय दिन र विशेषता बताउन। | मिलन पार्क, पिस पार्क, हिलपार्क तथा मणिमुकुन्दसेन पार्कको भौगोलिक अवस्थिति, प्रमुख विशेषता, पार्कभित्रका रमणीय पक्षहरु, यसका संरक्षण र संबर्द्धनका उपायहरु पार्कका प्रकार र उद्धेश्यहरु | शिक्षकले बालबालिकाहरुलाई पार्क भनेको के हो भनी प्रशनोत्तर विधिको आधारमा छलफल गरी अर्थ बताइदिने। पार्क पनि बिभिन्न प्रकारका र विभिन्न उद्देश्यले बनेका हुन्छन् भन्ने कुरा स्पष्ट पार्ने। मिलन पार्क, पिस पार्क, हिलपार्क तथा मणिमुकुन्दसेन पार्कको भ्रमण योजना बनाई बालबालिकाहरुलाई मिलन पार्कमा लैजाने मिलन पार्क, पिस पार्क, हिलपार्क तथा मणिमुकुन्दसेन पार्कको परिचय गराउने। संपूर्ण बालबालिकाहरुलाई आफूलाई राम्रो लागेको कुरा सम्झन टिपोट गर्न लगाउने। अवलोकनको क्रममा बालबालिकाका जिज्ञासा स्पष्ट पारिदिने। | मानिसहरु पार्कमा किन जान्छन ? मिलन पार्क, पिस पार्क, हिलपार्क तथा मणिमुकुन्दसेन पार्क बुटवलको कुन ठाँउमा रहेका छन ? मिलन पार्क, पिस पार्क, हिलपार्क तथा मणिमुकुन्दसेन पार्कको अवलोकन गर्दै आफूलाई राम्रो लागेको कुरा लेख्नुहोस्। बुटवलको नक्सामा पार्कहरु देखाउनुहोस्। | १८ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयवस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो सिप, पेसा, व्यवसाय | हाम्रा परम्परागत घरेलु प्रविधिको परिचय दिन। | परम्परागत घरेलु प्रविधिः खुर्पेटो, मदानी, हतासो, ढिकी, जाँतो, ओखल, कोल, घट्ट, तानको परिचय, चित्र, बनावट तथा उपयोगिता | शिक्षकले खुर्पेटो, मदानी, हतासो, ढिकी, जाँतो, ओखल, कोल, घट्ट, तान को तस्बिर संकलन गरी विद्यार्थीलाई प्रदर्शन गर्ने। सकभर विद्यालयमा लघु संग्रहालय बनाउने । चित्र ती सामाग्रीको सामान्य बनावट र प्रयोगबारे बताउनुहोस्। | आफने समुदायमा गई परम्परागत घरेलु प्रविधिः खुर्पेटो, मदानी, हतासो, ढिकी, जाँतो, ओखल, कोल, घट्ट, तानको मोबाइलबाट फोटो खिचेर देखाउनुहोस्। खुर्पेटो, मदानी, हतासो, ढिकी, जाँतो, ओखल,कोल,घट्ट,तानको एउटा प्रयोग लेख्नुहोस्। | १२ |
| | हाम्रा परम्परागत घरेलु औजारको परिचय दिन। | कुटो, कोदालो, बेल्चा, गैटी, फरुवा, हलो, खोक, जुवा, नारा, घन, साबेल लडिया परिचय, चित्र, बनावट तथा उपयोगिता | शिक्षकले कुटो, कोदालो, बेल्चा, गैटी, फरुवा, हलो, खोक, जुवा, नारा, घन, साबेल लडियाको तस्बिर संकलन गरी विद्यार्थीलाई प्रदर्शन गर्ने। सकभर विद्यालयमा लघु संग्रहालय बनाउने। चित्र देखाएपछि ती औजारको सामान्य बनावट र प्रयोगबारे बताउनुहोस्। | आफ्नो समुदायमा गई परम्परागत घरेलु औजार : कुटो, कोदालो, बेल्चा, गैटी, फरुवा, हलो, खोक, जुवा, नारा, घन, साबेल, लडियाको मोबाइलबाट फोटो खिचेर देखाउनुहोस्। कुटो, कोदालो, बेल्चा, गैटी, फरुवा, हलो, खोक, जुवा, नारा, घन, साबेल लडियाको एउटा प्रयोग लेख्नुहोस्। | १२ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयवस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| सडक सुरक्षा र विपद् व्यवस्थापन | प्राकृतिक विपद्हरु र विपद्को बेला अपनाउनु पर्ने सामान्य सुरक्षाका उपाय बताउन र सोही अनुसार व्यवहार गर्न। | शीतलहर, लु, वाढि, पहिरो र भूकम्प आउँदा विपद्को बेला अपनाउनु पर्ने सामान्य सुरक्षाका उपायहरु र रोकथामका सामान्य उपायहरु त्यसबाट जनजीवनमा पर्ने सामान्य असरहरु | विद्यार्थीहरुलाई शीत लहर, लु, बाढी, पहिरो र भूकम्प आउँदाको भिडियो प्रदर्शन गर्ने। बाढी, पहिरो र भूकम्पले गरेको विनाशको अवलोकन भ्रमण गराउने। शीतलहर, लु, बाढी, पहिरो र भूकम्प बाट बच्न अपनाउनु पर्ने सुरक्षाका सामान्य उपायहरु बारे छलफल गर्ने। | शीत लहर, लु, बाढी, पहिरो र भूकम्पबाट बच्न के के गर्नु पला ?२, २ वटा बुँदामा लेख्नुहोस्। बाढी, पहिरो र भूकम्प गएको ठाउँमा तपाइले के के देख्नु भयो ? | १० घण्टा |
| | सडक यात्रीको लागि बनाइएका ट्राफिक चिन्ह पहिचान गर्न र वर्णन गर्न। | सडक यात्रीको लागि बनाइएका ट्राफिक चिन्ह र अर्थ ट्राफिक चिन्हको प्रयोग र अवलम्बन। | विद्यार्थीहरु यात्रुको लागि प्रयोग हुने ट्राफिक चिन्ह उल्लेख भएको चार्ट प्रदर्शन गर्ने। चार्ट प्रयोग गरी ट्राफिक चिन्ह र त्यसको अर्थ बताउनुहोसने। सडक यात्रुको लागि बनाइएका ट्राफिक चिन्ह भएको ठाँउको अवलोकन गराउने। | यात्रुको लागि प्रयोग हुने ट्राफिक चिन्ह भएको स्तम्भ र त्यसको अर्थ लेखिएको स्तम्भ तयार गरी विद्यार्थीलाई जोडा मिलाउन दिने। सडक यात्रुको लागि बनाइएका ट्राफिक चिन्ह भएको ठाँउको अवलोकनपछि अनुभव सुनाउन लगाउने। | १० घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयवस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| स्वास्थ्य र खेलकूद | विद्यार्थीहरुले घर, छरछिमेक तथा समुदायको सरसफाइको आवश्यकता बताउन, स्वस्थ्य बानी व्यवहार अपनाउन। | घर र छरछिमेक सफा राख्ने तरिका, फोहोर छुट्याउने (भिजेको, सुख्खा) साबुनले हात धुने तरिका शौचालय प्रयोग गर्ने तरिका दैनिक नुहाउने, नङ काटने दाँत माझ्ने। सार्वजनिक सरसफाइमा सहभागिता | सरसफाइ सम्बन्धी चित्र प्रदर्शन। साबुनले हात धुने अभ्यास गराउने। भिडियो वा अभिनय मार्फत फोहोर व्यवस्थापन देखाउने। घरको सरसफाइको योजना बनाउने। | व्यवहारिक परीक्षण : हात धुने, दाँत माझ्ने, चित्र बनाउने र वर्णन गर्ने सरसफाइ सम्बन्धी गीत गाउने सहभागी अभिव्यक्ति | १५ घण्टा |
| | विद्यार्थीहरुले परम्परागत खेलकूदको नाम विधि र यसको महत्व बताउन तथा सहभागी हुन। | कवड्डी, पिट्ठु, लुकामारी, डण्डीबियो, टिग गोटी, चङ्गा सामूहिक खेलकूदको महत्व खेलमार्फत सहयोग, अनुशासन, धैर्यता र सिकाइ | कवड्डी, पिट्ठु आदिको अभ्यास गराउने। स्थानीय खेलका कथा सुनाउने खेलकूदका चित्र बनाउने सामूहिक प्रतियोगिता योजना | सहभागी मूल्याङ्कन खेलमा देखिएको अनुशासन र सहयोगको अभिव्यक्ति सानो समूहमा समीक्षा | १० घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयवस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| योग र प्राकृतिक चिकित्सा | विद्यार्थीहरुले शरीर लचिलो बनाउने, सन्तुलन कायम गर्ने र ध्यान एकाग्र गर्न। | सूक्ष्म व्यायाम : घाँटी घुमाउने हात खुम्च्याउने खुट्टा तन्काउने आखाँको व्यायाम आदि।<br>आसन :(६) ताडासन, ब्रजासन भुजुङ्गासन बालासन सुखासन मकरासन सलवासन।<br>प्राणायाम :(६) श्वासप्रश्वास गहिरो श्वास नाडिसोधन भ्रामरी अनुलोम विलोम सिंहासन कपालभाती (सरल रुप)<br>प्रारम्भिक ध्यान अभ्यास (१, २ मिनेट) | योगका लागि सुरक्षित स्थान तयार गर्ने।<br>शिक्षकको साथमा तथा समूहमा अभ्यास गराउने।<br>आसन तथा प्रणायामको चित्र बनाउने। | शारीरिक अभ्यासको निरीक्षण<br>चित्र बनाउने र चिन्ने<br>आत्म मूल्याङ्कन "मैले आज ध्यान गर्न सके ?" | १६ घण्टा |
| | विद्यार्थीहरुले वरिपरि पाइने जडीबुटीहरु पहिचान गर्न, जडीबुटीका अंग छुट्याउन र सामान्य उपयोग बताउन । | बुटवल आसपासमा पाइने १० जडीबुटीजन्य विरुवाहरु<br>१. तुलसीको पात २. अदुवाको जरा<br>३.हलेदोको जरा ४.चिरेटाको पुरा बोट<br>५.गुर्जोको डाठ ६. अमला फल<br>७. हर्रो फल ८. बहेडा फल<br>९. निमको पात १०. मेथिको बिउ<br>कुन भाग कुन अवस्थामा प्रयोग गर्ने, सरल प्रयोग | बिरुवा अवलोकन भ्रमण<br>पात, जरा वा फल छुट्याउने अभ्यास<br>चित्र बनाउने नाम लेख्ने।<br>जडीबुटी सम्बन्धी गित वा कविता बनाउने। | चित्र तथा अंग चिन्ने परीक्षण।<br>चित्र मिलाउने खेल।<br>समूहमा अनुभव सुनाउने। | १२ घण्टा |
| हाम्रा संघसस्था | विद्यार्थीहरुले समुदायमा रहेका बालमैत्री संघसस्थाको नाम काम र भूमिकाको जानकारी दिन । | समुदायमा रहेका संघसंस्था :<br>आमासमूह बालक्लव<br>टोलविकास संस्था युवा समूह<br>महिला सहकारी<br>बाल मैत्री स्थानीय तह<br>बालबालिका सहभागी हुने क्षेत्रहरु<br>सरसफाइ अभियान<br>बालमेला<br>चित्रकला प्रतियोगिता<br>बालअधिकार सम्बन्धी कार्यक्रम | शिक्षकले समुदायमा रहेका संघसस्थाबारे सचित्र बर्णन गर्ने।<br>विद्यार्थीलाइ समूह बनाएर प्रतिनिधित्व गराउने नाटक तयार गर्ने। बालक्लवका सदस्यसँग अन्तर्वार्ता गराउने।<br>स्थानीय संघसस्थाको भ्रमण गराउने (यदि सम्भव छ भने)<br>चित्र बनाउने, पोस्टर बनाउने। | चित्र वा पोस्टर प्रदर्शन।<br>नाटक वा भूमिका प्रस्तुतिको मूल्याङ्कन।<br>तीनओटा संघसस्था चिनेर तिनको काम भन्न लगाउने।<br>छोटो विवरण लेख्न लगाउने। | १० घण्टा |

# विस्तृतिकरण

## कक्षा ४

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयवस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| बुटवल परिचय | १. बुटवलको प्राकृतिक स्वरुप उल्लेख गर्न ।<br>२. बुटवलको अवस्थिति सिमाना र क्षेत्रफल बताउन ।<br>३. यस क्षेत्रमा रहेका प्रमुख तालहरु उल्लेख गर्न ।<br>४,आफ्नो घर भएको ठाउंको परिचय यहांको जमिनको उपयोग प्रष्ट पार्न । | उत्तर तर्फ पूर्व पश्चिम फैलिएर रहेका हिमाली, त्यस देखि दक्षिण पहाडी र दक्षिण तर्फ तराइ । दक्षिण तर्फको होंचा पहाड चुरेको काख(फेंद) तथा तराइको सिरान भावरमा बुटवल रहेको छ । यसको सिमाना पूर्वमा देवदह नपा, पश्चिममा सैनामैना नपा, उत्तर तर्फ पाल्पाको तिनाउ गाउं पालिका, दक्षिण तिलोत्तमा नपा र शुद्धोधन गाउं पालिका । बुटवलको क्षेत्रफल १०३.९८ वर्ग किमि, यहां तथा आसपासमा रहेका प्रमुख ताल बैठोलिया, गजेडी, जगदिशपुर । घरको परिचयमा वडा नं, गाउंको नाम र यहांको जमिनको प्रयोग कृषि, उद्योग, बजार तथा वस्तीको लागि गरिएको । | शिक्षकले विद्यार्थीलाइ नक्साको सहयोग बाट नेपालको प्राकृतिक प्रदेश बताउनुहोस् । उत्तर तर्फको पहाड देखाइ आ-आफ्नो घर भएको ठाउंको जमिनको बारेमा सोधी प्रश्नोत्तर तथा छलफल बाट धारणा बनाउने । सिमानाका पालिकाको नाम मा प्रश्नोत्तर गरी आफ्नो घरबाट नजिक जोडिएको पालिका नाम भन्ने । क्षेत्रफलबारे छलफल गरी क्षेत्रफलको यकिन गर्ने । प्रमुख तालहरु र महत्व बारे छलफल गर्ने । जमिनको प्रयोग के के काममा भएको छ प्रष्ट पार्ने । नक्सा अध्ययन गरी ताल पता लगाउने अभ्यास गर्ने । | तपांइको घरको परिचय दिंदै यस ठाउं को जमिनको प्रयोग के कसरी गरिएको छ उल्लेख गर्नुहोस् ।<br>चुरे पहाड र भावर क्षेत्रको परिचय बताउनुहोस् ।<br>तपांइको घर भएको ठाँउसँग सीमा जोडिएको अर्को कुन पालिका पर्दछ ? बुटवल उपमहानगर पालिकाको क्षेत्रफल कति छ ? ताल बाट हुने फाइदा लेख्नुहोस् । | १३ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयवस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो धर्म संस्कृति र परंम्परा | १. हाम्रो परम्परा धर्म संस्कृति बारे प्रष्ट पार्ने ।<br>२. सुख दुख तथा सामाजिक व्यवहार, मान सम्मान<br>३. विद्यालयमा वार्षिक उत्सव दिवस मनाउने तरिका र महत्व बताउन । | नेपालका प्रमुख धर्महरुको नाम। संस्कृति को परिचय । हाम्रो परम्परागत बाजागाजा तथा नाच गान । समाजमा हामीले गरिने मान सम्मान व्यवहार, कामको सम्मान गर्न पर्ने, काम सानो ठूलो नहुने ? सुखमा मातिने दुखमा आतिने गर्न नहुने । अर्थात न दुख दिनु न दुखि हुनु । विद्यालयमा वार्षिक उत्सव । | विद्यार्थी संग शिक्षकले प्रश्नोत्तर तथा छलफलका माध्यम बाट धर्म चाड संस्कृति बाजागाजा, नाच गानको बारेमा आआफूले जानेको कुरा बताइ छलफल गर्ने । हामीले कामको सम्मान किन गर्नु पर्छ भन्ने बारे छलफल गर्ने । सुखदुखका बारेमा, पाहुना तथा अन्य सबै ब्यक्तिहरु संग घरमा विद्यालयमा गर्न पर्ने व्यवहारलाइ अभ्यासमा उतार्न उपयुक्त भूमिका निर्वाह गर्ने । न दुख दिनु न दुखि हुनु को तात्पर्य छलफल गर्ने । विद्यालयमा मनाइने वार्षिक उत्सव मनाउन महत्व र आवश्यकताको कारण खोज्ने । | तपांइको समुदायमा मनाइने मुख्य धार्मिक पर्वहरु के के हुन् लेख्नुहोस् ।<br>तपांइलाइ नाच गान कतिको मन पर्छ ?<br>तपांइलाइ मन पर्ने कुनै एउटा गीतको चार हरफ लेख्नुहोस् । काम गरेर सानो भइदैन बरु स्वाभिमान बढ्छ, पुष्टि गर्नुहोस् । विद्यालयको वार्षिक उत्सव कसरी मनाउने गरिएको छ ? बताउनुहोस् । दुख पर्दा आत्तिन हुंदैन किन ? चार कारण दिनुहोस् । | १३ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयवस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो पर्यटन | बुटवल वरपरका पर्यटकीय स्थलहरुको परिचय दिन । | शंकरनगर वनविहार, बुद्ध मावली देवदह, सिद्धबाबा, नुवाकोट, बसन्तपुर, गजेडी ताल, जगदीशपुर ताल परिचय नक्साकंन, भौगोलिक अवस्थिति, बुटवलबाट लाग्ने संभावित दूरी र समय र साधन भ्रमण योजना, विशेषता अवलोकन योग्य पक्षहरु र महत्व | दृश्यात्मक स्थानहरु चिनाउन विद्युतीय साधन तथा चित्रहरुको सहयोग लिने । बुटवलमा पर्यटकले हेर्न चाहने ठाउँहरुको नाम प्रश्नोत्तर छलफल विधिको आधारमा संकलन गरी टिपोट गर्ने र टिप्न लगाउने ।रुपन्देही र कपिलबस्तु जिल्लाको नक्सा प्रयोग गरी शंकरनगर वनविहार, बुद्ध मावली देवदह, सिद्धबाबा, नुवाकोट, बसन्तपुर, दानापुर ताल, जगदीशपुर ताल देखाउने उक्त स्थलहरुको भ्रमणमा लैजाने र ती स्थलको परिचय गराउने । संपूर्ण बालबालिकाहरुलाई आफूलाई राम्रो लागेको कुरा सम्झन टिपोट गर्न लगाउने । | नक्सामा शंकरनगर वनविहार, बुद्ध मावली देवदह, सिद्धबाबा, नुवाकोट, बसन्तपुर, दानापुर ताल, जगदीशपुर ताल देखाउनुहोस् ।<br>ती स्थानहरुको भ्रमणको क्रममा गरेका अनुभवहरु बताउनुहोस् । | १० घण्टा |
| | लुम्बिनी र सिद्धार्थ केवलकारको परिचय दिन । | लुम्बिनी र सिद्धार्थ केवलकार र यीनका प्रस्थान तथा गन्तव्य, परिचय नक्साकंन, भौगोलिक अवस्थिति, लम्बाई बुटवलबाट लाग्ने संभावित दूरी र समय र साधन भ्रमण योजना, विशेषता केवलकारसँग जोडिएका अवलोकन योग्य पक्षहरु र पर्यटन विकासमा केवलकारको महत्व । | **सिकाइ सुरुवात (Engage)**<br>तस्बिर देखाएर छलफल<br>लुम्बिनी र सिद्धार्थ केवलकारको फोटो प्रदर्शन गर्ने ।<br>लुम्बिनी र सिद्धार्थ केवलकारको फोटो 'यो के होला? यो कहाँ छ' जिज्ञासा जगाउनू।<br>**सिकाइ विकास (Explore & Explain)**<br>१. शिक्षकद्वारा प्रत्यक्ष जानकारी प्रस्तुति<br>लुम्बिनी र सिद्धार्थ केवलकारको कुन क्षेत्रमा छ र यसको प्रस्थान तथा गन्तव्य कुन हो भने ? बुटवलबाट लाग्ने संभावित दूरी र समय र साधन भ्रमण योजना, विशेषता संक्षिप्त विवरण दिने ।<br>२. **समूहगत गतिविधि (Group Work)**<br>समूह १: लुम्बिनी र सिद्धार्थ केवलकारको महत्व लेख्ने ।<br>समूह २: लुम्बिनी र सिद्धार्थ केवलकारका प्रस्थान र गन्तव्य विन्दु बताउनुहोस् ।<br>समूह ३: लुम्बिनी र सिद्धार्थ केवलकारको लम्बाइ र भ्रमण गर्दा लाग्ने समय बताउनुहोस् ।<br>समूह ४ : लुम्बिनी र सिद्धार्थ केवलकारमा कुन कुन ठाँउका मानिस बढी आँउछन बताउन लगाउने ।<br>३. भिडियो/श्रव्य सामग्री प्रयोग लुम्बिनी र सिद्धार्थ केवलकारको छोटो भिडियो<br>४.नक्सा गतिविधि रुपन्देही जिल्ला र पाल्पा जिल्लाको नक्सामा लुम्बिनी र सिद्धार्थ केवलकार चिनाउन लगाउने । | नक्सामा लुम्बिनी र सिद्धार्थ केवलकारका प्रस्थान विन्दु र गन्तव्यबारे देखाउनुहोस् ।<br>लुम्बिनी र सिद्धार्थ केवलकारको लम्बाई कति कि.मी. छ ?<br>लुम्बिनी र सिद्धार्थ केवलकार भ्रमण गर्दा के-के देख्नु भयो र कस्तो अनुभव गर्नु भयो ? | १० घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो सिप, पेसा, व्यवसाय | ढाका कपडा उद्योगको परिचय दिन।<br>ढाका कपडा उद्योगको महत्व बताउन। | ढाका कपडा र उद्योग ढाकाबाट बन्ने कपडाहरु र कपडाका विशेषताहरु, ढाका कपडा उद्योगको महत्व | ढाकाबाट बनेको टोपी देखाउने र अन्य ढाकाबाट बनेका कपडाहरु चित्र भिडियो मार्फत प्रदर्शन गरी ढाकाबाट बनेका कपडाहरुको परिचय दिने।<br>ढाकाका कपडाको विशेषता बताउनुहोस्।<br>ढाका उत्पादन गर्ने उद्योगको अवलोकन गराउने।<br>अवलोकनका क्रममा देखेका कुराहरु टिपोट गर्न लगाउने र अनुभव बताउनुहोसलगाउने।<br>ढाका कपडा उद्योगको महत्व बताउनुहोस्। | ढाकाका कपडाको विशेषता बताउनुहोस्।<br>ढाका उत्पादन गर्ने उद्योगको अवलोकनको क्रममा तपाइको अनुभव लेख्नुहोस्।<br>ढाका कपडा उद्योगको महत्व बताउनुहोस्। | ९ घण्टा |
| | परम्परागत प्रविधि :<br>आरनको परिचय दिन।<br>आरनमा बन्ने हतियारको सूचि बनाउन।<br>आरनको सम्बर्द्धन र संरक्षणका उपाय बताउन। | आरनको परिचय , आरनमा बन्ने औजारहरु तथा हतियारहरु , आरनको सम्बर्द्धन र संरक्षणका उपाय आरनको आधुनिकीकरण र व्यवसायिकरणका सामान्य उपाय | घरमा प्रयोग हुने फलामबाट बनेका औजारहरु कोदालो, हँसिया चित्रबाट प्रदर्शन गर्ने।<br>फलामबाट बन्ने अन्य औजारहरुको सूचि बनाउन लगाउने।<br>आरनको परिचय दिने।<br>आरनको आधुनिकीकरण र व्यवसायिकरणका सामान्य उपाय बताउने। | घरमा प्रयोग हुने फलामबाट बनेका औजारहरुको सूचि बनाउनुहोस्।<br>आरन भनेको के हो ?<br>आरनलाई जोगाउन के उपाय गर्नु पर्ला ? बताउनुहोस्। | ९ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| सडक सुरक्षा र विपद् व्यवस्थापन | मानवसिर्जित विपद्को नाम र कारण बताउन।आगो, करेन्ट, र सडक दुर्घटना जस्ता जोखिम पहिचान गर्न।<br>विपद्को बेला सुरक्षित हुन तरिका भनेर बताउन।<br>विद्यालय वा घरको सुरक्षा योजना पालना गर्न।<br>मानवसिर्जित विपद् न्यूनीकरणका उपाय बताउन। | १. मानवसिर्जित विपद्को परिचय<br>आगो लाग्ने (घर, विद्यालय, जंगलको किनारा)<br>सवारी दुर्घटना<br>विद्युत् दुर्घटना<br>वायु-पानी प्रदूषण<br>औद्योगिक/कारखाना दुर्घटना<br>रासायनिक पदार्थका कारण हुने दुर्घटना (जस्तै- कीटनाशक, एसिड आदि) | १.**जोखिम पहिचान गतिविधि (Risk Identification Activity)**<br>शिक्षकले कक्षामा घर, विद्यालय, सडकका चित्रहरू देखाउने।<br>विद्यार्थीहरूले चित्रमा देखिएका जस्तै- खुलेको तार, ग्यास, धुवाँ, फोहोर, ट्राफिक, आगो आदि जोखिमहरू चिन्न र घेरो बनाइदिने।<br>समूह-कार्यमा “हाम्रो घर/विद्यालयमा कहाँ-कहाँ जोखिम छ ?” सूची बनाउने।<br>२. **भिडियो/तस्बिरमार्फत बुझाउने (Visual Learning)**<br>आगलागी, करेन्ट लाग्ने, सडक दुर्घटना हुने, प्रदूषण फैलिने जस्ता घटनाका छोटा भिडियो वा चित्र देखाउने।<br>प्रत्येक दृश्यपछि “के गलत भयो?”, “के गर्नु हुँदैन?” भनेर विद्यार्थीसँग प्रश्नोत्तर गर्ने।<br>३. **नाट्य-अभिनय (Role Play / Drama)**<br>छोटा समूह बनाएर निम्न विषयमा नाटक गराउने: | आगो लाग्दा सम्झनुपर्ने ३ कुराहरु के के हुन ?<br>यदि घरमा आगो लाग्यो भने के गर्नु पर्छ ?<br>आगलागीका कारणहरू के के हुन ? | ६ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | | २. आगलागी सम्बन्धी विषयवस्तु : आगो कसरी लाग्न सक्छ ?(ग्यास चुहावट, बल्ने पदार्थ, केबल सर्ट, बत्तीसँग खेल्दा आदि)<br>विद्यालय वा घरमा कहाँ-कहाँ जोखिम हुन्छ ?<br>आगलागीबाट बच्ने STOP–DROP–ROLL अभ्यास<br>आगो लाग्दा के गर्ने?<br>ठूलो मानिस/शिक्षकलाई खबर गर्ने<br>भुइँमा झुकेर हिँड्ने<br>पानी वा बालुवा प्रयोग गर्ने<br>भीडमा नधम्किने<br>३. विद्युत् दुर्घटनासम्बन्धी विषयवस्तु<br>४. सवारी दुर्घटना र सडक सुरक्षा<br>५.विषादी/रासायनिक पदार्थसँग सावधानी<br>कीटनाशक, फिनाइल, एसिड, ब्याट्री पानी<br>६. प्रदूषणजन्य जोखिमहरू (मानवसिर्जित)<br>७. विपद्को बेला अपनाउनुपर्ने सामान्य सुरक्षा उपाय<br>आपतकालीन नम्बर (१००, १०२, १०१) बारे जानकारी<br>घाइते साथीलाई सकेसम्म नछुने–ठूलोलाई बोलाउने<br>विद्यालय/घरको बचाउ योजना (Safety Plan) बुझ्ने | घरमा ग्यास चुहाएको अवस्थामा के गर्ने?<br>विद्यालयमा आगो लागेपछि शिक्षकले कसरी निर्देशन दिन्छन्?<br>सडक पार गर्दा साथीलाई कसरी सुरक्षित बनाउने?<br>यसले विद्यार्थीलाई व्यावहारिक रूपमा सिकाउन मद्दत गर्छ।<br>४. **STOP–DROP–ROLL** को अभ्यास<br>आगो लागेको कपडालाई निभाउने अन्तर्राष्ट्रिय विधि Stop–Drop–Roll कक्षामा नै अभ्यास गराउने। विद्यार्थीलाई सिकाउनेः रोक (STOP) भुइँमा ढल्क (DROP) गोलो भएर लड (ROLL)<br>५. विद्यालयको सुरक्षा भ्रमण (**Safety Walk ÷ School Mapping**)<br>विद्यार्थीहरूलाई विद्यालय घुमाएर जोखिमयुक्त स्थान<br>(खुला तार, निस्कने ढोका, आगो निभाउने यन्त्र, पानी ट्याङ्की, सीढी, सडक)<br>पहिचान गराउने।<br>“सुरक्षित स्थान–असुरक्षित स्थान” बर्गीकरण गर्ने अभ्यास गराउने।<br>**६. ट्राफिक-सुरक्षा खेल (Traffic Safety Game)**<br>रङ्गीन चार्टमा ट्राफिक लाइट (रातो-पहेंलो-हरियो) बनाइ खेल खेल्ने।<br>शिक्षकले रंग देखाउँदा विद्यार्थीले त्यसअनुसार हिँड्ने/रोक्ने/तयारी हुने अभ्यास गर्ने।<br>७. आपतकालीन नम्बर सिकाउने गतिविधि<br>१०१ (Fire), १०० (Police), १०२ (Ambulance) जस्ता नम्बरहरू<br>कार्डमा लेखेर विद्यार्थीलाई मिलान गर्न लगाउने।<br>“कुन अवस्थामा कुन नम्बरमा फोन गर्ने?” भनेर अभिमुखीकरण गराउने।<br>**८. प्राथमिक उपचार (First Aid) प्रदर्शन**<br>हात काटियो भने के गर्ने?<br>जल्यो भने के गर्ने?<br>साथी बेहोस भयो भने के गर्ने?<br>सरल तर सुरक्षित तरिकाले प्रदर्शन गर्ने (बच्चालाई जटिल प्रक्रिया नसिकाउने)। | करेन्ट लाग्न नदिन के-के कुरामा ध्यान दिनु पर्छ ?<br>घर विद्यालयमा कुन कुन पदार्थ सावधानी पूर्वक प्रयोग गर्नुपर्छ ? | |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | सडक दुर्घटना, कारण र प्रभाव प्रति सचेत रहन।<br>यातायातका साधनको लागि ट्राफिक चिन्हको जानकारी राख्न।<br>सडक दुर्घटनाबाट जोगिने सामान्य सुरक्षाका उपायहरु बताउन। | १.सडक दुर्घटनाः<br>दुर्घटनाको परिभाषा र कारणः मानवीय त्रुटि (तीव्र गति, लापरबाही, मादक पदार्थ सेवन), यान्त्रिक खराबी, सडकको अवस्था।<br>प्रभावः व्यक्तिगत क्षति (मृत्यु, चोट), आर्थिक/सामाजिक क्षति।<br>२ यातायातका साधन र ट्राफिक चिन्ह र चिन्हको वर्गीकरणः अनिवार्य (Regulatory), चेतावनीमूलक (Warning) र सूचनामूलक (Informatory)<br>चिन्हहरू र चिन्हको अर्थः प्रमुख चिन्हहरू (नो-एन्ट्री, गति सीमा, जेब्राक्रसिङ)।<br>सडक रेखाङ्कनः स्टप लाइन, लेन विभाजनको अर्थ।<br>ट्राफिक बत्तीः रातो, पहेंलो, हरियो बत्तीको पालना।<br>३ सडक दुर्घटनाबाट जोगिने उपाय चालकका लागिः सिट बेल्ट/हेलमेट, मादक पदार्थ निषेध, मोबाइल प्रयोग नगर्ने।<br>४.पैदल यात्रुका लागिः फुटपाथ प्रयोग, जेब्राक्रसिङबाट बाटो काट्ने तरिका, दायाँ-बायाँ हेर्ने नियम।<br>५. सवारीको मर्मतः नियमित जाँच र टायरको अवस्था।<br>६ प्राथमिक उपचारः दुर्घटनापछिको तत्काल सहयोग र सहयोगका लागि खबर गर्ने तरिका।<br>७.कानुनी ज्ञानः सडक नियम तोडे बापत हुने सामान्य सजायको जानकारी। | कथा सुनाउने (Story telling)<br>सडक दुर्घटनाको सरल कथा सुनाउने,<br>सडक पार गर्ने अभ्यास (Simulation/ Role Play)<br>बाटो चित्र बनाएर जेब्रा क्रसिङ, ट्राफिक बत्ती, गाडी आदि चित्र बनाएर विद्यार्थीलाई' सही तरिकाले बाटो कसरी पार गर्ने' भनेर अभिनय गराउने।<br>विद्यार्थीलाई पैदल यात्री, चालक, ट्राफिक प्रहरी आदि बनाइ भूमिकानुसार अभिनय गराउने।<br>चित्र पहिचान र छलफल (Picture Talk)<br>सडक दुर्घटनाका कारण देखाउने चित्रहरू (जस्तैः मोबाइल चलाउँदै हिँड्ने, दौडिँदै बाटो काट्ने, जेब्रा क्रसिङ प्रयोग नगर्ने) देखाउने।<br>“के कारणले दुर्घटना भयो?”, “तिमी के गर्थ्यौ?” भनी छलफल गराउने।<br>ट्राफिक चिन्ह चिन्ने खेल (Traffic Sign Game)<br>मुख्य ट्राफिक चिन्हहरू (स्टप, जेब्रा क्रसिङ, स्कूल जोन, नरोकिने, गतिमा सीमितता आदि) कार्डमार्फत देखाउने।<br>चिन्ह देखाएर “के अर्थ हो?“ भनी बच्चासँग सोध्ने।<br>चिन्हहरू रंग गर्न लगाउने।<br>स्थानीय ट्राफिक प्रहरीसँग भेटघाट<br>ट्राफिक प्रहरीले प्रयोग गर्ने सामग्री देखाउने (सिग्नल झन्डा, सिट बेल्ट, ट्राफिक डन्डी आदि)<br>उनीहरूबाट सडक नियम सिकाउने छोटो अन्तरक्रिया कार्यक्रम राख्ने। | विद्यार्थीहरूलाई ३ वटा नियम लेख्न वा भन्न लगाउनेः<br>बाटो काट्नुभन्दा पहिले के हेर्ने?<br>कुन ठाउँबाट बाटो काट्ने?<br>के गर्दा दुर्घटना हुन सक्छ ? | ६ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | यातायातको साधनको लागि बनाइएका ट्राफिक संकेत र ट्राफिक बत्तीको अर्थ बताउन। | यातायातको साधनको लागि बनाइएका ट्राफिक संकेत र अर्थ<br>ट्राफिक प्रहरीले प्रयोग गर्ने सामग्री<br>जेब्रा क्रसिङ<br>ट्राफिक संकेतको महत्व<br>संकेत पालना नगर्दा हुने सम्भावित दुर्घटनाहरु | विभिन्न यातायातका साधनको लागि बनाइएका ट्राफिक संकेतहरूको चित्र (जस्तैः रोक, गती सीमित, पार्किङ निषेध, विद्यालय नजिक आदि) कार्डमा देखाउने।<br>शिक्षकले चित्र देखाउँछन्, विद्यार्थीले अनुमान गर्छन्।<br>विद्यार्थीलाई चित्रहरू मिलाउने Matching Game गराउने।<br>सडक संकेत नाटक (Role Play)<br>व्यवहारिक रूपमा संकेत प्रयोग गर्न सिकाउन विद्यार्थीहरूलाई ड्राइभर, पैदल यात्री, ट्राफिक पुलिस आदि बनाएर नाटक गराउने।<br>उदाहरणः<br>"पैदल यात्रु क्रसिंग" देखाउँदा विद्यार्थीहरू बाटो पार गर्छन्।<br>ल्य एबचपष्लन बोर्ड हुँदा गाडी चलाउने विद्यार्थी पार्क गर्न पाउँदैन।<br>चित्र कोर्ने वा रंग भर्ने क्रियाकलाप<br>ट्राफिक चिन्हहरू दिई रंग भर्न लगाउने वा आफैंले बनाउने।<br>ट्राफिक चिन्हहरू प्रिन्ट वा हातले बनाउने कागज, रङ, ।<br>नजिकको सडक वा ट्राफिक चोकमा लगेर संकेतहरू देखाउने।<br>खेल<br>"संकेत चिन र उभिनुहोस" खेलः शिक्षकले संकेत देखाउँछन्, विद्यार्थीहरू सही अर्थमा उभिन्छन् वा बस्छन्।<br>"Signal Says खेलः "Signal says STOPÛ" भने विद्यार्थी रोक्ने। | के ट्राफिक नियम पालना नगर्दा दुर्घटना हुन्छ ?<br>ट्राफिक चिन्हले कसरी मद्दत गर्छ ?<br>ट्राफिक बोर्ड बनाउने कक्षा परियोजना (Group Work)<br>विद्यार्थीलाई समूहमा बाँडेर विभिन्न संकेतहरूको चित्र र अर्थसहित "ट्राफिक बोर्ड" बनाउने कार्य दिने। | ६ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| स्वास्थ्य र स्थानीय खेलकूद | फोहोरलाइ वर्गीकरण गर्न, व्यवस्थापन गर्न, प्राथमिक उपचारका सामाग्री प्रयोग गर्न। | (फोहोरको वर्गीकरण :जैविक अजैविक<br>प्राथमिक उपचार सामान्य चोट : रगत बग्न रोक्ने उपाय | फोहोर व्यवस्थापन कार्यशाला<br>प्राथमिक उपचारको प्रदर्शन गराउने | फोहोर वर्गीकरण अभ्यासको अवलोकन<br>प्राथमिक उपचार अभ्यास | १४ घण्टा |
| | स्थानीय पौराणिक खेलहरुमा सहभागी हुन। | कवाज, पिटी, डण्डीवियो, गोटी, लुकामारी, रस्साकस्सी आदि | बुटवलमा प्रचलित खेलहरुको अभ्यास<br>सामूहिक कवाज अभ्यास | सहभागी मूल्याङ्कन<br>अनुशासन तथा सहयोग मूल्याङ्कन | ६ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| योग र प्राकृतिक चिकित्सा | शारीरिक लचिलोपना ध्यान क्षमतामा सुधार गर्न। | मध्यम स्तरिय सूक्ष्मव्यायाम<br>आसन (६) त्रिकोणासन, पश्चीमो त्तानासन, भुजुङगासन, ताडासन, बज्रासन, शलवभासन, प्राणयाम अनुलोम विलोम, कपालभाति, भ्रामरी ध्यान आसन | आसन र प्राणायाम अभ्यास गराउने त्रिकोणासन, पश्चीमो त्तानासन, भुजुङगासन, ताडासन, बज्रासन, शलवभासन, प्राणयाम अनुलोम विलोम, कपालभाति, भ्रामरी ध्यान आसन कन्जल र नौलीको दृश्य सामाग्री पर्दशन ध्यान सत्र व्यावहारिक प्रयोग गराउने। | मुद्राहरुको अनुगमन<br>ध्यानप्राणायामको निरन्तरता र मूल्याङ्कन<br>क्रियाकलाप प्रतिविम्व लेखन लगाउने | १६ घण्टा |
| | शरीर शुद्धिकरण र घरेलु उपचार बारे बताउन।<br>केही प्राकृतिक चिकित्सा अभ्यास गर्न। | कुन्जल क्रिया तातोपानीको प्रयोग<br>नौलि क्रिया पेटको व्यायाम<br>प्राकृतिक चिकित्साकुन्जल र नौली क्रियाको जानकारी | शिक्षकद्धारा प्रदर्शन गर्ने, कुन्जल क्रिया तातोपानीको प्रयोग<br>नौलि क्रिया पेटको व्यायाम<br>प्राकृतिक चिकित्साकुन्जल र नौली क्रियाको जानकारी तथा प्रयोग देखाउने व्याख्या र चर्चा | बोघ सिपका लागि प्रश्नोत्तर<br>चित्र बनाउने गतिविधि | ८ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रा संघसस्था | समुदाय विकासका लागि टोलविकास सस्थाको भूमिका उल्लेख गर्न। स्थानीय शासन र सहभागिताको महत्व बताउन। | टोल विकास सस्थां के हो ?<br>गठन प्रक्रिया<br>कार्यक्षेत्र र गतिविधिहरु | समूहगत छलफल गरी टोल विकासको परिचय गराउने। टोल सस्था गठनको अभिनय गरी गठन प्रक्रिया सिकाउने। सरसफाइ र वृक्षारोपण जस्ता कार्यक्रम आयोजना गर्ने र सामुदायिक सहभागिता प्रष्ट पार्ने। | सहभागिता मूल्याङ्कन<br>प्रस्तुतीकरण मूल्याङ्कन | १२ घण्टा |

# विस्तृतिकरण
## कक्षा ५

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| बुटवल परिचय | १, बुटवलको हावापानी तथा वनस्पतिमा स्थानीय वायुको प्रभाव बारे उल्लेख गर्न। २, यहाँ गरिने कृषि व्यवसाय बताउन । ३, "उज्यालो बुटवल सफा शहर" बारे प्रवचन गर्न। ४ टोल विकास संस्था तथा आमा समूहको परिचय तथा आवश्यकता बताउन। | गृष्म गर्मी र वर्षा, हिउंद जाडो र सुक्खा। यहाँ पाइने वनस्पति उष्ण सदाबहार तर उत्तर तर्फ तिनाउ नदी बाट आउने स्थानीय वायुको कारण वर्षा, जाडो, न्यानोमा अन्य क्षेत्र भन्दा केही फरक। कृषि व्यवसायमा तरकारी खेती, खाद्यान्न मिल, दुध व्यवसाय, कुखरा, माछा पालन।""उज्यालो बुटवल सफा शहर" बारे एक आलेख। यस विषयमा मन्तब्य। टोल विकास र आमा समूहको आवश्यकता । | शिक्षकले विद्यार्थीलाइ प्रश्नोत्तर तथा छलफल गराइ जाडो गर्मी र वर्षाको वर्षको औसत अबस्था हावापानी हो भनी पृष्ठपोषण गर्ने। यस्तै वनस्पतिको किसिम बताउनुहोसदै बुटवलमा पाइने उष्ण सदाबहार वनस्पति हो, वनस्पति हावापानी अनुसार हुन्छ भनी प्रष्ट पारिदिने। स्थानीय वायुका कारण जाडो, न्यानो, वर्षामा छलफल गरी अन्य क्षेत्रमा भन्दा केही फरक छ प्रष्ट पार्ने। कृषि व्यवसाय मा छलफल गरी निष्कर्ष दिने। उज्यालो बुटवल सफा शहर बारे कक्षामा प्रवचन कार्यक्रम संचालन गर्ने। टोल विकास संस्था र आमा समूहको परिचय एवं महत्व बारे छलफल गरी निष्कर्ष निकाल्ने। | बुटवलमा कस्तो प्रकारको हावापानी र वनस्पति पाइन्छ ? यसको विशेषता समेत बताउनुहोस्। स्थानीय वायुले कसरी हावापानीमा प्रभाव पारेको छ प्रष्ट पार्नुहोस्। उज्यालो बुटवल तथा सफा शहर सम्बन्धी प्रवचन कार्यक्रम संचालन को व्यवस्था गर्नुहोस्। बुटवलमा गरिने प्रमुख कृषि व्यवसाय को परिचय दिनुहोस्। | १० घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो धर्म संस्कृति र परम्परा | १, धार्मिक सहिष्णुताको महत्व बताउन। २, सुर र असुर वीच फरक देखाउन। ३, असल संस्कार नै जीवनलाइ लक्षमा लैजाने प्रमुख आधार हो स्पष्ट पार्न। ४, हाम्रो परम्परा बाजागाजा, नाच गान जानकारी राख्न र संरक्षणका उपाय बताउन। ५.नगर गान लयमा गाउन र महत्व बताउन | धार्मिक सहिष्णुताको महत्व । सामाजिक सद्भावका लागि असल संस्कार। सुर अर्थात देवता जस्तै राम्रा असल मानिस र असुर अर्थात राक्षस भनौं नराम्रा छलकपटी मानिस। असल संस्कार अर्थात राम्रो बानी असल गुण छ भने लक्षमा पुग्न सकिने। कुनै पनि काम गर्ने र कामको सम्मान गर्नु नै आत्म स्वाभिमान। परम्परागत बाजा, नाचगानको एवं संग्रहालय संरक्षण। नगर गान | विद्यार्थी संग शिक्षकले प्रश्नोत्तर तथा छलफलका माध्यम बाट धार्मिक सहिष्णुताको महत्व स्पष्ट पार्ने। हाम्रा नराम्रा गुण काम क्रोध लोभ मोह अहंकार राक्षस अर्थात असुर हुन् छलफल गर्ने। असल संस्कार बारे छलफल गरी असर भावना त्यागी मान सम्मान दया माया सहयोग क्षमा को भावना, कामको सम्मान, तडक भडक नगरी जन्म दिन मनाउने जस्ता राम्रा काम तथा विद्यालयबाट नै असल संस्कार धारण गर्न सकेमा यस बाट जीवनलाइ लक्षमा लैजान सक्छ भन्ने निष्कर्ष निकाल्ने। बुटवलको सेमलार मोतीपुर क्षेत्रका आदीवासी थारु समुदाय र पुरानो बटौलीका कसौधन नेवार थकाली समुदाय संग परम्परगत बाजागाजा नाच गान बारे सोध खोज गरी जानकारी लिने। बुटवल उपमहानगरपालिकाको नगरगान लयबद्ध रुपमा गाउने र गाउन लगाउने। यसले दिन खोजेका सन्देशबारे छलफल गर्ने र महत्व बताउने | धार्मिक सहिष्णुता को अर्थ प्रष्ट पार्नुहोस्। हामीले सक्ने काम गर्न पनि अप्ठेरो मान्छौं किन ? कामको सम्मान गर्नु राम्रो होइन र प्रष्ट पार्नुहोस्। विद्यालय देखि नै असल संस्कार धारण गर्न सके जीवन सुखमय हुन सक्छ भन्ने कुरा बारे सुभाव दिंदै नगरका शिक्षा प्रमुखलाइ एक पत्र लेख्नुहोस्। असुरमा हुने कुनै पांच प्रवृति लेख्नुहोस्। बुटवल क्षेत्रमा पाइने परम्परागत बाजा वा नाच गान वा संग्रहालय बारे एउटा परियोजना कार्य गरेर ल्याउनुहोस्। नगरगान लयबद्ध रुपमा गाउनुहोस। नगर गानले बुटवलको कस्तो विशेषता दर्शाएको छ ? नगर गानको महत्व लेख्नुहोस। | ११ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो पर्यटन | बुटवल र मुक्तिनाथबिचको भौगोलिक, सांस्कृतिक, ऐतिहासिक र बौद्धिक सम्बन्ध पत्ता लगाउन । | नेपालको नक्सामा बुटवल र मुक्तिनाथ<br>मुक्तिनाथको धार्मिक सांस्कृतिक विशेषता र महत्व,<br>मुक्तिनाथ सम्बन्धी लोकगीत तथा लोक भजन<br>मुक्तिनाथ सम्मको रुटमा बीचमा पर्ने धार्मिक, सांस्कृतिक र ऐतिहासिक स्थलहरुको नाम<br>बुटवलबाट मुक्तिनाथसम्म यात्रा गर्दा लाग्ने समय, साधन र दूरी<br>भारतीय पर्यटकको लागि मुक्तिनाथ प्रस्थान विन्दुको रुपमा बुटवल<br>मुक्तिनाथ र बुटवलबीच हावापानी, भाषा, संस्कृतिबीच समानता र असमानता | १. नक्सा कार्य (Map Activity)नेपालको नक्सामा बुटवल र मुक्तिनाथ देखाइदिन लगाउने । दूरी कति छ, कुन-कुन जिल्लाबाट जान सकिन्छ भनेर चिनाउने। विद्यार्थीहरूलाई पेंसिल वा रङ प्रयोग गरी बाटो कोर्न लगाउने ।<br>२. चित्र वर्णन (Picture Description) मुक्तिनाथ मन्दिर, हिमाल, झरना, गोम्पा, बुटवलका केही स्थलहरूको तस्बिर देखाएर वर्णन गराउने ।कुन ठाउँ रमाइलो लाग्यो? किन? भनेर प्रश्न गराउने ।<br>३. सामूहिक प्रस्तुति (Group Presentation)विद्यार्थीहरूलाई साना समूहमा बाँडीः एक समूहः मुक्तिनाथको धार्मिक महत्व अर्को समूहः मुक्तिनाथ यात्रा अनुभव अर्को समूहः बुटवलको प्रमुख स्थल प्रत्येक समूहले २-३ मिनेटको प्रस्तुति दिने।<br>४. यात्रा कल्पना लेखन (Imaginary Travel Writing)विद्यार्थीहरूलाई "यदि तिमी बुटवलबाट मुक्तिनाथ गयौ भने…" भन्ने शीर्षकमा कथा वा संस्मरण लेख्न लगाउने ।<br>५. लोकगीत वा भजन सिकाउने मुक्तिनाथसँग सम्बन्धीत लोकधुन, तिर्थ यात्राको गीत वा भजन सिकाउने ।यसले धार्मिक र सांस्कृतिक पक्षसमेत समेट्छ। | तुलनात्मक अभ्यास (Compare & Contrast) बुटवल र मुक्तिनाथबिच के-के फरक छन्? (हावापानी, भाषा, संस्कृति, स्थान आदि) सरल तालिकामा लेख्न लगाउने ।भ्रमण प्रतिवेदन (field Trip Report) - यदि सम्भव भएमा क्विज खेल (Quiz Game)"मुक्तिनाथ कहाँ पर्छ ?", "कति मिटरको उचाइमा पर्छ ?", "बुटवल कुन प्रदेशमा पर्छ ?" आदि जानकारीमूलक प्रश्नहरूको खेल।<br>नेपालको नक्सामा बुटवल र मुक्तिनाथ देखाउन लगाउने । दूरी कति छ, कुन-कुन जिल्लाबाट जान सकिन्छ प्रश्न गर्ने ?<br>भारतीय यात्रीहरु मुक्तिनाथ दर्शन गर्न जाँदा नेपालको बुटवल शहर भएर जानु पर्छ , यसबाट बुटवललाई के के कुरामा फाइदा हुन्छ ? | ६ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | बुटवल र लुम्बिनीबिचको भौगोलिक, सांस्कृतिक, ऐतिहासिक र बौद्धिक सम्बन्ध पत्ता लगाउन। | लुम्बिनी- बुटवल-लुम्बिनी यात्रा<br>दूरी, साधन, समय, बुद्ध जन्मस्थल, माया देवी मन्दिर, अशोक स्तम्भ, विश्व शान्ति स्तूप,<br>स्थानीय इतिहास (बुटवल क्षेत्रको) र लुम्बिनीको ऐतिहासिक महत्व<br>बुद्धका उपदेशहरु<br>बुद्धको बिचरण स्थलको रुपमा बुद्धवल्ली र बुटवल<br>लुम्बिनी पर्यटन र बुटवलको अर्न्तसम्बन्ध<br>बुद्धका जीवनी, बौद्ध दर्शन सामान्य परिचय<br>बुद्ध सम्बन्धी बुटवल र आसपासका स्थान जस्तै : देवदह, तिलौराकोट | १. शैक्षिक भ्रमण (Educational Field Visit): :<br>लुम्बिनीको भ्रमण गराई, बुद्ध जन्मस्थल, माया देवी मन्दिर, अशोक स्तम्भ, विश्व शान्ति स्तूप आदिको अवलोकन गराउने। बुटवल-लुम्बिनी यात्रा नक्सा को अध्ययन गराउने, दूरी, साधन, समय आदि समेटेर।<br>२. परियोजना कार्य (Project Work):<br>“बुद्ध र लुम्बिनी“ विषयमा समूहगत प्रोजेक्ट बनाउने।<br>बुटवलदेखि लुम्बिनी पुग्ने मार्गचित्र बनाउने क्रियाकलाप गराउने। स्थानीय इतिहास (बुटवल क्षेत्रको) र लुम्बिनीको ऐतिहासिक महत्व तुलना गर्न लगाउने।<br>३. श्रव्य-दृश्य सामग्री प्रयोग (Audio–Visual Aids):<br>बुद्धको जीवनसम्बन्धी भिडियो, एनिमेसन वा PPT प्रस्तुत गर्ने।<br>लुम्बिनी क्षेत्रको दृश्य (फोटो, भिडियो, चित्र) देखाई विवरण गराउने।<br>४. सिर्जनात्मक लेखन (Creative Writing):“यदि म लुम्बिनी गएँ भने…” विषयमा लेख लेख्न लगाउने।<br>बुद्धको शिक्षाबाट मैले के सिकें? भन्ने शीर्षकमा बिचार लेख्न लगाउने। | लुम्बिनी क्षेत्रको चित्र बनाउनुहोस्।<br><br>नक्सामा बुद्ध जन्मस्थल, माया देवी मन्दिर, अशोक स्तम्भ, विश्व शान्ति स्तूप देखाउनुहोस्।<br><br>बुटवल क्षेत्रको र लुम्बिनीको ऐतिहासिक महत्व तुलना गर्नुहोस।<br>“यदि म लुम्बिनी गएँ भने…” विषयमा लेख लेख्नुहोस्।<br>बुद्धका उपपदेशबाट तपाइले के सिक्नु भयो ?<br>बुटवलबाट लम्बिनी कति टाढा छ ?<br>बुटवलबाट लुम्बिनी कसरी पुग्न सकिन्छ ?<br>लुम्बिनी आउने पर्यटकलाई बुटवल ल्याउन के गर्नु पर्छ ? | ६ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | बुटवल र स्वर्गद्धारी बिचको भौगोलिक, सांस्कृतिक, ऐतिहासिक र बौद्धिक सम्बन्ध पत्ता लगाउन । | स्वर्गद्धारी -दुरी, यात्रा समय, यातायातका साधन आदिको जानकारी ,"बुटवल र स्वर्गद्वारीः समानता र भिन्नता बुटवलदेखि स्वर्गद्वारी सम्मको यात्रा मार्ग नक्सा<br>स्वर्गद्वारी क्षेत्रको धार्मिक र पर्यटकीय महत्व बुझाउने सामग्री<br>स्वर्गद्वारी मन्दिर, धर्म, पर्यटन, गौशाला, प्यूठान जिल्ला सम्बन्धी जानकारी, धार्मिक, प्राकृतिक र पशुपालन पक्ष | १. नक्सा अध्ययन क्रियाकलाप (Map Activity):बुटवलदेखि स्वर्गद्वारीसम्मको यात्रा मार्ग नक्सामा देखाउने र बुझाउने।दुरी, यात्रा समय, यातायातका साधन आदिको जानकारी गराउने ।<br>२. परियोजना कार्य (Project Work):"स्वर्गद्वारीको यात्रा अनुभव" भन्ने विषयमा कल्पनात्मक कथा वा रिपोर्ट लेख्न लगाउने । "बुटवल र स्वर्गद्वारीः समानता र भिन्नता" विषयमा पोस्टर वा चित्रको माध्यमबाट तुलना गर्न लगाउने ।<br>३. श्रव्य-दृश्य सामग्री (Audio–Visual Learning):स्वर्गद्वारी मन्दिर, गोशाला, प्रकृति, भ्यू टावर आदिको फोटो वा भिडियो देखाएर वर्णन गराउने । स्वर्गद्वारी क्षेत्रको धार्मिक र पर्यटकीय महत्व बुझाउने सामग्री प्रस्तुत गर्ने ।<br>४. चित्रकला /पोस्टर क्रियाकलापः स्वर्गद्वारीको चित्र बनाउने वा बुटवल र स्वर्गद्वारीको मिलन बिन्दु देखाउने चित्र बनाउन लगाउने । धार्मिक, प्राकृतिक र पशुपालन पक्ष झल्काउने पोस्टर बनाउन लगाउने ।<br>५.बुटवलको जितगढी किल्ला वा अन्य ऐतिहासिक स्थल र स्वर्गद्वारीबिचको सांस्कृतिक र ऐतिहासिक भिन्नता छलफल गराउने । | सिर्जनात्मक लेख (Creative Writing): "यदि म स्वर्गद्वारी गएँ भने..." शीर्षकमा छोटो रचना लेख्न लगाउने ।<br>"स्वर्गद्वारीको शान्त वातावरण" मा वर्णनात्मक लेख लेख्न लगाउने ।<br>बुटवलदेखि स्वर्गद्वारीसम्मको यात्रा मार्ग नक्सामा देखाउनुहोस् ।<br>बुटवलदेखि स्वर्गद्वारीसम्मको दुरी, यात्रा समय, यातायातका साधन बारे जानकारी गराउनुहोस् ।<br>पर्यटकले स्वर्गद्धारी सँगै बुटवल भ्रमण गर्न कसरी सजिलो हुन्छ ?<br>६. नाटक/संवाद कार्यक्रम (Drama /Role Play):<br>तीर्थयात्रा तयारी, यात्राको अनुभव, पशु संरक्षण, भिक्षु संवाद आदि विषयमा नाटक वा संवाद प्रस्तुति गराउने ।<br>प्रश्नोत्तर/क्विज प्रतियोगिताः स्वर्गद्वारी मन्दिर, धर्म, पर्यटन, गौशाला, प्यूठान जिल्ला सम्बन्धीसजिलो प्रश्नहरू राखेर क्विज गराउन<br>अनुभव आदान-प्रदान कार्यक्रमः जसले स्वर्गद्वारी घुमेको छ (विद्यार्थी/शिक्षक/अभिभावक), उनीहरूलाई आफ्नो अनुभव कक्षा सामु भन्न लगाउने । | ६ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो सिप, पेसा, व्यवसाय | दुना, टपरी खुट्ने चरणबद्ध विधिहरु तथा तथा आवश्यक सामाग्रीहरुको जानकारी राख्न ।<br>परम्परागत दुना, टपरी खुट्ने, सिप प्रदर्शन गर्न ।<br>राम्रो दुना टपरीको विशेषता बताउन ।<br>दुना टपरीको वातावरणीय महत्व बताउन । | दुना, टपरीको प्रयोग र सास्कृतिक तथा वातावरणीय पक्ष<br>दुना, टपरी खुट्ने चरणबद्ध विधिहरु तथा तथा आवश्यक सामाग्रीहरु<br>पातबाट बनाइएका दुना टपरी र अरुबाट बनेको सामाग्रीको तुलना<br><br>राम्रो दुना टपरीको विशेषता<br>दुना टपरीको टिक्ने अवधिको परीक्षण | १. सामग्री चिनाउने र संकलन गराउने क्रियाकलाप : सालको पात, चिउरीको पात सिन्का आदि सामग्री विद्यार्थीहरूलाई देखाउने । विद्यालय वरिपरि पात टिप्न/सङ्कलन गर्न लगाउने । कुन पात टिकाउ हुन्छ ? कुन सजिलो? छलफल गराउने ।<br>२.नमूना देखाउने र सिकाउने (डेमो) क्रियाकलाप शिक्षकले आफैं एक-दुई प्रकारको दुना र टपरी बनाएर देखाउने । बनाउँदा कस्ता चरणहरू पालना गर्ने (जस्तैः पात मिलाउने, सिउने, टाँस्ने) भनी स्पष्ट रूपमा सिकाउने ।<br>३. जोडी बनाएर अभ्यास गराउने :विद्यार्थीलाई जोडीमा वा साना समूहमा विभाजन गरेर एक्ले बनाउने, अर्कोले हेरेर सुधार सुझाउने। सहकार्य, धैर्यता र सृजनशीलता विकास गराउने ।<br>४. खेल-आधारित प्रतिस्पर्धात्मक क्रियाकलाप :“सबैभन्दा राम्रो दुना“, “सबैभन्दा बलियो टपरी“, “सबैभन्दा छिटो बनाउने“ जस्ता साना पुरस्कारसहितको प्रतियोगिता गराउने । सिकाइ रमाइलो र उत्साहजनक बनाउने ।<br>५. स्थानीय विज्ञलाई निमन्त्रणा दिने :कुनै आमालाई/बज्यैलाई/स्थानीय सिपवान व्यक्तिलाई कक्षा मै निमन्त्रणा गरी साक्षात्कार वा डेमो गराउने ।विद्यार्थीले प्रश्न गर्न पाउने, संवाद गर्न सिक्ने ।<br>६. वातावरणीय सन्देश दिनेसँग जोड्ने : प्लास्टिकको प्रयोग घटाउन, परम्परागत सिपको महत्व बुझाउन छोटो छलफल गराउने । स्थानीय र प्राकृतिक साधनको प्रयोग हुने ।<br>७. प्रयोगात्मक प्रयोग गराउने : बनाइएको दुना-टपरीमा पानी राखेर परीक्षण गर्ने - कति समयसम्म टिक्छ ? फलफूल वा खाजा हालेर खुवाउने – व्यवहारिक प्रयोग गराउने । | दुना टपरी बनाउन के के सामाग्री चाहिन्छ ? सूचि बनाउनुहोस् ।<br>“कसरी दुना टपरी वातावरणमैत्री हुन्छ ?“ भन्ने विषयमा चित्र कोर्न वा छोटो लेख लेख्न लगाउने ।<br>दिएका सामाग्रीहरु प्रयोग गरी १,१ सेट दुना टपरी बनाइ देखाउनुहोस् ।<br><br>दुना टपरीलाई के के काममा प्रयोगमा ल्याइन्छ ? | १० घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि / सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | परम्परागत कपासबाट बत्ती कात्ने सिप हासिल गर्न । | कातेका बत्तीको धार्मिक तथा साँस्कृतिक महत्व<br>बत्ती कात्ने र बत्ती कात्न प्रयोग हुने सामग्रीहरु<br>बत्तीको प्रयोग गरिने धार्मिक कार्यहरु<br>बत्तीका प्रकार : ३ सूते ५ सुते, ७ सुते ९ सूते र ११ सूते र तीनको प्रयोग<br>बत्ती कात्ने चरणबद्ध विधि<br>कपास खेतीको सामान्य जानकारी<br>असल बत्तीका विशेषताहरु | १. सामग्री चिनाउने र सङ्कलन गराउने ।<br>कपास, काँचो धागो, तिउन, घिउ/तेल, काती (स्पिन्डल) आदि सामग्री विद्यार्थीलाई देखाउने र छोएर अनुभव गराउने । "कपास कहाँ उब्जन्छ ?" "कुन काममा प्रयोग हुन्छ ?" जस्ता प्रश्नहरूमा छलफल गराउने ।<br>२. परम्परागत बत्ती कात्ने तरिका डेमो गराउने ।<br>शिक्षक वा स्थानीय सिपज्ञ (जस्तैः आमा, हजुरआमा) लाई निम्त्याएर प्रत्यक्ष रूपमा बत्ती कसरी कात्ने भनेर देखाउने । कपासलाई डल्लो बनाउने, औंलाले कात्ने तरिका विस्तारमा देखाउने ।<br>३. चरण अनुसार अभ्यास गराउने विद्यार्थीलाई समूह वा जोडीमा बाँडी निम्न चरणहरू अभ्यास गराउनेः। कपासलाई फुकाल्ने, हातको औंलाले रोल गर्दै कात्ने, तिउन राख्ने, सिधा बनाउने, एकै आकारका बत्तीहरू बनाउने अभ्यास<br>४. "बत्ती कात्ने" खेल वा प्रतिस्पर्धा"सबैभन्दा सिधा", "सबैभन्दा राम्ररी गोलो", "छिटो कात्ने" जस्ता श्रेणीमा सानो प्रतियोगिता गराउने ।<br>सबै सहभागीलाई सानो प्रोत्साहन दिने (जस्तैः ताली, सर्टिफिकेट, झोला आदि) ।<br>५. स्थानीय ज्ञानसँग सम्बन्ध जोड्ने बुवा-आमा, हजुरआमाबाट बत्ती बनाउने अनुभव लेख्न/कुनै सानो कथा लेख्न लगाउने ।<br>६. बत्तीको प्रयोग देखाउने (सुरक्षाका साथ) बनाएको बत्तीमा घिउ/तेल राखेर सुरक्षित रूपमा बालेर देखाउने (शिक्षकको प्रत्यक्ष निगरानीमा ) | "मैले बत्ती कसरी कातेँ?" विषयमा चित्र बनाउने वा सानो अनुभव लेखाउने ।<br>बत्ती बनाउने प्रक्रियाको अनुक्रमणिका चित्रमा देखाउन लगाउने ।<br>"कुन बत्ती बढी बल्दछ ?" "कुन छिटो सकिन्छ ?" परीक्षण गर्ने ।<br>"तिहारमा बत्ती किन बालिन्छ ?" बत्ती कात्न पनि समेटेर बत्ती बनाउने क्रियाकलाप गराउने ।<br>बत्ती कहिले कति प्रयोग हुन्थ्यो (जस्तैः तिहार, आरती, विद्युत नभएको बेला) | ८ घण्टा |
| | बुटवल र मोतीपुर औद्योगिक क्षेत्रको परिचय दिन । | औद्योगिक क्षेत्रको परिचय र बुटवल र मोतीपुर औद्योगिक क्षेत्र, बुटवल र मोतीपुर क्षेत्रको नक्सा<br>औद्योगिक क्षेत्रको महत्व बुटवल र मोतीपुर क्षेत्रको अवस्थिति, क्षेत्रफल र प्रमुख उद्योगहरु | १.औद्योगिक क्षेत्रको परिचय दिने ।<br>बुटवल र मोतीपुर क्षेत्रको नक्सा झुन्ड्याएर औद्योगिक क्षेत्र कहाँ पर्छ भनेर देखाउने ।<br>उद्देश्यः स्थानिक जानकारी र भौगोलिक स्थिति पत्ता लगाउने ।<br>२. समूहगत छलफल (Group Discussion)<br>क्रियाकलापः बुटवल र मोतीपुरको उद्योगहरूले उत्पादन गर्ने वस्तुहरूबारे समूहमा छलफल गराउने ।<br>३. उद्योग भ्रमणको आयोजना (Educational Tour)<br>क्रियाकलापः नजिकको कुनै सानो उद्योग (जस्तै काठ उद्योग, धागो कारखाना) मा एकदिने भ्रमण गराउने ।<br>लाभः प्रत्यक्ष अवलोकनबाट सिक्ने अवसर । | औद्योगिक क्षेत्र भनेको के हो ?<br>"बुटवलमा कुन-कुन उद्योग छन ?", बुटवल र मोतीपुर औद्योगिक क्षेत्र कहाँ पर्छ ? नक्सामा देखाउनुहोस् ।<br>औद्योगिक क्षेत्रका उद्योगले के उत्पादन गर्छ ?", जस्ता प्रश्नहरू सोध्ने ।<br>उद्योग भ्रमणको अनुभव लेख्नुहोस् । | ८ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| सडक सुरक्षा र विपद् व्यवस्थापन | जोखिमको परिचय दिन ।<br>वातावरणमा लुकेका जोखिम पहिचान गर्न ।<br>विपद् जोखिम न्यूनिकरणका उपायहरु बताउन । | जोखिम र विपद्<br>जोखिमको परिचय, बुटवलको संभावित प्राकृतिक तथा मावन सिर्जित जोखिम र जोखिम न्यूनिकरणका उपायहरु<br>सुरक्षित र असुरक्षित कार्य<br>जोखिम नक्सा<br>जोखिमका बेला गर्नुपर्ने व्यवहारहरु<br>सुरक्षा उपायहरूको सूचि<br>अभिभावक सहभागिता<br>भूकम्प अभ्यास (Mock Drill)<br>चित्र हेरेर जोखिम छुट्याउने (Picture Analysis) : | मस्तिष्क झक्झक्याउने छलफल –Brain storming)क्रियाकलापः "जोखिम भनेको के हो?" भनी सोध्ने, विद्यार्थीले आफ्नो अनुभव साट्ने ।<br>चित्र हेरेर जोखिम छुट्याउने (Picture Analysis) :विद्यार्थीलाई वातावरणमा लुकेका जोखिम चिन्न सिकाउने । आगलागी, भूकम्प, पहिरो आदि चित्रहरू देखाएर "जोखिम के हो?" भन्न लगाउने ।<br>भूमिका अभिनय (Role Play) : जोखिमका बेला गर्नु पर्ने व्यवहार अभ्यास गराउने ।<br>भूकम्प आएको बेलाको अभिनय,<br>घरमा आगो लागेको अभिनय,<br>बाटोमा लडेको साथीलाई सहयोग गर्ने दृश्य।<br>सुरक्षित र असुरक्षित कार्य छुट्याउने खेल<br>क्रियाकलापः विभिन्न कामहरू (जस्तैः तार छोएर हात धुनु, बाटो हेरी सडक पार गर्नु) कार्डमा लेख्ने र विद्यार्थीले सुरक्षित वा असुरक्षित भनेर छुट्याउने ।<br>जोखिम नक्सा बनाउने (Hazard Mapping)<br>क्रियाकलापः विद्यालय वा घर वरपरको जोखिमयुक्त स्थान नक्सामा देखाउने (जस्तैः भत्केको पर्खाल, खुल्ला तार, खोला नजिकको क्षेत्र)।<br>पोस्टर तथा पर्चा बनाउने ।<br>क्रियाकलापः "जोखिमबाट बच्ने उपाय" शीर्षकमा पोस्टर बनाउने प्रतियोगिता।<br>कथा लेखन वा सुनाउने<br>क्रियाकलापः विद्यार्थीहरूले जोखिम सम्बन्धी सानो कथा लेख्ने वा शिक्षकले जोखिमका समयमा हुने घटनाको कथा सुनाउने।<br>सुरक्षा उपायहरूको सूची बनाउने ।<br>क्रियाकलापः विद्यार्थीहरूले घर वा विद्यालयमा अपनाउनुपर्ने ५ वटा सुरक्षा उपायहरूको सूची बनाउने ।<br>अभिभावक सहभागिता<br>क्रियाकलापः विद्यार्थीहरूले अभिभावकसँग जोखिमका बारेमा कुरा गर्ने, सुरक्षा उपायहरूबारे जानकारी लिने ।<br>भूकम्प अभ्यास (Mock Drill)<br>क्रियाकलापः विद्यार्थीहरूलाई "डक, कभर, होल्ड" अभ्यास गराउने । | "जोखिम भनेको के हो?" "जोखिमबाट बच्ने उपाय" शीर्षकमा पोस्टर बनाउनुहोस् ।<br>जोखिमका बेला गर्नुपर्ने व्यवहारहरु के के हुन ?<br>विद्यालय वा घर वरपरको जोखिमयुक्त स्थान नक्सामा देखाउनुहोस् ।<br>सुरक्षित र असुरक्षित कार्यहरु के के हुन ? | ७ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | सडक दुर्घटनाका कारण र बच्ने उपायहरुको सूचि बनाउन। | सडक दुर्घटनाका पक्षहरु<br>सडक दुर्घटनाका कारण र बच्ने उपायहरु<br>सडक पार गर्दा ध्यान दिनुपर्ने कुराहरु<br>ट्राफिक चिन्हहरू<br>सडक दुर्घटना न्यूनीकरणका उपायहरु<br>सडक दुर्घटनाका प्रभावहरु<br>ट्राफिक लाइटको जानकारी र प्रयोग विधि | चित्र हेरेर छलफल गर्ने<br>सडकमा ट्राफिक नियम पालना गर्ने र नगर्ने दृश्य भएका चित्रहरू देखाएर कस्ता कार्य सुरक्षित हुन् र कस्ता जोखिमपूर्ण भन्नेबारे छलफल गराउने।<br>भूमिका निर्वाह (Role Play)<br>विद्यार्थीहरूलाई पैदल यात्री, चालक, ट्राफिक प्रहरी आदि बनाइ ट्राफिक नियम पालना गर्ने दृश्य अभिनय गराउने।<br>सडक पार गर्ने अभ्यास<br>विद्यालय नजिकको सुरक्षित स्थानमा शिक्षकको निगरानीमा जेब्रा क्रसिङ, ट्राफिक लाइट आदि प्रयोग गरेर सडक कसरी पार गर्ने अभ्यास गराउने।<br>ट्राफिक चिन्हहरू सिकाउने खेल<br>'फ्ल्यास कार्ड' वा 'ट्राफिक चिन्ह चिन्नुहोस्' भन्ने खेलमार्फत संकेत चिन्हहरूप्रति चासो र ज्ञान अभिवृद्धि गराउने।<br>अनुभव सन्देश लेख्न लगाउने<br>"मले कस्ता दुर्घटना देखेँ र कस्तो उपाय अपनाउँदा जोगिन सकिन्छ" भन्ने शीर्षकमा छोटो अनुच्छेद लेख्न लगाउने।<br>सडक सुरक्षा सम्बन्धी भिडियो हेर्ने<br>बालमैत्री छोटो एनिमेटेड भिडियो देखाएर सडक दुर्घटना न्यूनीकरणका उपायबारे छलफल गराउने।<br>छलफल कार्यक्रम<br>स्थानीय ट्राफिक प्रहरी वा सचेत नागरिकलाई कक्षा मा बोलाई सडक दुर्घटना न्यूनीकरणका उपायबारे अन्तरक्रिया गराउने।<br>स्लोगन लेख्ने तथा पोस्टर बनाउने<br>"सडक नियम पालना गरौं, जीवन सुरक्षित बनाऔं" जस्ता नारासहित पोस्टर बनाउन लगाउने।<br>सडक सुरक्षा पंक्ति गीत सिकाउने<br>बालमैत्री लयमा आधारित ट्राफिक नियमबारे गीत सिकाउने (जस्तैः "बायाँ हेर्नु, दायाँ हेर्नु, सडक पार गरौँ।") | विद्यार्थीलाई सिकेका कुराहरू घरमा अभिभावकसँग साझा गर्न र अर्को दिन अनुभव सुनाउन लगाउने।<br>सडकमा ट्राफिक नियम पालना गर्ने र नगर्ने दृश्य भएका चित्रहरू देखाएर कस्ता कार्य सुरक्षित हुन् र कस्ता जोखिमपूर्ण कार्य हुन।<br>कसनै ५ वटा सडक दुर्घटना न्यूनीकरणका उपाय लेख्नुहोस्। | ८ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| स्वास्थ्य र खेलकूद | १.कुलत र दुर्व्यसनको असर पहिचान गर्न।<br>२. रोगबाट बच्ने उपाय पत्ता लगाउन।<br>३. स्वस्थ जीवनशैली अपनाउने तरिका बताउन। | कुलत (धुम्रपान, मद्यपान, डग्स ) का कारण असरहरु<br>बालमैत्री व्यवहार र आत्मरक्षा<br>सरसफाइ, खाना, पानी र वासस्थानका<br>नियमित व्यायाम सही खाना र निन्द्रा | पोस्टर बनाउने (कुलत विरुद्ध) र कुलत (धुम्रपान , मद्यपान, डग्स ) का कारण असरहरु बताउनुहोस्।<br>रोगबाट बच्ने उपाय थाहा पाउने।<br>सरसफाइ नाटक वा कविता सरसफाइ खाना, पानी र वासस्थानका बारेमा जानकारी।<br>विद्यार्थी साक्षात्कार कार्यक्रम।<br>खानेकुरा स्वस्थ र अस्वास्थ छुट्याउने खेल। स्वस्थ जीवनशैली अपनाउन सक्ने बनाउने। | चित्र तथा पोस्टर मूल्याङ्कन<br>मौखिक वा लेख्य प्रश्नोत्तर<br>क्रियाकलाप सहभागिता | १६ घण्टा |
| | १.टोलीमा खेल खेल्न।<br>२. परम्परागत खेलबारे जानकारी दिन। | कवड्डी ,डोरी तान्ने, भकुन्डो, भैसी दौड, लुकामारी, डण्डीवियो आदि।<br>नियम संयमता, हार र जितको व्यवहार  खेलकूदसँग जोडिएका मूल्य : सहकार्य इमान्दारी र अनुशासन | कवड्डी, डोरी तान्ने, भकुन्डो, भैसी दौड, लुकामारी , डण्डीवियो आदि। व्यवहारिक खेल प्रशिक्षण।<br>समूहमा नियम बनाएर अभ्यास नियम संयमता, हार र जितको व्यवहार। कक्षा र वर्गस्तरमा प्रतिस्पर्धा गरोउने र खेलकूदसँग जोडिएका मूल्य : सहकार्य इमान्दारी र अनुशासन खेलकूद विषयमा लघु प्रस्तुति | व्यवहार र सहभागितामा मूल्याङ्कन<br>खेलसम्बन्धी लघु रीपोर्ट<br>मौखिक प्रस्तुति | ८ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| योग र प्राकृतिक चिकित्सा | १. शरीर र मस्तिष्क सन्तुलन गर्न।<br>२. योगका विभिन्न रुपहरु पहिचान गर्न। | सूक्ष्म व्यायाम : पिठ्यू , हात, खुट्टा घुमाउने अभ्यास<br>आसन :त्रिकोणाशन, ताडासन, वृक्षासन, भुजुङ्गासन, पवनमुक्तासन, पश्चिमोत्तानासन<br>प्राणायाम : अनुलोम विलोम कपालभाती, शितली<br>ध्यान : ५, १० मिनेट ध्यान अभ्यास , एकाग्रता अभ्यास | दैनिक योग अभ्यास तालिका अनुसार अघिल्लो कक्षामा गरेको अभ्यास र : पिठ्यू , हात, खुट्टा घुमाउने अभ्यास गर्ने<br>शिक्षक सँग मिलेर सह नेतृत्व अभ्यास : त्रिकोणाशन, ताडासन, वृक्षासन, भुजुङ्गासन, पवनमुक्तासन, पश्चिमोत्तानासन भिडियो हेरेर अभ्यास तुलना<br>योगासन चित्र बनाउने कार्य र सामान्य ध्यान गराउने। | अभ्यासको नियमितता मूल्याङ्कन<br>शिक्षकको परीक्षण टिप्पणी<br>सहभागीको आत्म मूल्याङ्कन | १६ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | १. घरको वरीपरीका जडीबुटी पहिचान गर्न ।<br>२. तिनिहरुको प्रयोग र समय बताउन । | आयुर्वेदको परिभाषा, तत्वहरु (वात, पित्त, कफ)<br>तुलसी, गिलीयो बेसार<br>अदुवा, अजवाइन बेलपत्र<br>अमला, गर्जो, मेथी आदि<br>कुन विरुवा कुन रोगमा, कुन भाग प्रयाग गर्ने कति मात्रामा | जडीबुटी अवलोकन भ्रमण गरायर आयुर्वेदको परिभाषा र,तत्वहरु (वात ,पित्त ,कफ ) बारे जानकारी गर्ने ।<br>घरमै प्रयोग भएका जडीबुटी खोज्ने कार्य<br>आमा बुवासँग अन्तरवार्ता लिने ।<br>भिडियो हेरेर पहिचान अभ्यास कुन विरुवा कुन रोगमा , कुन भाग प्रयोग गर्ने कति मात्रामा बारे सिकाउने । | कार्य पुस्तिका लेखन<br>मौखीक प्रश्नोत्तर<br>वर्गभित्र प्रदर्शन | ८ घण्टा |
| हाम्रा संघसंस्था | १. सामुदायिक संस्था पहिचान गर्न सक्ने<br>२. तिनको कार्य बताउन सक्ने | सामुदायिक विद्यालय, भजन मन्डली, गुठी, मन्दिर, बाल क्लव आदि<br>शैक्षिक संस्थाको सन्चालन प्रक्रिया<br>शिक्षक अभिभावक संघको भूमिका<br>बालवालिकासँग सम्बन्धीत संस्था र<br>उनिहरुको महत्व | सामुदायिक विद्यालय, भजन मन्डली, गुठी, मन्दिर, बौद्ध विहार, बाल क्लव आदि बाट अतिथि आमन्त्रण कार्यक्रम टोल भ्रमण र रिपोर्ट लेख्ने विद्यालय समिति (शि.अ.स.)को नमूना गठन अभ्यास, बालवालिकाबाट सन्चालित क्लव वा कार्यक्रमबारे छलफल गर्ने । | प्रस्तुति मूल्याङ्कन अवलोकन<br>रिपोर्ट<br>सहभागिता र व्यवहार मूल्याङ्कन | ८ घण्टा |

# विस्तृतिकरण

## कक्षा ६

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| बुटवल परिचय | १, तिनाउ नदीको सभ्यता तथा महत्व उल्लेख गर्न । <br>२, बुटवल स्थित प्रमुख संचारका माध्यम बताउदैं संचारको महत्व उल्लेख गर्दै समाचार लेखनको अभ्यास गर्न । <br>३, उज्यालो तथा सफा बुटवल हाम्रो दायित्व बारे आफु बसेको ठाउंको उदाहरण सहित प्रष्ट पार्न । <br>४, बढ्दो शहरीकरण अवसर र चुनौती व्याख्या गर्न । <br>५, अन्तरवार्ताका लागि प्रश्न तयार गर्न । | सभ्यताको उद्गम स्थल नदी किनार रहेको । बुटवलको वस्तीमा तिनाउ नदी को महत्व । बुटवल स्थित प्रमुख संचारका माध्यम : छापा, विद्युतीय पत्रपत्रिका, रेडियो, टेलिभिजनका नाम र महत्व । उज्यालो बुटवल र सफा शहर बनाउनमा हाम्रो भूमिका । सरसफाइका लागि नगरले गरेका काम । कार्यक्रमको समाचार तयार पार्ने अभ्यास । बसाइ सराइ तथा अन्य आकर्षक कारणले भएको बढ्दो शहरीकरणको चुनौती तथा अवसर । टोल विकास संस्था तथा आमा समूहको अध्यक्ष संग टोलले गरेका काम सोध पूछ गरी सुझाव दिने । | शिक्षकले विद्यार्थीलाइ प्रश्नोत्तर तथा छलफल गराइ नदीको सभ्यताको धारणा स्पष्ट पारिदिने । बुटवलको उन्नति एवं प्रगति को प्रमुख आधार तिनाउ नदी हो भन्ने विषयमा छलफल बाट निचोड निकाल्ने । संचार माध्यम बारे छलफल बाट निष्कर्ष निकाल्ने । समाचार लेखनमा पत्रिकाको सहयोग लिइ अभ्यास गर्ने । उज्यालो बुटवल सफा शहर हाम्रो गौरव हो प्रष्ट पार्ने । व्यक्ति व्यक्ति बाट सफाइ सुरु गर्नु पर्छ छलफल गराउने । बढ्दो शहरीकरण हुनाका कारण तथा यसको अवसर एवं चुनौती बारे छलफल गरी निष्कर्ष निकाल्ने । टोलको अध्यक्ष र आमा समूहको अध्यक्ष संग टोलले गरेका र गर्न सक्ने काम बारे अभिनय बाट प्रस्तुत गर्ने । | बुटवलको विकासमा तिनाउ नदीको महत्वपूर्ण योगदान रहेको छ, पुष्टि गर्नुहोस् । बुटवल स्थित संचार माध्यमका नाम उल्लेख गरी यसको महत्व समेत बताउनुहोस् । उज्यालो बुटवल सफा शहर सम्बन्धी नगरपालिकामा भएको प्रवचन कार्यको समाचार तयार गर्नुहोस् । बढ्दो शहरीकरणलाइ कसरी व्यवस्थापन गर्न सकिन्छ ? बताउनुहोस् । <br>आफ्नो समुदायको टोल विकास संस्था सम्बन्धी एक परियोजना कार्य गरेर ल्याउनुहोस् । | ८ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो धर्म संस्कृति र परम्परा | १, शुभकार्य गर्नु अघि मंगला चरण अर्थात स्वस्ति वाचन, धार्मिक गान गाउन पर्ने कारण बताउन ।<br>२, हाम्रो मेलो पर्व महोत्सवको व्याख्या गर्न ।<br>३, सामाजिक एकता र सद्भाव कायम राख्न पर्ने कारण उल्लेख गर्न ।<br>४, मानिसमा हुने विकारी र निर्विकारी गुण अर्थ सहित उल्लेख गर्न ।<br>५, नगर दिवसका परिचय दिन र महत्व महत्व । | विद्यालयमा गरिने भवन शिलान्यास तथा उद्घाटन गर्दा गरिने स्वस्ति वाचन मंगलाचरण । हाम्रो मेलो पर्व, बुटवल महोत्सवको महत्व अनुभव आदान प्रदान । सामाजिक सद्भाव अनुशासन सहनशीलता, पवित्रता समाज एकताको आधार जसबाट समाजमा मेल मिलाप हुने । कामको सम्मान, मन बाट उत्पन्न हुने काम वासना, लोभ क्रोध मोह अहंकार प्रमुख विकारि तत्व । नगर दिबसको परिचय र यसको महत्व | शिक्षकले विद्यार्थीलाइ कक्षामा नै कक्षा गान, नगर गान स्वस्ति वाचनको महत्व बताउदै अभ्यास गर्न लगाउने । छलफल प्रश्नोत्तर गरी हाम्रो मेलो पर्व, सांस्कृतिक संग्रहालय, बुटवल महोत्सव बारे अनुभव सहित चर्चा गर्ने र महोत्सवको समय भए अवलोकन समेत गराउने । समूहगत छलफल गराइ सामाजिक सद्भाव सहितको एकता कायम गर्ने निष्कर्ष दिने । कामको सम्मान, काम, वासना, लोभ क्रोध, मोह, अहंकार र विकारी तत्व बारे छलफल गर्ने । प्रश्नोत्तर छलफल बाट विकारी र निर्विकारी तत्व प्रष्ट पार्ने । नगर दिवसको परिचय दिने र यसको महत्व बताउने । | प्रदर्शनी मेलामा जानु भयो होला । मेलाको बारेमा एउटा परियोजना कार्य तयार गर्नुहोस् । हाम्रो समाज राम्रो बनाउन के गर्नु पर्ला ? आफ्नो धारणा राख्नुहोस् । संग्रहालयको महत्व किन छ ? हामीलाइ काम गर्न परे अप्ठेरो लाग्छ , के यो ठिक हो वा होइन । पुष्टि गर्नुहोस् । तपांइको नगर दिवस कसरी मनाउने गरिएको छ ? छोटकरीमा उल्लेख गर्दै आफ्नो साथीलाइ पत्र लेख्नुहोस् । हामी निर्विकारी कसरी बन्न सक्छौं ? उदाहरण सहित प्रष्ट पार्नुहोस् । | ९ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो पर्यटन | पर्यटनको परिभाषा दिन। पर्यटनको महत्व बताउन। | पर्यटनको परिभाषा र पर्यटनको आर्थिक, सांस्कृतिक र सामाजिक महत्व<br>पर्यटकीय स्थानहरु | १. परिभाषा र चर्चा:<br>विद्यार्थीहरूलाई पर्यटनको परिभाषा बुझाउने।<br>सोध्नेः "तपाईंले कहिले यात्रा गर्नुभएको छ ? कहाँ गएर कस्तो अनुभव भयो?" जस्ता प्रश्नहरू सोधेर चर्चा ल्याउने।<br>२. चित्र र झलक आधारित प्रस्तुति:<br>विभिन्न पर्यटन स्थलको तस्बिर देखाउने र ती स्थलहरूको चर्चा गर्ने।<br>स्थानहरू जस्तैः पहाड, समुन्द्र, ऐतिहासिक स्थल आदि।<br>३.लेखन अभ्यासः<br>विद्यार्थीहरूले आफ्नो मनपर्ने पर्यटकीय स्थानको छोटो विवरण लेख्न दिनुहोस्।<br>४. महत्व र लाभमा चर्चा:<br>किन पर्यटन आवश्यक छ ? आर्थिक, सांस्कृतिक र सामाजिक दृष्टिकोणले यसको महत्वबारे सोधपुछ गर्ने। | समूह बनाएर एउटा पर्यटकीय स्थलको योजना बनाउने, नक्सा बनाउने, र प्रस्तुत गर्ने।<br>तपाईंले कहिले यात्रा गर्नुभएको छ ? कहाँ गएर कस्तो अनुभव भयो ?<br>पर्यटनको महत्वको फाइदा लेख्नुहोस्। | ८ घण्टा |
| | बैठहवा, गैडहवा र गजेडी तालको अवस्थिति र महत्व बताउन। | बैठहवा, गैडहवा र गजेडी तालको परिचय अवस्थिति र महत्व। ताल रहेका स्थानहरु, बुटवल नगरसंगको तालको दूरी, तालको क्षेत्रफल, तालको कारणले देखिएको प्राकृतिक सुन्दरता तालको लागि भ्रमणको योजनाताल र आसपासका विषयवस्तु डुङ्गा चराचुरुङ्गी, रुख लता फूल तालको पानीले बनाएको सुन्दरताको विषय | बैठहवा, गैडहवा र गजेडी तालको अवस्थितिको बारेमा बालबालिकाहरुसंग प्रश्नोत्तर विधिको माध्यमबाट सोधपुछ र छलफल गर्ने। छलफलकै क्रममा ताल रहेका स्थानहरु, बुटवल नगरसँगको तालको दूरी, तालको क्षेत्रफल, तालको कारणले देखिएको प्राकृतिक सुन्दरता समेटेर रुपन्देहीको मानचित्रको आधारमा परिचय गराउने।<br>सबै तालको लागि भ्रमणको अलग अलग योजना बनाउने।<br>भ्रमण गर्दा ख्याल गर्नुपर्ने कुराहरुको आवश्यक निर्देशन दिने ।तालमा लैजाने। तालको प्रत्यक्ष अवलोकन गराउने, ताल र आसपासका विषयवस्तु डुङ्गा चराचुरुङ्गी, रुख लता फूल तालको पानीले बनाएको सुन्दरताको विषयमा बताइदिने।<br>यो रमाइलो ठाँउमा देशभित्र र बाहिर बाट धेरै मानिसहरु घुमफिर गर्न आउने कुरा समेतको जानकारी बालबालिकाहरुलाई गराउने। | बैठोलिया, गजेडी ताल कहाँ पर्दछ ?<br>गैडहवा ताल कहाँ पर्दछ ?<br>गैडहवा बैठोलिया तालको क्षेत्रफल कति छ ?<br>गजेडी तालमा पाइने चराहरु के के हुन् ? | ९ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो सिप, पेसा र व्यवसाय | अग्रेजी टाइपिङ्ग गर्न । | परिचयात्मक क्रियाकलापहरू (Basic Orientation): कम्प्युटर र की-बोर्ड चिनाउनेः की-बोर्डका भागहरू (letters, numbers, function keys, space bar, enter, delete आदि) चिनाउने । QWERTY लेआउटको बारेमा जानकारी<br>(Home Row Practice)<br>अक्षर अनुसार टाइपिङः<br>शब्द टाइप अभ्यासः<br>वाक्य टाइप अभ्यास<br>रमाइलो खेलमार्फत अभ्यास (Typing Games): Typing Club, Keybr, BBC Dance Mat Typing) | कक्षा ६ का विद्यार्थीहरूलाई अंग्रेजी टाइपिङ (English Typing) सिकाउनका लागि आकर्षक, चरणबद्ध र अभ्यासमुखी सिकाइ क्रियाकलापहरू आवश्यक पर्छन्। तल सम्भावित सिकाइ क्रियाकलापहरू उल्लेख गरिएका छन ।<br>१.परिचयात्मक क्रियाकलापहरू (Basic Orientation):<br>कम्प्युटर र की-बोर्ड चिनाउनेः की-बोर्डका भागहरू (letters, numbers, function keys, space bar, enter, delete आदि) चिनाउने । QWERTY लेआउटको बारेमा जानकारी गराउने ।<br>सही टाइपिङ आसन सिकाउनेः बस्ने तरिका, हातको स्थिति, औंलाको स्थान बारे अभ्यास गराउने ।<br>२. टाइपिङ अभ्यास क्रियाकलापहरूः<br>क) होम रो अभ्यास (Home Row Practice):'asdfghjkl' लाई बारम्बार टाइप गर्न लगाउने ।<br>औंलाको प्रयोग कुन बटनमा गर्नुपर्छ भन्ने तालिका बनाएर अभ्यास गराउने ।<br>ख) अक्षर अनुसार टाइपिङः प्रत्येक दिन ४-५ नयाँ अक्षरको टाइपिङ अभ्यास गराउने ।<br>उदाहरणः "ब", "क", "म" अक्षरको दिनमा "sad", "dad", "ads" जस्ता शब्द टाइप गराउने ।<br>ग) शब्द टाइप अभ्यासः सामान्य अंग्रेजी शब्द (cat, dog, home, pen आदि) टाइप गराउने ।<br>शब्दसँग चित्र देखाएर सम्बन्धीत शब्द टाइप गराउने (visual learning)।<br>घ) वाक्य टाइप अभ्यासः छोटा वाक्यहरूः "I am a student" "This is a pen" आदि। टाइप गर्दै पढ्ने अभ्यास गराउने ।<br>रमाइलो खेलमार्फत अभ्यास (Typing Games): Typing Club, Keybr, BBC Dance Mat Typing जस्ता बालमैत्री वेबसाइट/अनलाइन खेल प्रयोग गराउने ।<br>प्रत्येक विद्यार्थीलाई व्यक्तिगत रूपमा कम्प्युटरमा टाइप गराएर स्कोर देखाउने ।<br>विद्यार्थीको सुधार र कमजोरी टिपोट राख्ने।<br>यी क्रियाकलापहरू लागू गर्दा विद्यार्थीमा टाइपिङप्रतिको रुचि बढ्छ, सिकाइ सहज हुन्छ र व्यावहारिक सिप विकास हुन्छ। | नियमित गृहकार्य वा प्रोजेक्टः<br>घरमा १० मिनेट टाइपिङ अभ्यास गर्ने कार्य दिने ।<br>"माइ सेलबायोग्राफी" वा "मेरो स्कूल" शीर्षकमा टाइप गराउने सानो प्रोजेक्ट काम दिने ।<br>प्रगति मूल्याङ्कन (Assessment):<br>हप्तामा एकपल्ट टाइपिङ स्पीड र accuracy जाँच्ने। | १३ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | अन्तर्व्यैयक्तिक सिपको विकास गर्न<br>(प्रभावकारी रूपमा कुरा गर्न, सहकार्य गर्न, समस्या समाधान गर्न र सकारात्मक सम्बन्ध बनाउन) | सहकार्य (Cooperation)<br>संवाद Communication)<br>सहनशीलता (Tolerance)<br>आत्म-नियन्त्रण (Self–control)<br><br>नेतृत्व र समूहमा काम गर्ने सिप<br>सहानुभूति (Empathy)<br>"मेरो साथी" परिचय खेल<br>भूमिका खेल Role Play):<br>समूह कार्य (Group Work)<br>:संवाद सर्कल<br>(Circle Time Discussion):<br>नेतृत्व अभ्यास<br>(Class Monitor Game): | सम्भावित शिक्षण-सिकाइ क्रियाकलापहरू:<br>१. "मेरो साथी" परिचय खेल (Know your friend activity):<br>विद्यार्थीलाई जोडी बनाइदिने र एक-अर्काबारे ३ जानकारी सोध्न लगाउने।<br>त्यसपछि आफ्नो जोडीको बारेमा कक्षामा भनाइ गर्ने।<br>यसले संवाद र सुनाइ सिप विकास गर्छ।<br>२. भूमिका खेल Role Play):<br>विषय: "विद्यालयमा नयाँ विद्यार्थी आए", "साथी रिसायो, के गर्ने?",<br>"साझा काम मिलेर गर्ने"<br>विद्यार्थीहरूलाई भूमिका बाँडेर सानो नाटक गराउने।<br>यसले समस्या समाधान, सहानुभूति र सहकार्य सिकाउँछ।<br>३. समूह कार्य (Group Work):<br>सानो समूह बनाएर चित्र बनाउने, कथा लेख्ने, मोडल बनाउने कार्य दिने।<br>समूहमा सबैलाई जिम्मेवारी बाँड्न लगाइने।<br>टीमवर्क, बिचार आदान-प्रदान, सहकार्य को अभ्यास गरिन्छ।<br>४. संवाद सर्कल (Circle Time Discussion):<br>सबै विद्यार्थीहरू गोलो घेरा बनाएर बस्ने।<br>शिक्षकले एउटा विषय दिन्छन :<br>"तपाईंलाई कहिले राम्रो साथी भेटियो ?",<br>"जब म रिसाएँ, मैले के गरेँ ?"<br>सबै पालैपालो बोल्ने अभ्यास, अरूको कुरा सुन्ने आदत।<br>५. "शुभकामना कार्ड" बनाउने:<br>विद्यार्थीलाई आफ्नो साथीको लागि सानो शुभकामना कार्ड बनाउन भन्ने।<br>यसले सकारात्मक सम्बन्ध र सहानुभूति बढाउँछ।<br>६. "समस्या समाधान पोस्टर" बनाउन लगाउने। उदाहरण: "यदि साथी रिसायो भने के गर्ने ?", "यदि समूहमा कोही काम गर्दैन भने ?"<br>विद्यार्थीलाई समाधान लेखेर पोस्टर बनाउने अभ्यास गराउने।<br>७. नेतृत्व अभ्यास (Class Monitor Game):<br>सानो समूहमा "नेता" परिवर्तन गर्दै जिम्मेवारी दिने।<br>अरूको कुरा सुन्न, निर्णय गर्न, सहयोग गर्न सिक्ने अवसर। | सिकाइ मूल्याङ्कनका तरिका:<br><br>विद्यार्थीले सहकार्य गरे/नगरेको शिक्षकले अवलोकन गर्ने।<br><br>संवाद गर्ने, अरूलाई सुन्ने, बिचार दिनेको अभ्यासमा आधारित मूल्याङ्कन।<br><br>आत्ममूल्याङ्कन (Self–reflection): "मैले आज के नयाँ कुरा सिकेँ?" | ७ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | बटुक रोटी बनाउन चाहिने सामाग्रीको सूचि बनाउन।<br>बटुक रोटी बनाउने सिप आजर्न गर्न। | बटुक रोटी र बनाउने तरिका<br>बटुक रोटी बढी प्रयोग हुने चाडपर्व<br>बटुक रोटी बनाउन चाहिने सामाग्रीको सूचि<br>पूर्वतयारी (Preparation Activities):<br>प्रयोगात्मक (hands–on) अभ्यास<br>प्रक्रिया देखाउने<br>मुख्य क्रियाकलाप (Main Learning Activities):<br>समूहगत अभ्यास<br>बटुकको गुणस्तरबारे जानकारी | विद्यार्थीहरुलाई बटुक रोटीको फोटो देखाइ यो एक नेपाली परम्परागत स्वादिष्ट रोटीको परिकार हो। यो रोटी विशेष गरेर नेपाली समुदायमा दशै तिहारका बेला बढी प्रयोग हुने गर्दछ। साथै यो रोटी माघे संक्रान्तिका दिन पनि उत्तिकै प्रयोग गरिन्छ भनी छलफल गर्ने।<br>विद्यार्थीहरुलाई कसकसले खाएको छौ र के बाट बन्छ होला भनी प्रश्न गर्ने त्यसपछि शिक्षकले रोटी बनाउन चाहिने सामाग्रीको सूचि तयार गर्ने। बनाउने तरिका बताउनुहोस्।<br>पूर्वतयारी (Preparat ion Activities):<br>सेल रोटीका सामग्री चिनाउने क्रियाकलापः<br>सिल्टुङको पिठा, नुन, घीउ/तेल, पानी, आदि सामग्री कक्षामा देखाएर नाम लेख्न लगाउने।<br>विद्यार्थीहरूसँग सामग्रीको उपयोगबारे छलफल गराउने।<br>बटुक रोटी बनाउने चरणहरू चित्र वा भिडियोमार्फत देखाउनेः।<br>प्रक्रिया देखाउने (PowerPoint, चार्ट वा भिडियो) जसले विद्यार्थीलाई सिक्न सजिलो बनाउँछ।<br>मुख्य क्रियाकलाप (Main Learning Activities):<br>सजिलै बुझिने चरणगत निर्देशन दिनेः(बटुक बनाउनका लागि सबैभन्दा पहिले सिल्टुङको पिठो आवस्यक पर्दछ। सिल्टुङको पिठोमा आवश्यक अनुसार नुन, सागका मसिना त्यान्द्राहरू, आदिको प्रयोग गरेर मुछिन्छ र बाक्लोसँग मुछेको मिश्रित पिठोलाई डल्लो पारे थिचेर सानो वृत आकारमा बनाइन्छ। त्यहि वृत्त आकारको पिठोको मिश्रीत रूपलाई तातिरहेको तेल वा घ्यूमा पकाए पछि बटुक तयार हुने गर्दछ।)<br>रोटी तारेको प्रक्रिया<br>समूहगत अभ्यास गराउनेः<br>विद्यार्थीलाई समूहमा विभाजन गरेर, प्रत्येक समूहलाई आ-आफ्नो पालोमा घोल बनाउन लगाउने।<br>प्रयोगात्मक (hands–on) अभ्यास गराउनेः<br>शिक्षकको निर्देशनमा विद्यार्थीलाई बटुक रोटी तार्ने प्रक्रिया देखाउने वा सहभागी गराउने (यदि आगोको सुरक्षा व्यवस्था छ भने) | बटुक रोटी खासगरी कुन कुन चाडमा बढी प्रयोग गरिन्छ ?<br>बटुक रोटी बनाउन चाहिने सामाग्रीको सूचि तयार गर्नुहोस।<br>साथीभाइ मिलेर बटुक रोटी तयार गरि देखाउनुहोस्।<br>सिप मूल्याङ्कनः<br>विद्यार्थीहरूले आफैंले बनाएको घोलको गुणस्तरबारे समीक्षा गराउने।<br>सिकेका कुराको संक्षिप्त लेख लेख्न लगाउने -बटुक रोटी बनाउँदा ध्यान दिनुपर्ने कुराहरू<br>सिप मूल्याङ्कनः<br>विद्यार्थीहरूले आफैंले बनाएको घोलको गुणस्तरबारे समीक्षा गराउने।<br>सिकेका कुराको संक्षिप्त लेख लेख्न लगाउनेः<br>बटुक रोटी बनाउँदा ध्यान दिनुपर्ने कुराहरू।<br>बटुक रोटी बनाउने अनुभव सेयर गर्नुहोस्। | १२ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| विपद् व्यवस्थापन र सडक सुरक्षा | १.विपद्पछि पुनः स्थापनाको आवश्यकता, उपाय र समर्पण भावना जगाउन।<br>२. विपद्पछि आवश्यक पर्ने सामग्रीहरूको सूचि तयार गर्न। | विपद्पछि पुनः स्थापनाको आवश्यकता, उपाय<br>विपद्को कथन र पुनर्लाभको वर्णन<br>चित्रद्वारा सिकाइ<br>बिपद्पीडित, स्वास्थ्यकर्मी, स्वयंसेवक, सरकारी कर्मचारी, शिक्षकको विपतमा भूमिका तथा सामाजिक उत्तरदायित्व र सहकार्य<br>सहयोग सामग्रीको सूची<br>पुनर्निर्माण योजना<br>विपद्पछिका राहत र पुनर्निर्माणबारे छोटा योजना | १. विपद्को कथन र पुनर्लाभको वर्णन (Story–Based Learning)<br>क्रियाकलापः कुनै बाढी, भूकम्प, पहिरो आदिको सन्दर्भमा आधारित कथा सुनाउने र त्यसपछि स्थानीय बासिन्दाले कसरी बाँच्न सके, घर कसरी बनाए आदि चर्चा गराउने।<br>उद्देश्यः विद्यार्थीले विपत्तिपछि के-के चुनौती आउँछ र कसरी सम्हालिन्छ भन्ने बताउन सक्छन्।<br>२. चित्रद्वारा सिकाइ (Poster ÷Chart Work)<br>क्रियाकलापः "विपद्पछि के गर्ने?" वा "पुनःस्थापना प्रयासहरू" विषयमा चित्र वा पोस्टर बनाउने। उदाहरणः पाल हालेर बस्नु, टोलमा मिलेर घर बनाउनु, स्वास्थ्य सहायता लिने आदि चित्रहरू।<br>३. भूमिका अभिनय (Role Play/Drama)<br>क्रियाकलापः विपद्पछि एक गाउँमा के भयो? कसले के सहयोग गऱ्यो? भन्ने नाटक गराउने। पात्रहरूः बिपद्पीडित, स्वास्थ्यकर्मी, स्वयंसेवक, सरकारी कर्मचारी, शिक्षक आदि।<br>लाभः सामाजिक उत्तरदायित्व र सहकार्य सिक्ने।<br>४. स्मरण र लेखन अभ्यास (Creative Writing)<br>क्रियाकलापः "यदि मेरो गाउँमा भूकम्प आयो भने म के गर्थें?" भन्ने शीर्षकमा लेख्न लगाउने। लाभः सोच्ने, कल्पना गर्ने र समाधान खोज्ने सिप विकास।<br>५.सहयोग सामग्रीको सूची बनाउने (Group Work)<br>क्रियाकलापः विपद्पछि आवश्यक पर्ने सामग्रीहरू (जस्तैः पाल, खानेकुरा, औषधी) को सूची विद्यार्थी समूहमा बनाउने। लाभः योजना बनाउने सिप।<br>६. समूहमा पुनर्निर्माण योजना बनाउने<br>क्रियाकलापः "हाम्रो गाउँमा पहिरो आयो भने हामी के गर्ने?" भन्ने विषयमा समूहगत समाधान योजना बनाउने। उदाहरणः अस्थायी बासको व्यवस्था, बालबालिकाको पढाइ निरन्तरता, खानेपानीको जोहो आदि।<br>७. Audio–Visual प्रस्तुति (यदि सम्भव छ भने)<br>क्रियाकलापः विपद्पछिका राहत र पुनर्निर्माणबारे छोटो भिडियो देखाउने (जस्तैः नेपालमा गोरखा भूकम्पपछिको पुनर्निर्माण)। | विपद्को परिभाषा दिनुहोस्।<br>विपद् पुर्नस्थापना भनेको के हो ?<br>विपद्पछि आवश्यक पर्ने सामग्रीहरूको सूचि तयार गर्नुहोस।<br>विपत्तिपछि के-के चुनौती आउँछ र कसरी सम्हालिन्छ ?<br>हाम्रो गाउँमा पहिरो आयो भने हामीले के गर्ने ? | ८ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | सुरक्षित बासस्थान बनाउने ज्ञान, जोखिम चिन्न सक्ने क्षमता, र व्यावहारिक सोच विकास गर्न। | सुरक्षित र असुरक्षित घरका परिचय र विशेषताहरु<br>सुरक्षित र असुरक्षित घर<br>सुरक्षित घरका विशेषताहरु<br>सुरक्षित घर र घर बनाउँदा ध्यान दिनु पर्ने कुरा जमिनको छनौट, निकास, बाढी/भूकम्पबाट सुरक्षित हुने उपाय।<br>घरमा खतरा आउने विपतहरु<br>सुरक्षित घरको मोडल बनाउन<br>भूकम्प प्रतिरोधी घरबारे जानकारी<br>भूकम्प प्रतिरोधी घर बनाउने उपायहरू चित्र (जस्तैः ट्रूस प्रणाली, डन्डी, बलियो जग)।<br>सुरक्षित घर निर्माणमा घरधनी, इञ्जिनियर, स्थानीय बासिन्दा, बालबालिकाको भूमिका | १. सुरक्षित र असुरक्षित घरका तस्बिरहरू देखाउने (जस्तैः बलियो घर, चट्टानमुनि बनेको घर, नदीको किनारको घर<br>क्रियाकलापः घर बनाउँदा के-के ध्यान दिनुपर्छ ?<br>कुन-कुन विपद्का कारण घरमा खतरा आउन सक्छ ?<br>हरेक समूहले ५-५ बुँदामा आफ्नो बिचार लेख्छ र टाँस्ने कार्डमा राखेर कक्षा पाटीमा टाँस्छन्।<br>२. सामूहिक मस्तिष्क उद्गार (Brain storming)<br>प्रश्नः घर बनाउँदा के-के कुरामा ध्यान दिनुपर्छ ?<br>क्रियाकलापः हरेक समूहले ५-५ बुँदामा आफ्नो बिचार लेख्छ र टाँस्ने कार्डमा राखेर कक्षा पाटीमा टाँस्छन्।<br>३. सुरक्षित घरको मोडल बनाउन<br>क्रियाकलापः विद्यार्थीहरूलाई समूहमा बाँडेर सुरक्षित घरको नमूना बनाउन दिने (कागज, माटो, झारपात, प्लास्टिक आदि प्रयोग गरी)। मुख्य ध्यानः जमिनको छनौट, निकास, बाढी/भूकम्पबाट सुरक्षित हुने उपाय।<br>४. भूकम्प प्रतिरोधी घरबारे जानकारी<br>क्रियाकलापः शिक्षकले भूकम्प प्रतिरोधी घर बनाउने उपायहरू चित्रमार्फत देखाउने (जस्तैः ट्रूस प्रणाली, डन्डी, बलियो जग)।<br>विद्यार्थीहरूलाई ती उपायहरू चित्रमा चिनाउने अभ्यास गराउने ।<br>५. नाटक वा भूमिका नाटक (Role Play)<br>विषयः“घर बनाउने बेला हुने छलफल”<br>भूमिकाः घरधनी, इञ्जिनियर, स्थानीय बासिन्दा, बालबालिका<br>उद्देश्यः सुरक्षित घर बनाउनका लागि छलफलमा सबै पक्षले के भूमिका खेल्छन् भनेर बुझ्ने।<br>६. स्थानीय घरहरूको अध्ययन<br>क्रियाकलापः नजिकैका दुई घरको अवलोकन गरी कुन सुरक्षित छ/छैन भन्ने रिपोर्ट लेख्ने।<br>कुन ठाउँमा, कुन सामग्री प्रयोग गरिएको छ, के खतरा हुन सक्छ आदि हेर्ने। | चित्र र फोटो हेरी कुन-कुन विपद्का कारण घरमा खतरा आउन सक्छ ? कारण दिनुहोस्।<br>सुरक्षित र असुरक्षित घरका तस्बिरहरू देखाउने (जस्तैः बलियो घर, चट्टानमुनि बनेको घर, नदीको किनारको घर आदि)।<br>कुन घर सुरक्षित छ ? किन?<br>विद्यार्थीहरू समूहमा छलफल गर्छन् र लेखेर प्रस्तुत गर्छन्।<br>घर बनाउँदा के-के कुरामा ध्यान दिनुपर्छ ?<br>सुरक्षित घरका कुनै ५ विशेषताहरु के के हुन ? | ८ घण्टा |

| क्षेत्र | सिकाइका सक्षमता | विषयवस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| स्वास्थ्य र खेलकूद | स्थानीय स्वास्थ्य सेवाबारे जानकारी राख्न, प्राथमिक उपचार विधि अवलम्बन गर्न । | बुटवल भित्र रहेका स्वास्थ्य संस्था : स्वास्थ्य चौकी, अस्पताल, औषधालय । त्यहाँ पाइने सेवा : सल्लाह, उपचार, सुत्केरी सेवा, खोप, जाँच प्राथमिक उपचारका आधारभूत विधिहरु (चोट पिडोलो, चीसो लाग्दा, वान्ता हुँदा आदि) | शिक्षकले नजिकको स्वास्थ्य संस्थाको अवलोकन भ्रमण गराउने । शिक्षक विद्यार्थीको सहायतामा प्राथमिक उपचार सम्बन्धी डेमो अभ्यास गराउने । शिक्षकको सहयोगमा औषधी चिन्ने अभ्यास गराउने । शिक्षक विद्यार्थी सहभागी भइ नाटकद्धारा चोटपटक लाग्दा के गर्ने भनेर देखाउने । विभिन्न दृश्य हरु प्रस्तुत गराउने । | मौखिक प्रश्नोत्तर<br>प्राथमिक उपचार अभ्यास मूल्याङ्कन संस्थाको नाम, स्थान र सेवा बताउन सक्ने | १२ घण्टा |
| | स्थानीय र परम्परागत खेलबारे बताउन सक्ने र स्वस्थ प्रतिस्पर्धा गर्न । | बुटवल वरिपरिका परम्परागत खेल : डण्डीबियो, लट्टे, गिटी ,भकुन्डो विद्यालय स्तरीय अन्तरकक्षा खेल : दौड कबड्डी, लंगडी, टग अफ वार आदि। | विद्यालयमा खेल सप्ताह आयोजना गराउने । शिक्षक वा विद्यार्थीद्धारा परम्परागत खेल प्रशीक्षण गराउने । शिक्षकको सहायतामा खेल सम्वन्धी नियम सिकाउने, टिम बनाउन सिकाउने । | टोलीगत खेल प्रदर्शन मूल्याङ्कन<br>सहभागितामा आधारित मूल्याङ्कन<br>खेलको नियम बताउन र प्रयोग गर्न सक्ने | ८ घण्टा |

| क्षेत्र | सिकाइका सक्षमता | विषयवस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| योग र प्राकृतिक चिकित्सा | योगका फाइदाहरु वर्णन गर्न ।<br>कठिन आसन वा प्राणायाम गर्न, ध्यान गर्न । | १.योगका फाइदाहरु : आत्म नियन्त्रण, शरीर लचिलो एकाग्रता, स्वस्थ जीवनशैली<br>२.कठिन सूक्ष्म व्यायाम (६) कटिचालन, पादचालन, स्वस्धचालन आदि<br>३. आसन : (६) नौकासन, त्रिकोणासन, अर्धमत्स्येन्द्रासन , भुजुङ्गासन, चक्रासन<br>४. प्राणयाम : सूर्यभेदी , चन्द्रभेदी भस्त्रिका ध्यान अभ्यास | विभिन्न योग अभ्यास कक्षा कोठामा सिकाउने र दैनिक रुपमा कक्षामा गर्न लगाउने ।<br>योग अभ्यास सम्बन्धी चित्र हेरेर आसन अभ्यास गराउने र ध्यान सुनाउने संगीत सहित अभ्यास गराउने<br>विभिन्न समुूहमा विद्यार्थीहरुलाइ विभाजन गरी यसका फाइदाबारे पोस्टर बनाउन लगाइ छलफल गराउने । | डेमो मूल्याङ्कन<br>आन्तरिक अनुभव लेखन<br>सुसम्बद्धता र अनुशासन मूल्याङ्कन | १४ घण्टा |
| | प्राकृतिक चिकित्सा सिद्धान्तको अर्थ बताउन सक्ने ।<br>आहार विहार उपवासको प्रयोग गर्न । | प्राकृतिक चिकित्सा के हो ?<br>आहार ताजा खाना, समयमै खाना, सात्विक भोजन विहान घाम लाप्ने, तातोपानी स्नान, नियमित सुत्ने उठ्ने वानी उपवास : फलफुल उपवास, जल उपवास, घरेलु जडीबुटीको प्रयोग | सप्ताह व्यापी स्वास्थ्य जीवनशैली अभ्यास<br>आहार तालिका बनाउने अभ्यास ।<br>घरमा पाइने औषधीय विरुवा नोटबुकमा टिपाउने आहार ताजा खाना, समयमै खाना, सात्विक भोजन<br>विहान घाम लाप्ने, तातोपानी स्नान, नियमित सुत्ने उठ्ने वानी<br>उपवास : फलफुल उपवास,जल उपवास,<br>घरेलु जडीबुटीको प्रयोग अभ्यार र जानकारी | आहारविहार तालिका मूल्याङ्कन<br>नाटक प्रस्तुति मूल्याङ्कन<br>व्यक्तिगत सुधार र आत्ममूल्याङ्कन | ५ घण्टा |

| क्षेत्र | सिकाइका सक्षमता | विषयवस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रा संघसस्था | पालिका भित्रका संघसस्थाको काम बताउन ।<br>शिक्षासम्वधी संस्था छुट्याउन । | स्थानीय तहमा रहेका शैक्षिक संघसस्थाः सामुदायिक विद्यालय, माध्यमिक विद्यालय , विशेष विद्यालय यिनको काम पहुँच सेवा लाभ नगरपालिका शिक्षा शाखाको काम र विद्यार्थी सेवासम्बन्धी योजना | समुदाय विद्यालय भ्रमण, शिक्षकमार्फत सस्था पहिचान अभ्यास<br>मेरो विद्यालय शिर्षकमा चित्र बनाउन, स्थानिय तहमा रहेका शैक्षिक संघसस्थाः सामुदायिक विद्यालय, माध्यमिक विद्यालय, विशेष विद्यालय यिनको काम, पहुँच, सेवा, लाभ । नगरपालिका शिक्षा शाखाको काम र विद्यार्थी सेवासम्बन्धी जानकारी । | मौखिक परीक्षण<br>चित्र निवन्ध लेखन<br>संस्था परिचय कार्ड बनाउने । | ५ घण्टा |

# विस्तृतिकरण

## कक्षा ७

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| बुटवल परिचय | १, हाम्रो नगरको नाम बुटवलको नामाकरण बताउन<br>२, बुटवलको ऐतिहासिक महत्व उल्लेख गर्न।<br>३, वडा समिति गठन प्रक्रिया तथा वडा बाट हुने सेवा तथा विकासका काम बताउन।<br>४, बुटवलको शिक्षाको अबस्था र शिक्षामा नगरको भूमिका उल्लेख गर्न। | सुरुमा बटौली नाम हुनाका कारण, खस्यौली नाम पनि भनिने गरिएको तिनाउ पूर्व भागलाइ, पछि दुबै मिलाइ बुटवल नाम रहेको। मणिमुकुन्द सेन राजाको दरवार, नेपाल अंग्रेज युद्ध, कर्णेल उजिर सिंह थापाको नेतृत्वले अंग्रेज पराजित भएकाले जितगढी नाम रहेको। रामापिथेकस को अस्तित्व रहेको। स्थानीय निर्वाचन प्रक्रिया बाट वडा समिति गठन हुने तथा जन्म दर्ता सहित सडक, बत्ती, पानी जस्ता विकासका काम हुने। शिक्षामा, उत्कृष्ट शिक्षा असल संस्कार... बन्नेछन् । विद्यार्थी ज्ञानका रत्न देशका कर्णधार, नारा सफल पार्न। नगर गानको भाव लाइ संबोधन गर्न प्रतिबद्ध। विद्यालयलाइ केही अनुदान रकम सहित शिक्षक तथा भौतिक ब्यबस्थापनमा सहयोग, स्वास्थ्य कर्मी तथा छोरी पढाउ कार्यक्रम, खेलकूद, संस्कृति संरक्षणका विविध कार्य नगर बाट भइरहेको। | छलफल तथा प्रश्नोत्तरका माध्यम बाट बुटवल नामाकरण भएको कुरा प्रष्ट पार्ने। ऐतिहासिक पक्ष बारे प्रष्ट हुन मणीमुकुन्दसेन उद्यान, जितगढी किल्ला तथा रामापिथेकस पार्कको अवलोकन भ्रमण । समुदायमा कसै संग तपाइले जान्दाको बुटवल र अहिलेको बुटवलमा के के फरक छ सोधी टिपोट गरी ल्याउन परियोजना कार्य। बुटवलमा शिक्षाको अबस्था छलफल। आफ्नो विद्यालयमा नगरले गरेको महत्वपूर्ण कार्य प्रधानाध्यापक संग सोधी बताउनुहोस्। छोरी पढाउ कार्यक्रम बारे छलफल गरी स्पष्ट हुने। नगरगान तथा शिक्षाको नारा ले दिन खोजेको सन्देश प्रष्ट पार्ने। असल संस्कार सहितको विद्यालय बनाउने बारे छलफल गरी निष्कर्ष निकाल्ने। वडा समितिले गर्ने काम बारे प्रश्न तयार गर्ने र वडा अध्यक्ष संग अन्तरवार्ता लिने। | यस सहरको नाम बुटवल कसरी रहन गयो ? प्रष्ट पार्नुहोस् । कर्णेल उजिर सिंहको परिचय दिनुहोस्।<br>बढ्दो शहरीकरण अवसर को साथै एक चुनौती पनि हो , कसरी ?<br>वडा समितिले गर्ने कामहरु लेख्नुहोस्।<br>नगरले शिक्षामा गरेको महत्वपूर्ण कार्य के के हन् ?<br>नगरको छोरी पढाउ कार्यक्रम अन्तरगत बुटवलको प्राविधिक विद्यालयमा छात्रवृतिमा बहिनीलाइ पढ्नका लागि सिफारीस गरी सहयोग गरी दिनु हुन भन्दै नगर उपप्रमुखलाइ एउटा निबेदन लेख्नुहोस्।<br>सामूहिक रुपमा नगर गान सुनाउनुहोस्। | ८ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | बुटवल उपमहानगरका १९ बटा वडाहरुको सामान्य जानकारी राख्न। | वडाको आधारभूत परिचय,वडाको नाम/नम्बर, क्षेत्रफल, भू-स्वरूप (समथर, नदी किनार आदि),जनघनत्व आर्थिक गतिविधि, जनसांख्यिक विवरण, कुल जनसंख्या, जातिगत संरचना (वडा अनुसार), प्रमुख व्यवसाय शिक्षा विद्यालयहरूको संख्या स्वास्थ्य सेवा, भौतिक पूर्वाधार सामाजिक संरचना, जोखिम/विपद् अवस्था | १. वडा-नक्सा अध्ययन (Ward Map Study Activity) : बुटवल उपमहानगरपालिकाको वडा-नक्सा कक्षामा देखाउने। विद्यार्थीलाई वडा नं. १ देखि १९ लाई चिनाउने। प्रत्येक वडालाई रंग लगाएर "हाम्रो वडाको विशेषता" लेख्ने।<br>२. समूहगत Mini–Research (Group–wise Ward Study)विद्यार्थीलाई १९ वडालाई ५-६ समूहमा बाँडेर निम्न कार्य दिन सकिन्छः प्रत्येक समूहलेःएक वा दुई वडाको जनसंख्या,विद्यालय/स्वास्थ्य चौकी,सडक/पूर्वाधार,खानेपानी/सिंचाइ,मुख्य जाति/समुदायबारे छोटो अध्ययन गरेर चार्टमा लेख्ने।<br>३. समुदाय अवलोकन (Field Visit / Survey)(विद्यालय नजिकको कुनै १ वडामा)विद्यार्थीलाई छिमेक वा बजार क्षेत्रमा लिएर वडाको वास्तविक अवस्था हेर्न लगाउने। सडक, भवन, सेवा केन्द्र, कार्यालय, पार्क, खेलमैदान आदि पहिचान गराउने। घर फर्केर विद्यार्थीहरूले अवलोकन रिपोर्ट लेख्ने।<br>४. सामाजिक नक्सांकन (Social Mapping Activity)"हाम्रो वडामा के-के छन्?" भनेर विद्यार्थीले कक्षाभित्रै सामाजिक नक्सा बनाउने। सडक, विद्यालय, अस्पताल, सरकारी/गैरसरकारी कार्यालय देखाउने। | "कुन वडा सबैभन्दा ठूलो?""कुन वडा औद्योगिक क्षेत्रमा पर्छ ?""कुन वडामा अस्पताल धेरै छन्?""कुन वडा मुख्य बजार क्षेत्र हो?" "हाम्रो वडामा के-के छन्?" भनेर विद्यार्थीले कक्षाभित्रै सामाजिक नक्सा बनाउन दिने र अकलोकन गर्ने। समुदाय अवलोकनपछि घर फर्केर विद्यार्थीहरूले अवलोकन रिपोर्ट लेख्न लागउने र रिपोर्ट हेर्ने। | |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो धर्म संस्कृति र परम्परा | १, धार्मिक तथा सांस्कृतिक धरोहर को महत्व र संरक्षण गर्न पर्ने कुरा बताउन ।<br>२, यस बुटवल उपमहानगरपालिका भित्र रहेका प्रमुख धर्महरुको परिचय दिन तथा यहां रहेका प्रमुख सांस्कृतिक मेला पर्वको बारेमा बताउन ।<br>३, कामले सानो भइंदैन तसर्थ पढाइ संगसंगै काम पनि गरौं भन्ने विषयमा प्रवचन गर्न ।<br>४, जति दुखि भयो वा दुख मान्यो त्यति नै शिरमा बोझ थपिंदै जान्छ कसरी ?<br>५, शान्तिले नै हामीलाइ वास्तविक सुख दिन्छ भन्ने कुरा बताउन । | प्रमुख धार्मिक तथा सांस्कृतिक धरोहर, संग्रहालय, विभिन्न मठ मन्दिर, बौद्धविहार सहित कर्णेल उजिर सिंह पार्क, मणि मुकुन्दसेन पार्क, रामापिथेकस आदिम मानव पार्क संरक्षण । नगर क्षेत्र भित्रका प्रमुख धर्म तथा संस्कृति  सनातन, बौद्ध, मुस्लिम, इसाइ सहित सांस्कृतिक पर्वहरु, कृष्ण जन्माष्टमी, गाइजात्रा, तजियाको मेला जस्ता झाँकीहरु, का साथै विभिन्न समुदायको आआफ्नै भेषभूषा पहिरन । कामको सम्मान हुनुपर्ने कुरा राख्दै काम प्रति प्रेरणा जगाउने धारणा प्रवचन अभ्यास । सुख र दुख दिन र रात जस्तै आउने जाने हो चाहिएको कुरा पाउंदा खुसी नपाउंदा दुखी बन्न नहुने । त्यसैले दुखको बोझ लिन हुंदैन । ठूलो कुरा हो इच्छा व्यवस्थापन र मनको शान्ति । | छलफल तथा प्रश्नोत्तरका माध्यम बाट शिक्षकले धर्म संस्कृति तथा दुबैमा अन्तर बताउनुहोस् । यसका धरोहर सम्पदा मठ मन्दिर जितगढी, फूलवारी बारे छलफल गरी निष्कर्ष निकाल्ने । झांकी को बारेमा विद्यार्थी बाट नै भन्न लगाउने । विभिन्न जात जाति समुदायको भेषभुषा पहिरन बारे छलफल गरी यसको महत्व प्रष्ट पार्ने । विद्यालय , घर सरसफाइ सहित अन्य काम बारे छलफल गराइ कामको सम्मान र कामले नै मानिसलाइ महान बनाउंछ भन्ने निचोड निकाल्ने । सुखदुखका कुरा दृष्टान्त दिइ इच्छा व्यवस्थापन र शान्ति नै ठूलो कुरा हो भन्ने कुरा प्रष्ट पार्ने । | धर्म र संस्कृतिको अर्थ उदाहरण सहित प्रष्ट पार्नुहोस् । आफ्नो समुदायमा भएको एक महत्वपूर्ण सांस्कृतिक सम्पदाको संरक्षण गर्न अनुरोध गर्दै नगर प्रमुखलाइ एक पत्र लेख्नुहोस् । कामले नै मानिसलाइ महान बनाउने हुनाले कामको सम्मान गर्नुपर्छ भन्ने विषयमा प्रवचन कार्य गराउनुहोस् । सुखमा नमातिने दुखमा नआतिने भन्नुको तात्पर्य प्रष्ट पार्नुहोस् । इच्छा व्यवस्थापन र शान्तिले नै मानिसलाइ वास्तविक सुख दिन्छ, स्पष्ट गर्नुहोस् । | ८ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो पर्यटन | हाम्रो संस्कृति र पर्यटन बीचको सम्बन्ध बताउन। | हाम्रो संस्कृति र पर्यटन<br>बुटवलका सांस्कृतिक स्थलहरूको चित्र<br>ऐतिहासिक र सांस्कृतिक मूल्य र त्यसले पर्यटकलाई पार्ने प्रभाव<br>बुटवलका पर्यटकीय स्थल र त्यससँग जोडिएका संस्कृतिहरू (मेला, जात्रा, भोजभतेर, पूजा<br>बुटवलको विशेष सांस्कृतिक पक्षहरूले पर्यटन विकासमा गर्ने योगदान<br>जितगढी किल्ला, मणिमुकुन्द उद्यान, गणेशस्थान मन्दिर आदिमा अध्ययन भ्रमण योजना र प्रतिवेदन नमूना | १. बुटवलका सांस्कृतिक स्थलहरूको चित्र प्रदर्शनीः<br>विद्यार्थीलाई बुटवलका सांस्कृतिक स्थलहरूकोचित्र बनाउन वा खोजेर ल्याउन लगाउने।<br>चित्र हेरेर ती स्थानको ऐतिहासिक र सांस्कृतिक मूल्य र त्यसले पर्यटकलाई कसरी आकर्षित गर्छ भनेर छलफल गराउने।<br>२. स्थानीय गाइडको भूमिका निर्बाह (Role Play)<br>विद्यार्थीलाई पर्यटक र गाइडको भूमिका खेल्न लगाउने।<br>गाइड बनेर बुटवलका पर्यटकीय स्थल र त्यससँग जोडिएका संस्कृतिहरू (मेला, जात्रा, भोजभतेर, पूजा) को बारेमा बताउनुहोसलगाउने।<br>३. ‘बुटवलको संस्कृति र पर्यटन’ विषयमा समूह परिचर्चा<br>समूह बनाएर निम्न प्रश्नहरूमा छलफल गराउनेः<br>बुटवलको विशेष सांस्कृतिक पक्षहरू के-के छन्?<br>पर्यटक बुटवलमा के हेर्न/अनुभव गर्न आउँछन्?<br>बुटवलको संस्कृति पर्यटन विकासमा कसरी सहयोगी छ ?<br>४. स्थानीय भ्रमण (Field Visit) कार्यक्रम<br>नजिकैको जितगढी किल्ला, मणिमुकुन्द उद्यान, गणेशस्थान मन्दिर आदिमा अध्ययन भ्रमण गराउने।<br>फर्केपछि विद्यार्थीहरूलाई छोटो प्रतिवेदन लेख्न वा कक्षा प्रस्तुतिका लागि तयारी गराउने। | “बुटवलको संस्कृति र पर्यटन“ विषयमा निबन्ध लेख्न लगाउने।<br>बुटवलको विशेष सांस्कृतिक पक्षहरू के-के छन्?<br>पर्यटक बुटवलमा के हेर्न/अनुभव गर्न आउँछन्?<br>स्थानीय भ्रमण (Field Visit) पछि छोटो प्रतिवेदन लेख्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस्।<br>“हाम्रो संस्कृति, हाम्रो सम्पदा“, “बुटवल : संस्कृति र पर्यटनको संगम“ आदि शीर्षकमा पोस्टर बनाउनुहोस्। | ८ |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | बुटवललाई रामापिथेकस मानव बिचरण क्षेत्रको रुपमा चित्रण गर्न ।<br>रामापिथेकस मानवको परिचय दिन । | मानव विकासको क्रमचित्र (Evolution Chart)<br>रामापिथेकस मानवको परिचय इतिहास र रामापिथेकस अवशेष भेटिएको क्षेत्र (तिनाउ/बुटवल आसपास)<br>मानव विकाससँग सम्बन्धीत अरु ठाउँहरू पनि चिनाउने (जस्तैः लुम्बिनी, तिलौराकोट<br>बुटवल क्षेत्र रामापिथेकस बिचरण क्षेत्रको रुपमा ऐतिहासिक महत्व<br>तिनाउ खोला आसपास वा रामापिथेकस अवशेष भेटिएको सम्भावित स्थानहरूमा शैक्षिक भ्रमण | १.परिचयात्मक संवाद तथा चित्र अवलोकन<br>विद्यार्थीलाई "रामापिथेकस" के हो? भन्नुहोस् ।<br>मानव विकासको क्रमचित्र (Evolution Chart) देखाउँदै रामापिथेकसको स्थान प्रष्ट पार्ने।<br>बुटवललाई त्यससँग कसरी जोडिएको हो, थालनी चर्चा गराउने ।<br>२. नक्सा कार्य (Map Activity)<br>नेपालको नक्सामा बुटवल र रामापिथेकस अवशेष भेटिएको क्षेत्र (तिनाउ/बुटवल आसपास) चिनाउने।<br>मानव विकाससँग सम्बन्धीत अरु ठाउँहरू पनि चिनाउने (जस्तैः लुम्बिनी, तिलौराकोट आदि)।<br>३. समूह छलफल (Group Discussion)<br>समूह बनाएर यस्ता प्रश्नहरूमा छलफल गराउनेः<br>रामापिथेकस भनेको के हो?<br>किन बुटवलको क्षेत्रलाई रामपिथेकस बिचरण क्षेत्र भनिएको हो?<br>यसले बुटवलको ऐतिहासिक महत्व कसरी बढाएको छ ?<br>४. नाटक वा अभिनय (Role Play/ Drama)<br>विद्यार्थीलाई मानव विकासको पात्रहरू जस्तै रामापिथेकस, प्राचीन मानव, आदिवासी आदिको रूपमा प्रस्तुत गराउने ।<br>'रामापिथेकस बुटवलमा कसरी बिचरण गर्थ्यो?' भन्ने विषयमा सानो नाटक गराउने ।<br>५. शैक्षिक भ्रमण<br>तिनाउ खोला आसपास वा रामापिथेकस अवशेष भेटिएको सम्भावित स्थानहरूमा शैक्षिक भ्रमण गराउने । | स्थानीय पुस्तकालय वा इन्टरनेटको सहयोगमा रामापिथेकस र बुटवलको सम्बन्धबारे संक्षिप्त जानकारी संकलन गर्नुहो्स । संकलित जानकारी कक्षामा प्रस्तुत गर्नुहोस ।<br>रामापिथेकसको कलात्मक चित्र बनाउन लगाउने ।<br>"प्राचीन बुटवलमा रामापिथेकसको जीवन" विषयमा पोस्टर बनाउनुहोस् ।<br>नेपालको नक्सामा बुटवल र रामापिथेकस अवशेष भेटिएको क्षेत्र (तिनाउ/बुटवल आसपास) देखाउनुहोस् ।<br>किन बुटवलको क्षेत्रलाई रामापिथेकस बिचरण क्षेत्र भनिएको हो?<br>यसले बुटवलको ऐतिहासिक महत्व कसरी बढाएको छ ? | ७ |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो सिप, पेसा र व्यवसाय | युनिकोडबाट नेपाली टाइपिङ गर्न । | युनिकोडको परिचय, युनिकोडबाट नेपाली<br>टाइपिङ, नेपाली Keyboard Layout -Romanized/Traditional, गूगल इन्पुट टुल्स (Google Input Tools)<br>प्रयोग गर्न मिल्ने सजिला प्लेटफर्महरू<br>Romanized (Phonetic)Nepali अक्षर, शब्द र वाक्य टाइपिङ अभ्यास<br>अक्षर, शब्द र वाक्य टाइपिङमा ध्यान दिनु पर्ने कुराहरु | १. पूर्वतयारी (सजगता) लक्ष्यः युनिकोड के हो, किन प्रयोग गरिन्छ भन्ने बुझाउने। क्रियाकलापहरूःयुनिकोड र प्रीति फरक (कृपया साधारण भाषामा) भनेर तुलना गर्नुहोस। उदाहरणः मोबाइलमा कस्ता अक्षर आउँछन्? कम्प्युटरमा किन फरक देखिन्छ ?<br>२. Unicode टाइप गर्न आवश्यक उपकरण/सफ्टवेयर स्थापना विद्यार्थीलाई कम्प्युटर/ल्यापटपमा गएको छ भने गूगल इन्पुट टुल्स (Google Input Tools) अथवा नेपाली Keyboard Layout -Romanized/Traditional कसरी सेटअप गर्ने भनेर सिकाउने। विद्यालयमा इन्टरनेट छ भने https://www.typednepal.com वा https://www.easynepalityping .com जस्ता साइटहरूमा टाइप गराउन लगाउने।<br>३. Romanized (Phonetic)Nepali टाइपिङ अभ्यास'Tapai kasto hunuhunchha? लेख्दा 'तपाईं कस्तो हुनुहुन्छ ?' आँउँछ भन्ने अभ्यास। flashcards प्रयोग गरेर शब्द दिइन्छ, विद्यार्थीले टाइप गर्छन ।साथी-साथीबिच जोडी बनाएर सन्देश टाइप गराउने (जस्तैः “आमा घरमा हुनुहुन्छ।“) विद्यार्थीले टाइप गर्दा अक्षर मिलाएको, वाक्य संरचना बुझाएको र गति कति छ भन्ने हेर्ने। प्रयोग गर्न मिल्ने सजिला प्लेटफर्महरूः https://www.easynepalityping.com, https://www.typednepal.com, Google Input Tools | युनिकोड र प्रीति टाइपिङबीच के फरक छ ?<br>५ वटा वाक्य नेपालीमा युनिकोड प्रयोग गरेर टाइप गरेर ल्याउने।<br>आफ्नो नाम, वर्ग र ठेगाना टाइप गर्नुहोस।<br>'मेरो परिवार', 'मेरो विद्यालय' जस्ता विषयमा सानो अनुच्छेद टाइप गर्नुहोस। | १४ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | आफ्नो सोच, भावना, व्यवहार र क्षमताको बारेमा सजग हुन ।<br>(आत्मबोध जीवनोपयोगी सिपको विकास) गर्न । | आफ्नो सोच, भावना, व्यवहार, रुचि, कमजोरी, मूल्यहरु र क्षमता आत्मबोध डायरी स्व-मूल्याङ्कन फाराम<br>प्रमुख आत्मबोध जीवनोपयोगी सिपहरू:<br>१.आफ्नो पहिचान गर्ने सिप (आफू को हो, के मन पर्छ/पर्दैन, के गर्न सकिन्छ भन्ने बुझ्ने क्षमता।)<br>२. आफ्नो भावना बुझ्ने सिप (खुशी, रिस, चिन्ता आदि भावना कहिले र किन आउँछन् भन्ने थाहा पाउने सिप।)<br>३. आफ्नो सोच र व्यवहार बुझ्ने सिप (आफ्नो सोच, निर्णय र कार्य किन त्यस्तो भयो भन्ने आत्ममूल्यांकन गर्ने क्षमता)<br>४. आत्ममूल्याङ्कन सिप (आफ्ना शक्ति र कमजोरीको मूल्याङ्कन गर्ने तथा सुधारका क्षेत्र पत्ता लगाउने सिप।<br>५.आत्मविश्वास विकास सिप<br>आफ्ना क्षमतामा विश्वास राख्ने र चुनौती सामना गर्ने हिम्मत राख्ने सिप।<br>६. आत्मनियन्त्रण सिप (रिस, लोभ, जस्ता भावनालाई नियन्त्रण गर्न सक्ने सिप। )<br>७. आत्मप्रेरणा सिप (लक्ष्य प्राप्तिका लागि आफूलाई नै प्रेरित गर्ने सिप।) | १. आफ्नो पहिचान बुझ्ने क्रियाकलापहरू उद्देश्यः विद्यार्थीले आफू को हो, के मनपर्छ, के सक्छ भन्ने कुरा बुझ्नून्। “म को हुँ?“ भन्ने शीर्षकमा लेखन कार्य गराउने (नाम, रुचि, सपना, बलिया पक्ष) “मेरो आत्म-चित्र”: विद्यार्थीले आफैंबारे चित्र कोर्ने र समूहमा देखाउने। “मेरो पाँच विशेषता“ लेख्ने (जस्तैः म दयालु छु, म पढाइमा राम्रो छु)<br>२. भावना पहिचान गराउने अभ्यास उद्देश्यः विद्यार्थीहरूले आफ्नो भावना (जस्तो - रिस, खुसी, डर) बुझ्न सिकून्। भावनाका कार्ड देखाएर “कहिले यस्तो महसुस भयो?” भनी छलफल गराउने। भावनाको डायरीः हरेक दिनको भावना लेख्ने अभ्यास गराउने। रोल प्ले (भूमिका खेल): विभिन्न परिस्थिति (जस्तैः साथीले जिस्कायो) मा कस्तो प्रतिक्रिया दिनुपर्छ भनेर अभिनय गराउने।<br>३. सकारात्मक सोच विकास गर्ने क्रियाकलाप उद्देश्यः विद्यार्थीहरूमा आत्मविश्वास र सकारात्मक दृष्टिकोण विकास गर्नु। “म सक्छु!” अभियानः विद्यार्थीले आफ्नो एउटा कमजोरी र त्यसलाई सुधार गर्ने उपाय लेख्ने। “साथीको प्रसंसा” खेलः एकअर्काको राम्रो गुण लेखेर कार्ड साटासाट गर्ने। “सपना घोषणा”: विद्यार्थीले आफू के बन्न चाहन्छ बताउनुहोस् र त्यसका लागि के गर्ने भन्ने लेख्ने।<br>४. समूह गतिविधिबाट आत्मबोध अभिवृद्धि उद्देश्यः विद्यार्थीले अरूसँग तुलना नगरी आफूलाई बुझ्न सकून्। “साझा र फरक” खेलः जोडी बनाएर समानता-फरकता खोज्ने (जस्तैः रुचि, खाना) “मेरो कथा“ साझा गर्नेः विद्यार्थीले कुनै अनुभव सुनाउने (जस्तैः म कहिल्यै डराएको थिएँ...)<br>सहायक सामग्रीहरूः भावनाका चित्र/कार्ड आत्मबोध डायरी कपी रंग रेखाचित्र सामग्री भिडियो क्लिप (सजिलो कथाहरू जस्तै “आफूमा विश्वास राख्ने बालक”) | १. आत्मबोध डायरी<br>विद्यार्थीहरूले हरेक दिन वा हप्तामा आफूले अनुभव गरेका भावना, सिकाइ, चुनौती र सफलता डायरीमा लेख्नुहोस्।<br>२. मौखिक अभिव्यक्ति मूल्याङ्कन<br>विद्यार्थीहरूले “म को हुँ?”, “मलाई के मनपर्छ ?”, “म कहिल्यै डराएको थिएँ” जस्ता विषयमा बोलेर सुनाउने।<br>३. स्व-मूल्याङ्कन फाराम प्रयोग गर्न लगाउने।<br>४. समूह मूल्याङ्कन<br>: साथीहरूले एकअर्काको आत्मबोध जीवनोपयोगी सिप प्रस्तुतिका आधारमा प्रतिक्रिया । | ८ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि / सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | मैनाबगर अटो भिलेजको स्थान र विशेषता पत्ता लगाउन। यहाँको अटोमोबाइल व्यापारको प्रकार पहिचान गर्न र प्रभाव पहिचान गर्न। | मैनाबगर अटो भिलेज परिचय, काम महत्व प्राप्त हुने सेवा नक्सा, चाप सुविधा असुविधा, धुलो प्रदूषण -ग्यारेज, अटो पाट्र्स, पेन्टिङ, बडी मेकिङ अटो भिलेजको आर्थिक फाइदा, जनस्वास्थ्यमा असर, ट्राफिक समस्या, सुधारका उपायहरू (जस्तैः ट्राफिक व्यवस्थापन, हरियाली क्षेत्र, पार्किङ क्षेत्र आदि) | १. स्थल अवलोकन भ्रमण (field Visit)<br>विद्यार्थीलाई शिक्षकसहित मैनाबगर अटो भिलेज पुऱ्याएर अवलोकन गराउने।<br>कति प्रकारका पसल छन ? (ग्यारेज, अटो पाट्र्स, पेन्टिङ, बडी मेकिङ आदि), कस्तो चाप छ ? धूलो, ध्वनि प्रदूषण कति छ ? स्थानीय मानिस र कामदारको अनुभव कस्तो छ ?<br>२.चित्र वा नक्सा बनाउने गतिविधि : मैनाबगर अटो भिलेजको नक्सा कोर्न लगाउने। ग्यारेज, सडक, पसलहरू, ट्राफिक चिन्ह आदि कोर्न लगाउने।<br>३. समूह छलफल र पोस्टर प्रस्तुति : अटो भिलेजको आर्थिक फाइदा, जनस्वास्थ्यमा असर, ट्राफिक समस्या, सुधारका उपायहरू (जस्तैः ट्राफिक व्यवस्थापन, हरियाली क्षेत्र, पार्किङ क्षेत्र आदि) प्रत्येक समूहले आफ्नो विषयमा पोस्टर बनाएर प्रस्तुत गर्ने। | बुटवलको नक्सामा मैनाबगर अटोभिलेज देखाउन लगाउने।<br>मैनाबगर अटोभिलजबाट प्राप्त हुने सेवा सुविधा बताउन लगाउने।<br>"मैनाबगरमा ट्राफिक र प्रदूषण समस्या समाधान कसरी गर्ने?"<br>"मैले देखेको मैनाबगर अटो भिलेज" शीर्षकमा अनुच्छेद लेख्न लगाउने।<br>मैनाबगरको तस्बिर देखाएर "तपाईं के देख्नुभयो? के भइरहेको छ ?" | ५ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | बुटवलको कृषि उपज थोक बजार परिचय र स्थानीय अर्थतन्त्र, कृषि प्रणाली र आपूर्ति श्रृंखला (supply chain) बारे वर्णन गर्न। | बुटवलको कृषि उपज थोक बजार परिचय, अवस्थिति, नक्सा (मुख्य प्रवेश, तौल केन्द्र, भण्डारण कक्ष, व्यापारी क्षेत्र, यातायात नाका।<br>बजारको काम गर्ने तरिका, भाउ निर्धारण, दैनिक कारोबार, आपूर्ति प्रणाली।<br>(मूल्य, परिमाण, आपूर्ति, ग्राहकको आधारमा स्थानीय किराना बजार र थोक बजारको तुलना।<br>:किसानलाई उचित मूल्य नपर्नुको कारण<br>:बजारमा सड्ने/नासिने कृषि उत्पादन घटाउने उपाय। | १. क्षेत्र भ्रमण (Field Visit) विद्यार्थीहरूलाई बुटवल कृषि थोक बजारमा लैजाने, त्यहाँका व्यापारी, किसान र कामदारहरूसँग कुराकानी गराउने। बजारको काम गर्ने तरिका, भाउ निर्धारण, दैनिक कारोबार, आपूर्ति प्रणाली पत्ता लगाउने।<br>२. नक्सा/डायग्राम बनाउने कार्य : कृषि थोक बजारको नक्सा कोर्न लगाउने (मुख्य प्रवेश, तौल केन्द्र, भण्डारण कक्ष, व्यापारी क्षेत्र, यातायात नाका आदि सहित) यसबाट स्थानिक व्यवस्थापन र बजार संरचना बुझ्ने।<br>३. स्थानीय कृषकसँग अन्तवार्ता (Interview Activity) विद्यार्थीहरूले आफ्नो गाउँ/छिमेकका किसानहरूसँग कुरा गरेर कृषि उपज कसरी बजारमा पुग्छ भनेर जानकारी संकलन गर्ने र कृषकको अनुभवबाट बजार प्रणाली बुझ्ने।<br>४. तुलनात्मक विश्लेषण :विद्यार्थीहरूले स्थानीय किराना बजार र थोक बजारको तुलना गर्ने तालिका बनाउने (मूल्य, परिमाण, आपूर्ति, ग्राहक आदि आधारमा)। यसबाट थोक बजारको विशेषता बुझाउने।<br>५. समस्या समाधान छलफल (Group Discussion) : किसानलाई उचित मूल्य नपर्नुको कारण? :बजारमा सड्ने/नासिने कृषि उत्पादन घटाउन के गर्न सकिन्छ ? प्लास्टिकको प्रयोग र वातावरणीय असर।<br>६. स्थानीय सरकारको भूमिकाबारे छलफल : बुटवल उपमहानगरपालिकाको कृषि तथा बजार अनुगमन शाखाको काम के हो? छलफल गराउने। यी सबै क्रियाकलापले विद्यार्थीमा अन्वेषण, सोच, सहकार्य र स्थानिक स्रोतप्रति समझ बढाउनेछ। | १. तथ्यगत/ज्ञानमूलक प्रश्नहरू factual/Knowledge based)<br>बुटवलको कृषि उपज थोक बजार कुन स्थानमा रहेको छ ?<br>थोक बजारमा मुख्य रूपमा के-के कृषि उपज बिक्री हुन्छन ?<br>थोक बजारमा किसान, व्यापारी र उपभोक्ताबिचको सम्बन्ध कस्तो हुन्छ ?<br>२. बुझाइ सम्बन्धी प्रश्नहरू (Understanding based)<br>किसानले थोक बजारमा किन आफ्नो उत्पादन बेच्ने गर्छन?<br>थोक बजार र खुद्रा बजारबिच के फरक छ ?<br>कृषि उपज थोक बजारले बुटवलको आर्थिक विकासमा कसरी योगदान पुऱ्याउँछ ?<br>तपाईंले बजार भ्रमणमा के-के देख्नु भयो ? | ५ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| सडक सुरक्षा र विपद् व्यवस्थापन | बुटवलका प्रमुख सडकहरू सम्बन्धी जानकारी दिन र तिनको महत्व पत्ता लगाउन ।<br>सडक पेटी अतिक्रमण र अवरोध प्रति सचेत रहन र संरक्षण गर्न । | बुटवलका प्रमुख सडकहरु भएको नक्सा, (पोस्टर वा डिजिटल सद्धार्थ राजमार्ग, महेन्द्र राजमार्ग, कालिका पथ, बेलबास बेथरी सडक बेलबास, फर्साटिकर, तामनगर फर्साटिककर प्रमुख सडकजस्तै बुटवल-पाल्पा रोड, ट्राफिक चोक, गोलपार्क, आदि क्षेत्र ट्राफिक व्यवस्थापन, सडक चौडाइ, सडक छेउका सेवा (जस्तै पसल, अस्पताल) सडकको नाम, कहाँबाट कहाँसम्म, के-के सेवा छन्, भीड कति हुन्छ भन्ने जानकारी ।<br>बुटवलको व्यापार, व्यवसाय र यातायातको लागि प्रमुख सडकहरुको भौगोलिक, सामाजिक र आर्थिक महत्व ।<br>सडक पेटी  अतिक्रमण र अवरोध | १. नक्सा अध्ययन र बनाउने क्रियाकलाप<br>विद्यार्थीहरूलाई बुटवलको नक्सा देखाउने (पोस्टर वा डिजिटल) प्रमुख सडकहरू (जस्तैः सिद्धार्थ राजमार्ग, महेन्द्र राजमार्ग, कालिका पथ, बेलबास बेथरी सडक बेलबास, फर्साटिकर तामनगर, फर्साटिककर आदि) नक्सामा चिनाउने विद्यार्थीहरूले समूहमा बुटवलको सडक नक्सा कोर्ने प्रयास गर्ने<br>२. शैक्षिक भ्रमण (Field Visit)<br>स्थानीय तहको अनुमति लिएर प्रमुख सडकजस्तै बुटवल-पाल्पा रोड, ट्राफिक चोक, गोलपार्क, आदि क्षेत्र अवलोकन गराउने<br>अवलोकनको क्रममा ट्राफिक व्यवस्थापन, सडक चौडाइ, सडक छेउका सेवा (जस्तै पसल, अस्पताल) इत्यादि देखाउने<br>३. बुटवलको व्यापार, व्यवसाय र यातायातको लागि प्रमुख सडकहरुको महत्वबारे छलफल गर्ने बुटवल नगरका सडकहरू मात्र नभई, त्यसको भौगोलिक, सामाजिक र आर्थिक महत्व पनि बुझ्न सक्ने वातावरण ।<br>४. समूहगत परियोजना कार्य (Project Work)<br>विद्यार्थीहरूलाई समूहमा बाँडेर फरक-फरक सडकको बारेमा जानकारी सङ्कलन गराउने (सडकको नाम, कहाँबाट कहाँसम्म, के-के सेवा छन्, भीड कति हुन्छ आदि)<br>५. सडक पेटीको अतिक्रमण र अवरोधात्मक गतिविधि बारे छलफल गराउने र संरक्षणका उपाय बताउने । | बुटवलका प्रमुख सडकहरूको नाम र विशेषता बताउनुहोस् ।<br>"बुटवलको सबैभन्दा व्यस्त सडक कुन हो?"<br>"सडक छेउमा हुने गतिविधिले ट्राफिकमा कस्तो असर पार्छ ?<br>सिर्जनात्मक लेखन/चित्रकला "मेरो नगरको सडक" शीर्षकमा लेख लेख्न लगाउने प्रमुख सडकहरू चित्रमार्फत देखाउन लगाउने<br>सडक पेटीको संरक्षण र आवागमनमा हुने अवरोधहरु के-के हुन्?<br>सडक पेटीको संरक्षण कसरी गर्न सकिन्छ ? | ८घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | विमाको परिचय दिन।<br>सवारी साधन सम्बन्धी विमाका प्रकार र प्रयोग बताउनुहोस्।<br>विमा गर्नाले हुने फाइदा बताउन। | यातायात सम्बन्धी बिमाहरु<br>विमाको आवश्यकता<br>जीवन विमा (Life Insurance) स्वास्थ्य विमा (Health Insurance)यात्रामा लगिने विमा (Travel Insurance) विमा फारम<br>सवारी साधन सम्बन्धी विमाहरु थर्ड पार्टी विमा(Third party Insurance) वा पूर्ण विमा (Full Insurance)<br>बिमाका फाइदाहरु<br>वास्तविक विमा फारमका नमूना र विमा गर्ने प्रक्रिया | १. विमा के हो? परिचयात्मक प्रस्तुति : चित्र र कथा प्रयोग गरेर विमा के हो भन्ने सरल तरिकाले बुझाउने। उदाहरणः "रामको मोटरसाइकल दुर्घटना भयो, तर उसले पहिले विमा गराएको थियो, त्यसैले उसलाई पैसा फिर्ता आयो।"<br>२. विमा प्रकारहरूको समूह परिचर्चा : विद्यार्थीहरूलाई ४-५ समूहमा बाँड्ने हरेक समूहलाई एउटा विमा प्रकार बुझ्न दिनेः सवारी साधन विमा (Vehicle Insurance),जीवन विमा (Life Insurance) स्वास्थ्य विमा (Health Insurance)यात्रामा लगिने विमा (Travel Insurance) समूहले छोटो प्रस्तुति दिने<br>३.. स्थानीय उदाहरण प्रयोग गर्ने : स्थानीय ट्याक्सी, बस, मोटरसाइकल प्रयोगकर्ताहरूबिच विमा अनिवार्य हुने कुरा बुझाउने, ट्राफिक प्रहरी वा स्थानीय विमा एजेन्ट बोलाएर सानो कुराकानी कार्यक्रम आयोजना गर्ने "विमा भएमा के हुन्छ ?" "यदि विमा छैन भने के असर पर्छ ?"<br>४. वास्तविक विमा फारमको अवलोकन शिक्षकले कुनै विमा फारम (जस्तै मोटरसाइकल विमा फारम) को नमूना ल्याउने विद्यार्थीहरूसँग मिलेर पढ्ने–कस्तो जानकारी चाहिन्छ ? कसरी भरीन्छ ? यी गतिविधिहरूले विद्यार्थीहरूलाई विमा सम्बन्धी आधारभूत जानकारी बुझ्न, व्यवहारमा प्रयोग गर्न र सुरक्षाको मूल्य थाहा पाउन मद्दत गर्दछ। विशेषगरी "सवारी साधन विमा" जस्तै थर्ड पार्टी विमा वा पूर्ण विमा (Full Insurance) लाई प्राथमिकता दिएर सिकाउन उपयुक्त हुन्छ। | सवारी साधन किन्न जाँदा विमा किन चाहिन्छ ? कसरी लिने ?<br>सवारी साधन सम्बन्धी विमा कति प्रकारका हुन्छन ? सूचि तयार गुर्नहोस।<br>"सवारी साधन विमा किन आवश्यक छ ?<br><br>विमा भएमा के हुन्छ ?" "यदि विमा छैन भने के असर पर्छ ? | १० घण्टा |

| क्षेत्र | सिकाइका सक्षमता | विषयवस्तु विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| स्वास्थ्य र स्थानीय खेलकूद | बुटवलभित्र रहेका प्रमुख स्वास्थ्य संस्थाहरूको परिचय दिन र प्राप्त सेवा/सुविधाको जानकारी प्राप्त गर्न । विभिन्न अस्पतालहरूबाट प्राप्त हुने सेवाको तुलना गर्न । | बुटवल उपमहानगरपालिका अन्तर्गतका प्रमुख अस्पतालहरूः<br>लुम्बिनी प्रादेशिक अस्पताल - आकस्मिक सेवा, शल्यक्रिया, ओपीडी, प्रसूति सेवा आदि<br>सिद्धार्थ महिला तथा बाल अस्पताल (आम्दा अस्पताल)<br>लुम्बिनी आयर्वेद अस्पताल जडीबुटी उपचार, पन्चकर्म, आयुर्वेद सल्लाह<br>यी अस्पतालहरूबाट प्राप्त हुने प्रमुख सेवाहरु | अस्पतालहरूको अवलोकन भ्रमण (विद्यार्थीहरु/शिक्षक टोली) सेवाहरूको विवरण सहित टेबल तयार गर्ने ।<br>स्थानीय स्वास्थ्यकर्मी वा कर्मचारी बोलाएर अन्तर्क्रिया गर्ने । | स्वास्थ्य संस्था परिचयात्मक रीपोर्ट तयार गर्ने<br>समूहमा सेवाहरू तुलना गने कार्यपत्र<br>प्रश्नोत्तर एवं समूह परीक्षण | ८ घण्टा |
| | स्थानीय स्तरमा उपलब्ध खेल स्थलहरूको जानकारी दिन । विद्यालय बाहिरको खेल स्थानको सदुपयोग गर्न, खेलकूद गतिविधिमा सहभागी हुन । | बुटवल क्षेत्रका प्रमुख खेल स्थलहरूः<br>मणिग्राम रङ्गशाला - फुटबल, एथलेटिक्स, भलिबल<br>ध्रुव तारामणि रंङ्गशाला (नयाँ)<br>कवड्डी हल/भलिवल मैदानहरू, कबर्डहलहरु<br>विद्यालय तहका खुला खेलमैदानहरू<br>स्थानहरूको प्रयोग र व्यवस्थापन, स्थानीय क्लवहरुको भूमिका | रङ्गशाला भ्रमण कार्यक्रम<br>विद्यार्थीहरूबाट खेल स्थल नक्सांकन -<br>'मेरो टोलको खेल मैदान' शीर्षकमा प्रस्तुति | चित्रण मूल्याङ्कन रङ्गशाला विवरण<br>परीक्षण<br>मौखिक प्रस्तुति मूल्याङ्कन | ८ घण्टा |

| क्षेत्र | सिकाइका सक्षमता | विषयवस्तु विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| योग र प्राकृतिक चिकित्सा | योगका विभिन्न स्तर र अंगहरू व्याख्या गर्न सक्ने । षट्कर्म, मुद्रा, मन्त्र तथा ध्यान अभ्यास गर्न सक्ने ।<br>जटिल आसनहरू प्रदर्शन गर्न सक्ने । | १. षट्कर्म क्रियाहरूः जलनेती, सूत्रनेती ,बस्त्रौति वमनधौति, कुन्जल, त्राटक<br>२. मुद्रा अभ्यास : गायत्री मुद्रा (मन्त्रसहित), ज्ञान मुद्रा, प्राण मुद्रा, शक्ति मुद्रा आदि<br>३.आसनः उच्चस्तरका जटिल आसनहरू (शीर्षासन, अधुमत्स्येआसन, हलासन आदि)<br>प्राणायामः भस्त्रिका, अनुलोम-विलोम, ब्रह्मरी आदि ध्यानः त्राटक ध्यान, मन्त्रध्यान, प्रज्ञा ध्यान | दैनिक ध्यान अभ्यास मुद्राहरू चित्र वा भिडियोको माध्यमबाट सिकाउने मन्त्रसहित ध्यान अभ्यास गराउने<br>विद्यार्थीहरूलाई आसन प्रदर्शन गराउने षट्कर्म अभ्यासको लसिान्तात्मक जानकारी | मुद्राहरूको चिनारी मूल्याङ्कन आसन प्रदर्शनमा मूल्याङ्कन<br>ध्यान अभ्यासमा सहभागिता<br>मौखिक प्रश्नोत्तर | १४ घण्टा |

| क्षेत्र | सिकाइका सक्षमता | विषयवस्तु विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | प्राकृतिक उपचारका विविध विधाहरू वर्णन गर्न ।<br>आयुर्वेद र यौगिक विधि सँग तुलना गर्न ।<br>विरुद्द आहारको प्रभाव बुझ्न । | विरुद्ध आहार-विहारः के-कस्ता खाना एकै पटक खानु हुदैन ?<br>माटो चिकित्सा : माटो पट्टी, माटो स्नानको प्रयोग विधि र लाभ<br>जल चिकित्साः जलसेवन विधि, जल स्नान, कुन्जल क्रिया<br>सूर्य चिकित्सा, वायु चिकित्साका परिचय | घरेलु प्रयोग सामग्रीहरू प्रयोग गरेर माटो वा जल पट्टी अभ्यास<br>युट्यूब वा अन्य माध्यमबाट प्राकृतिक उपचारका उदाहरण हेर्ने<br>'विरुद्द आहार खाँदा के असर पर्ला?'शीर्षकमा लेख लेखाउने | प्राकृतिक चिकित्सा अभ्यास<br>रिपोर्ट लेखन कार्यमा मूल्याङ्कन<br>सहभागिता र प्राविधिक समझदारी परीक्षण | ८ घण्टा |

| क्षेत्र | सिकाइका सक्षमता | विषयवस्तु विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रा संघ संस्था | स्थानीय शैक्षिक संघ संस्थाहरूको वर्गीकरण गर्न ।<br>संस्थाहरूको उद्देश्य, भूमिका र सेवाहरू व्याख्या गर्न ।<br>आफ्नै क्षेत्रका शैक्षिक संस्थाहरूको सूचिकृत विवरण तयार गर्न । | बुटवल उपमहानगरपालिका भित्र रहेका शैक्षिक संस्थाहरूको परिचयः<br>१. आधारभूत विद्यालयहरू<br>२. माध्यमिक विद्यालयहरू<br>३. बिशेष प्रकृतिका विद्यालयहरू (दृष्टिविहीन, श्रवणविहीन आदि)<br>४. प्राविधिक धार सञ्चालन गने विद्यालयहरू<br>५. उच्च शिक्षण क्याम्पसहरू (आङ्गिक र सम्बन्धन प्राप्त)<br>६. पुस्तकालयहरू (सार्वजनिक तथा विद्यालयस्तरका)<br>७.सामुदायिक सिकाइ केन्द्रहरू (CLC) | स्थानीय विद्यालय, क्याम्पस वा पुस्तकालय भ्रमण<br>विद्यार्थीहरूसँग समूहमा कार्यगराई विवरण संकलन गराउने - सम्बन्धित संस्थाहरूको डाटा संकलन र रीपोर्ट लेखन अभ्यास (CLC)को सेवा सम्बन्धी डकुमेन्ट्री वा प्रत्यक्ष अवलोकन | प्रस्तुति<br>समूह कार्य<br>मूल्याङ्कन<br>प्रश्नोत्तर सत्र<br>लेखन त्मक<br>कार्यमा आधारित<br>मूल्याङ्कन | ९ घण्टा |

# विस्तृतिकरण

## कक्षा ८

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| बुटवल परिचय | १, बुटवल उपमहानगरपालिकाको परिचय दिन।<br>२, पालिकाको गठन विधि तथा पालिकाले दिने सेवा तथा विकासका काम सविस्तार वर्णन गर्न।<br>३, नगरको जनसांख्यीकी अबस्थालाइ तालिकामा देखाउन।<br>४, बुटवलको विकासमा यातायातले खेलेको महत्वपूर्ण भूमिका उल्लेख गर्न।<br>५.नागरिक वडापत्रको परिचय दिन र महत्व बताउन | २०१६ साल फागन ३ गते नगरपालिका बनेकोमा २०७१ साल मंसिर १६ गते देखि उपमहानगरपालिका बनेको यो नगरको क्षेत्रफल १०३.९८ वर्ग किमि छ। १९ वडा रहेको नगरको जनसंख्या २०७८ अनुसार १९४३३५ रहेको छ। वीच बाट तिनाउ (तिलोत्तमा)नदी बगेको, चुरेको काख तराइको सिरान भावर भूमिमा अवस्थित । यहां उष्ण मनसूनी हावापानी र वनस्पति पाइने। यसको सिमाना बताउनुहोस्। पश्चिम्म नेपालकै उच्च आर्थिक नगरी लुम्बिनी प्रदेशको सुरुको अस्थायी राजधानी, दिन प्रतिदिन अगाडी बढ्दै गइरहेको अति पुरानो घ्यु तेल सोंठी कपडा मरमसाला जडीबुटीको पहाड मधेशको व्यापारिक राष्ट्रिय । अंग्रेजलाइ पराजित गरी इतिहास रचेको। रामापिथेकस आदिम मानव को अस्तित्व रहेको। अन्य पालिकाको गठन जस्तै हाम्रो उपमहानगरको गठन हुने। नगर बाट हुने सेवा तथा विकासका काम। नगरको जनसंख्याको बनोटको विवरण तथ्याङ्कलाई तालिकामा प्रस्तुत बुटवलको विकासमा यातायातले खेलेको महत्वपूर्ण भूमिका। नागरिक वडापत्रको परिचय र महत्व | छलफल तथा ऐतिहासिक महत्व जितगढी, कर्नेल उजिर सिंह, मुकुन्दसेन राजाको शीतकालीन राजधानी, रामापिथेकसको अस्तित्व प्राप्त भएको जस्ता विषय प्रश्नोत्तर तथा छलफल गरी मोतीपुर र सेमलारलाईसमावेशगरीउपमहानगरपालिका बनेको करा सहित नगरको परिचय दिने। नगरको सिमाना, क्षेत्रफल पुनरावृति गर्ने। नगरको भूगोलको अबस्था बारे छलफल गर्ने। बुटवलवासीको जनजीवनमा यहांको हावापानीले कस्तो प्रभाव पारेको छ, छलफल बाट निष्कर्ष निकाल्ने। पालिकाको गठन निर्वाचन प्रक्रिया बाट हुने कुरा कक्षामा प्रयोगात्मक तरिकाले प्रस्तुत गर्ने। मधेश पहाडको व्यापारिक संगम हुनाले तथा विकास संगै बढ्दो बसाइ सराइले बढेको जनसंख्याको बनोट विभिन्न जातजाति धर्म को रहेको कुरा प्रष्ट पार्ने र तालिकामा देखाउने। बुटवलको विकासमा यातायातले खेलेको महत्वपूर्ण भूमिका व्याख्या गर्ने। नागरिक वडापत्रको परिचय दिने यसको महत्वमाथि छलफल गर्ने | बुटवल कहिले नगर पालिका र उपमहानगरपालिका भएको थियो ? बटवलको मुख्य ऐतिहासिक पक्षहरु उल्लेख गर्नुहोस्। उपमहानगरपालिकाले आफ्नो स्थापना दिवस कसरी मनाए राम्रो हुन्छ होला ? आफ्नो सुझाव सहित नगर प्रमुखलाइ पत्र लेख्नुहोस्। पालिकाको गठन विधि बताउनुहोस्। सिंह दरवार घरघरमा भन्ने भनाइलाइ नगर बाट गरिने प्रमुख सेवा तथा विकासका कार्य बाट प्रमाणित गर्नुहोस् । नगरको कुनै ५ ओटा वडाको जनसंख्यालाइ स्तम्भ चित्रमा देखाउनुहोस्। बुटवलको विकासको मेरुदण्ड यातायात हो, प्रष्ट पार्नुहोस्। केवलकार व्यवस्थाले बुटवललाइ कसरी फाइदा हुन सक्छ ? पांच बुंदामा उल्लेख गर्नुहोस्।<br>नागरिक बडापत्रको महत्व उल्लेख गर्नुहोस। | १० घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| धर्म संस्कृति र परम्परा | १,धर्म र संस्कृति संरक्षणमा बुटवल उपमहानगरपालिकाले खेलेको महत्वपूर्ण भूमिकाको विस्तारपूर्वक वर्णन गर्न । २,नगरका राम्रा कामहरु समेटी कमसेकम एउटा लोकगित / भजन तयार गर्न । ३, हाम्रो परम्परागत नाच गान, बाजागाजाको संरक्षणको उपाय बताउन । ४, पढ्दै काम गर्दै भन्ने विषयलाइ व्यवहारमा उतार्न सकिने कुरा बताउन । ५,पंचशील मानवतावादी सिद्धान्त स्पष्ट पार्न । ६,कम खर्चमा चाड पर्व मनाउने बारे सम्झाउदै आफ्नो बाबुलाइ पत्र लेख्न । ७, हामी कसरी इमान्दार बन्न सक्छौं भन्ने बारेमा व्याख्या गर्न । | उपमहानगरपालिकाले धर्म संस्कृति संरक्षण गर्न खेलेको भूमिका । नगरले गरेका राम्रा काम जस्तै उजिरसिंह पार्क यस्तै केही समेटेको लोक गीत । विशेष गरेर बुटवलमा चल्दै आएको परम्परागत नाच गान बाजागाजा बारे जानकारी लिइ यसको संरक्षण । पढ्दै जांदा काममा ध्यान नजानाले विद्यार्थी आत्म निर्भर हुन सकेनन् भनेर काम गर्दै गए काम पनि जानिने जांगर पनि बढ्ने र केही पैसाको पनि कमाइ हुनजाने भएकाले पढाइ खर्च दिन सकिने । पंचशील बुद्धबाट प्रदान उपदेश हरेक मानवले भुल्न नहुने कुरा । अरुलाइ देखाउन भन्दै तडकभडक गरी चाड पर्व उत्सव बिबाह यस्तो नगर्दा राम्रो भन्ने बारे । हामी सफा त हुन्छौं नुहाइ धुवाइ बाट तर मन सफा गर्ने अर्थात शान्ति प्राप्त गर्ने काम जस्तै काम, क्रोध, लोभ, मोह, अहंकार जस्ता विकारी गुण त्याग गर्ने अभ्यास नगर्नाले राम्रो र इमान्दार एवं शान्ति हुन नसकेको । | छलफल तथा प्रश्नोत्तरका माध्यम बाट शिक्षकले धर्म संस्कृति तथा दुबैमा अन्तर यसका धरोहर सम्पदा बारे निष्कर्ष निकाल्ने । झांकी को बारेमा विद्यार्थी बाट नै भन्न लगाउने । बुटवलमा रहेका परम्परागत बाजागाजा नाच गानको संरक्षण्को उपाय बारे छलफल गर्ने । विद्यालय सरसफाइ, घर सरसफाइ सहित अन्य कामका बारे छलफल गराइ कामको सम्मान र कामले नै मानिसलाइ महान बनाउंछ भन्ने निचोड निकाल्ने । पंचशील बारे छलफल गरी बद्धले तत्कालको समयमा भएको अनियमितता र विकृति लाइ रोक्न दिनु भएको हरेक मानवको लागि उपदेश जस्तै हिंसा नगर्नु, चोरी नगर्नु, असत्य कुरा नगर्नु, नशालु पर्दाथको सेवन नगर्नु, व्यभिचारी नगर्नु भनी निष्कर्ष दिने । चाड पर्व बिबाह आदिमा कम खर्च वा बढी खर्च छलफल गरी कम खर्च उपयुक्त हुने निष्कर्ष दिने । मन सफा गर्ने अर्थात शान्ति प्राप्त गर्ने उपाय छलफल गरी पांच महाविकारी तत्वलाइ राम र रावणको स्वभावको उदहरण बाट प्रष्ट पार्ने । | धर्म र संस्कृति संरक्षणमा उपमहानगरपालिकाले खेलेको भूमिका उल्लेख गर्नुहोस् । नगरले गरेका राम्रा कामहरु समेटी एउटा लोकगीत/ भजन तयार गर्नुहोस् । पढ्दै काम गर्दै भन्नुको तात्पर्य के हो ? पंचशीलको अर्थ प्रष्ट पार्नुहोस् । चाड पर्वले सामाजिक सद्भाव कसरी कायम राख्न सक्छ ? प्रष्ट पार्नुहोस् । हामी इमान्दर बन्न सक्ने तरिका उल्लेख गर्नुहोस् ? जे भए पनि मानिसलाइ शान्ति नै चाहिन्छ ,स्पष्ट पार्नुहोस् । | ७ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | बुटवल उपमहानगरभित्रका प्रमुख जातिहरु वडा, सामाजिक-सांस्कृतिक विशेषता, भाषा, परम्परा र संस्कार, मुख्य चाड-पर्व, मौलिक पहिरन, व्यवसाय/आर्थिक अवस्था, शिक्षा र स्वास्थ्य सम्बन्धी स्थिति, साक्षरता अवस्था को जानकारी राख्न। | प्रमुख जाति/समुदायहरूको सूची, प्रत्येक जातिको जनसंख्या (यदि उपलब्ध) प्रतिशत (%),समुदायको बसोबास हुने प्रमुख क्षेत्र/वडा, सामाजिक-सांस्कृतिक विशेषता, भाषा, परम्परा र संस्कार, मुख्य चाड-पर्व, मौलिक पहिरन, व्यवसाय/आर्थिक अवस्था, शिक्षा र स्वास्थ्य सम्बन्धी स्थिति, साक्षरता दर | १.समुदाय अवलोकन (Field Observation) विद्यार्थीलाई आफ्नै टोल, छिमेक वा विद्यालय वरिपरिको जातिगत विविधता अवलोकन गर्न लगाउने। प्रत्येक विद्यार्थीले ३-५ परिवारसँग "कुन जाति/समुदायको हुनुहुन्छ ?" भनेर (नाम नखुलाइ) जानकारी संकलन गर्ने। कक्षामा आएर चार्टमा डेटा राख्ने।<br>२. Ethical Mapping (जातिगत विविधता नक्सा) बुटवलको नक्सा देखाएर विभिन्न वडामा रहेका जाति/समुदायको पहिचान गराउने। विद्यार्थी समूह बनाएर "कुन समुदाय मुख्यतः कहाँ बस्छ ?" भन्ने नक्सा तयार गर्ने।<br>३. सांस्कृतिक प्रदर्शन (Mini Cultural Show) विभिन्न समुदायका विद्यार्थीले पहिरन, गीत, नाच, चाड-पर्व वा संस्कारबारे प्रदर्शन गर्ने। "हाम्रो समुदाय" शीर्षकमा १ मिनेटको छोटो बोल्ने गतिविधि।<br>४. डेटा चार्ट बनाउने (Data Interpretation)बुटवलका प्रमुख जाति/समुदायहरूको (अनुमानित) प्रतिशत शिक्षकले प्रदान गर्ने। विद्यार्थीले बार-ग्राफ, पाई-चार्ट, वा तालिका बनाउने। (कक्षा अनुसार स्तर मिलाएर)<br>५. "हाम्रो बुटवल, विविधतामा एकता" ब्याख्या गर्ने। विद्यार्थीले चित्रमार्फत विभिन्न समुदायको एकता, मेलमिलाप, चाडपर्व र सहअस्तित्व चित्रित गर्ने। | लिखित मूल्यांकन (Written Evaluation) वस्तुगत प्रश्न (ObjectiveQuestions)बुटवल उपमहानगरमा पाइने प्रमुख ५ जाति/समुदाय लेख।<br>कुन वडामा कुन समुदायको बसोबास धेरै छ ?<br>जातिगत विविधता कसरी बुटवलको विशेषता हो?<br>वर्णनात्मक (Short/Long Answer)<br>आफ्नो वडामा बसोबास गर्ने समुदायहरूको पहिचान लेख।<br>बुटवलमा जातिगत विविधता किन महत्वपूर्ण मानिन्छ ?<br>१९ वडामध्ये कुनै एउटा वडा छान्नुहोस् र यसको जातिगत संरचना वर्णन गर्नुहोस्।<br>मौखिक मूल्यांकन (Oral Evaluation)<br>विद्यार्थीलाई "हाम्रो वडामा के-के जाति/समुदाय बस्छन्?" भनेर बोल्न लगाउने।<br>वडाको नक्सा देखाएर "यो वडामा कुन जातिको बढी बसोबास छ ?" भनेर प्रश्न गर्ने। | |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो पर्यटन | बुटवलको विकासमा पर्यटनको भूमिका विश्लेषण गर्न र सम्वाद गर्न सक्षम बनाउन ।<br>बुटवलको विकासमा पर्यटनको संभावना, चुनौती र अवसरहरु पहिचान गर्न । | बुटवलको विकासमा पर्यटनको महत्व, पर्यटनले स्थानीय जीवनशैली, रोजगारी र पूर्वाधारमा पारेको प्रभाव<br>बुटवलमा वार्षिक आउने पर्यटकको संख्या, होटल व्यवसायको वृद्धि, रोजगारीको अवसर<br>पर्यटन प्रबर्धनका उपाय<br>पर्यटनसँग सम्बन्धीत होटल व्यवसाय, यातायात, संचारमाध्यम, फोहोरमैला व्यवस्थापन, पूर्वाधार<br>बुटवलको विकासमा पर्यटनको संभावना, चुनौती र अवसरहरु | १. चित्र प्रस्तुति र समूह छलफल<br>शिक्षकले बुटवलका प्रमुख पर्यटकीय स्थलहरूका चित्रहरू कक्षा मा देखाउनुहोस् । विद्यार्थीहरूलाई ४-५ जनाको समूहमा बाँडेर “यी स्थानहरूले बुटवलको विकासमा कस्तो योगदान दिन सक्छन?” भन्ने विषयमा छलफल गर्न लगाउनुहोस्। हरेक समूहले आफ्नो निष्कर्ष कक्षामा प्रस्तुत गर्छन् ।<br>२. फील्ड ट्रिप (शैक्षिक भ्रमण)<br>बुटवलका कुनै एक पर्यटकीय स्थल (जस्तै हिलपार्क वा सिद्धबाबा) मा शैक्षिक भ्रमण गराउने । विद्यार्थीहरूले त्यहाँका पर्यटन संरचना, यातायात, सरसफाइ, व्यवसाय आदिको अवलोकन गर्ने र नोट लेख्ने । पछि कक्षामा “पर्यटनले स्थानीय जीवनशैली, रोजगारी र पूर्वाधारमा पारेको प्रभाव” बारे रिपोर्ट लेख्ने ।<br>३. SWOT विश्लेषण अभ्यास<br>विद्यार्थीहरूलाई बुटवलको पर्यटन विकासको SWOT Analysis गराउनुस् (Strength, Weakness, Opportunity, Threat)। यसबाट उनीहरूले पर्यटनसँग सम्बन्धीत सम्भावना र चुनौती पत्ता लगाउन सिक्नेछन् ।<br>४. तथ्याङ्क विश्लेषण<br>शिक्षकले बुटवलमा वार्षिक आउने पर्यटकको संख्या, होटल व्यवसायको वृद्धि, रोजगारीको अवसर आदि तथ्याङ्कहरू दिने ।<br>विद्यार्थीहरूले सो तथ्याङ्कबाट बुटवलको विकासमा पर्यटनको योगदानको विश्लेषणात्मक व्याख्या गर्नेछन । | बुटवलको विकासमा पर्यटनले के के भूमिका निवार्ह गर्न सक्छ ?<br>बुटवलको विकासमा पर्यटनको संभावना, चुनौती र अवसरहरु के के छन ?<br>बुटवलका प्रमुख पर्यटकीय स्थानहरूले बुटवलको विकासमा कस्तो योगदान दिन सक्छन?<br>पर्यटनले बुटवलको स्थानीय जीवनशैली, रोजगारी र पूर्वाधारमा पारेको प्रभावहरु उल्लेख गर्नुहो्स । | ५ घण्टा |
| | जितगढी किल्लाको ऐतिहासिक महत्व बताउन । | अंग्रेज गोरखा युद्धमा उजीरसिंहको नेतृत्वको फौजले अंग्रेजलाई हराएको ऐतिहासिक घटना ।<br>जितगढी किल्ला र यसको महत्व जितगढी किल्ला र यसको संरक्षण | शिक्षकले जितगढी किल्ला अबलोकन अध्ययनको योजना तयार पारी विद्यार्थीलाई उनीहरुले पुरागर्नु पर्ने जिम्मेबारी समेत बताउनुहोस् ।<br>अध्ययन अवलोकनको निम्ति बालबालिकाहरुलाई सम्बन्धीत ठाउँमा लैजाने ।<br>किल्लामा टिपोट गरिएका बुँदाहरुको आधारमा कक्षामा छलफल चलाउने ।<br>त्यस्तै जितगढी किल्लाको पाठ एक एक प्याराग्राफ पर्ने गरी बालबालिकाको छुट्टा छुट्टै समूह तयार गरी समूह समूहमा अध्ययन गर्न लगाउने र क्रमिक रुपमा प्रस्तुत गर्न लगाउने । यसमा शिक्षकले Jigsaw Technique अपनाउने ।<br>जितगढी किल्लाको संरक्षणका उपायहरु बताउनुहोस् । | जितगढी किल्ला कहाँ अवस्थित छ ?<br>कुन दुई पक्षको बिचमा युद्ध भएको थियो ?<br>गोरखाली सेनाले कसरी विजय प्राप्त गरे ?<br>जितगढी किल्लाको संरक्षण कसरी गर्न सकिन्छ ? | ६ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो सिप, पेसा र व्यवसाय | समालोचनात्मक र नवप्रर्वतनात्मक सोच (Critical and Inovative thinking skill ) को विकास गर्न। | पूर्वानुमान गर्ने सिप, निर्णय गर्ने सिप, विश्लेषणत्मक सोच, आलोचनात्मक सोच, सृजनात्मक सोच तार्किक सोच<br>समीक्षात्मक सोचाइ<br>निर्णय गर्ने सिप<br>समस्या समाधान सिप<br>तर्कसंगत निष्कर्ष निकाल्ने सिप।<br>विश्लेषणात्मक सोचाइ<br>अर्थ निकाल्ने सिप।<br>पर्याय वा विकल्प खोज्ने सोचाइ।<br>पूर्वानुमान गर्ने सोचाइ सिप<br>सोचाइ सिपका व्यावहारिक उदाहरणहरु। | १. 'के हुने थियो यदि...?What if activity) विद्यार्थीलाई"यदि पृथ्वीमा गुरुत्वाकर्षण नहुने भए के हुन्थ्यो?":"यदि मोबाइल फोन नभएको भए जीवन कस्तो हुन्थ्यो?"सोध्ने विद्यार्थीले आफ्नो सोच अनुसार उत्तर दिन्छन् र छलफल गर्छन।<br>२. बिचारको मानचित्र (Mind Mapping) बनाउने कार्य विद्यार्थीलाई एउटा विषय दिनुहोस, जस्तै "जलवायु परिवर्तन "त्यस विषयमा केन्द्रित भएर सम्बन्धीत बिचारहरूको 'माइन्ड म्याप' बनाउने अभ्यास गराउनुहोस।<br>३. समस्या समाधान खेल (Problem Solving Activity)समस्या दिनुहोस, जस्तै "विद्यालयको फोहर व्यवस्थापनमा समस्या छ।"विद्यार्थी समूहमा छलफल गरेर समाधान प्रस्ताव गर्छन।<br>४. भूमिका निर्वाह (Role Play) विद्यार्थीहरूलाई फरक-फरक पात्रको भूमिका दिनुहोस् (जस्तैः किसान, मेयर, वैज्ञानिक आदि)एक सामाजिक मुद्दामा उनीहरूले आफ्नो बिचार प्रस्तुत गर्नुपर्छ।<br>५. निर्णय गर्न सिकाउने (Decision Making Activity)विद्यार्थीलाई यस्तो परिस्थिति दिनुहोस "तपाईंलाई दुई स्कुलको छात्रवृत्ति प्रस्ताव आएको छ, कुन रोज्नुहुन्छ ?"उनीहरूले आफ्नो निर्णयको कारण स्पष्ट गर्नुपर्छ। | यहाँ सोचाइ सिप (Thinking Skills) अन्तर्गत विद्यार्थीको विभिन्न प्रकारका सोच क्षमताको मूल्यांकन गर्न प्रयोग गर्न मिल्ने प्रश्नहरूको उदाहरणहरू प्रस्तुत गरिएको छ। यी प्रश्नहरू आलोचनात्मक, सृजनात्मक, विश्लेषणात्मक, समस्या समाधान आदि सिपको आधारमा वर्गीकृत गरिएका छन्।<br>१. आलोचनात्मक सोच : यो कथन सहि हो कि होइन? प्रमाण सहित व्याख्या गर। "पानी बचाऊ, जीवन बचाऊ" भन्ने भनाइको तर्क के हो?<br>२.निर्णय गर्ने सिप : परिवारमा कसैले बिरामी हुँदा अस्पताल लैजाने कि घरमै राख्ने निर्णय कसरी गरिन्छ ?<br>३. विश्लेषणात्मक सोच : निम्न दुई घटनाबिचको सम्बन्ध स्पष्ट गर।<br>४. सृजनात्मक सोच : यदि तिमी वैज्ञानिक भए भने, नयाँ ऊर्जा स्रोतको आविष्कार कसरी गर्थ्यौ?<br>५. समस्या समाधान सिप विद्यालयको फोहोर व्यवस्थापनमा समस्या आयो भने के समाधान दिन सकिन्छ ? | १० घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | डिजिटल कारोबारप्रति सकारात्मक सोच र जिम्मेवार व्यवहार देखाउन, मोबाइल बैंकिङको अर्थ र उदाहरणहरू (eSewa, Khalti, IME Pay आदि) स्पष्ट रूपमा वर्णन गर्न । | eSewa, Khalti, IME Pay, ConnectIPS<br>सुरक्षित मोबाइल बैकिंङ उपायहरु<br>मोबाइल बैंकिङका फाइदाहरू<br>eSewa वा Khalti को डेमो मोबाइल बैंकिङको उपयोग, र सावधानीहरु<br>अकाउन्ट खोल्ने, पैसा लोड गर्ने, मोबाइल रिचार्ज, बिल भुक्तानी गर्ने आदि प्रयोगात्मक रूपमा प्रदर्शन | १. परिचयात्मक वार्ता (Introductory Discussion) शिक्षकले मोबाइल बैंकिङको परिभाषा, उदाहरणहरू ( आदि) उल्लेख गर्दै सामान्य छलफल गर्ने विद्यार्थीहरूलाई "तपाईं वा तपाईंकहाँ कोहीले मोबाइलबाट पैसा पठाउनु भएको छ ?" भन्ने प्रश्न राखेर अनुभव बाँड्न लगाउने । मोबाइल बैंकिङको उपयोग, लाभ र सावधानीका विषयमा "मोबाइल बैंकिङका लाभहरू", "कसरी प्रयोग गर्ने?", "सावधानी के अपनाउने?" भन्ने शीर्षकमा छलफल गर्ने ।<br>२. डेमो (प्रदर्शन) क्रियाकलाप मोबाइल बैंकिङ कसरी प्रयोग गरिन्छ भन्ने व्यावहारिक जानकारी दिन शिक्षकले एक स्मार्टफोनमा eSewa वा Khalti को डेमो अकाउन्ट देखाएर, कसरी अकाउन्ट खोल्ने,पैसा लोड गर्ने, मोबाइल रिचार्ज, बिल भुक्तानी गर्ने आदि प्रयोगात्मक रूपमा प्रदर्शन गर्ने यदि इन्टरनेट सुविधा छैन भने स्लाइड वा भिडियो मार्फत देखाउन सकिन्छ। सुरक्षित मोबाइल बैकिंङ उपायहरु छलफल गर्ने । जस्तैः पासवर्ड गोप्य राख्ने, अनधिकृत लिंक नखोल्ने, OTP अरुलाई नदिने, सार्वजनिक Wi–Fi मा ट्रान्जेक्सन नगर्ने आदि । | मोबाइल बैंकिङ के हो, यसको आवश्यकता किन पर्छ ।<br>मोबाइल बैंकिङ गर्दा ध्यान दिनुपर्ने ५ कुराहरू लेख्नुहोस् ।<br>"पाठ पछि विद्यार्थीहरूले मोबाइल बैंकिङका कम्तीमा ३ उदाहरणहरू नाम लिन सक्नेछन् ।"<br>मोबाइलबाट कसरी मोबाइल रिचार्ज गर्ने ५ चरणहरू क्रमबद्ध रूपमा वर्णन गर्नुहोस ।<br>मोबाइल बैंकिङ प्रयोग गर्दा अपनाउनुपर्ने कम्तीमा ४ सावधानीहरू पोस्टरमा उल्लेख गर्नुहोस ।<br>"भूमिका नाटकको माध्यमबाट मोबाइल बैंकिङ सेवा लिने ग्राहक र सेवा प्रदायक बिचको संवाद अभिनय गर्नुहोस । | ८ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | सामाजिक सञ्जालको सही र गलत प्रयोगका पक्षहरू पहिचान गर्न ।<br>विद्यार्थीलाई सुरक्षित रूपमा अनलाइन यात्रा गराउने क्षमता (जस्तै सेफ ब्राउजिङ, रिपोर्ट/ब्लक गर्ने तरिका अभ्यास गर्ने)।<br>साइबर दुर्व्यवहार, अनलाइन दुर्व्यवहार (Cyber bullying) वा डिजिटल अपराधको जोखिम बताउन । | सामाजिक सञ्जाल आचार संहिता,<br>साइबर सुरक्षा (Cyber Security) का आधारभूत अवधारणा (जस्तैः पासवर्ड सुरक्षा, फिसिङ, भाइरस, डाटा गोपनीयता आदि<br>सामाजिक सञ्जाल प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरु<br>बलियो पासवर्ड बनाउने तरिका<br>एप इन्स्टल गर्दा अनुमति<br>कसैको फोटो प्रयोग गर्नु अघि अनुमति<br>सामाजिक सञ्जालको उचित प्रयोग सम्बन्धी जानकारी<br>सामाजिक सञ्जालको अत्यधिक प्रयोगले विद्यार्थीको पढाइमा पार्ने असर<br>अनलाइन सेफ्टी नियमहरू<br>अनलाइन टिप्पणी गर्दा प्रयोग गरिने भाषा । | १. फिसिङ ईमेल पहिचान अभ्यास : नकली/फिसिङ सन्देश र वास्तविक सन्देश छुट्याउने सिप विकास । विद्यार्थीहरूलाई केही इमेल सन्देशको नक्कली उदाहरण देखाइनेछ । कुन सुरक्षित हो र कुन होइन छुट्याउन लगाउने ।<br>२. पासवर्ड सुरक्षा, लिंक थिच्दा खतरा, एप इन्स्टल गर्दा अनुमति आदि सन्दर्भमा बुझाइ विकास गर्ने ।<br>३. बलियो पासवर्ड बनाउने तरिका सिकाउने विद्यार्थीहरूलाई बलियो पासवर्ड बनाउने अभ्यास गराउने (जस्तैः अक्षर + अंक आदि मिसाएर)।<br>४. सामाजिक सञ्जालको उचित प्रयोग सम्बन्धी जानकारी दिने । विद्यार्थीहरूलाई विभिन्न सामाजिक सञ्जाल पोस्टहरू देखाएर चर्चा गराउने कुन पोस्टले अरूलाई चोट पुऱ्याउँछ ? सामाजिक सञ्जालमा के पोस्ट गर्नु उचित/अप्रिय छ छुट्याउने सिप विकास गराउने । अनलाइन टिप्पणी गर्दा कस्तो भाषा प्रयोग गर्ने?कसैको फोटो प्रयोग गर्नु अघि अनुमति लिने कि नलिने? सामाजिक सञ्जालको अत्यधिक प्रयोगबारे सोच्न प्रेरित गर्ने । विद्यार्थीलाई २४ घण्टा सामाजिक सञ्जाल प्रयोग नगर्ने चुनौती दिने र भोलिपल्ट अनुभव साझा गराउने ।<br>५. 'यो पोस्ट गर्नु ठीक हो?' - पोस्ट मूल्याङ्कन खेल<br>६. गोष्ठी वा अतिथि वक्ता कार्यक्रम : प्रहरी/साइबर विज्ञलाई बोलाएर विद्यार्थीसँग साक्षात्कार गराउने ।<br>७. अनलाइन सेफ्टी नियमहरूको समूह प्रजेन्टेशन विद्यार्थीहरूलाई गराउने । | १. ज्ञान जाँच गर्ने प्रश्न (Knowledge–based Questions)<br>साइबर सुरक्षा भन्नाले के बुझिन्छ ?<br>फिसिङ भनेको के हो? उदाहरण सहित वर्णन गर्नुहोस ।<br>बलियो पासवर्ड बनाउने तीन उपाय लेख्नुहोस् ।<br>दुई सुरक्षा उपायहरू लेख्नुहोस् ।<br>२. बुझाइ मूल्यांकन गर्ने प्रश्न (Understanding–based Questions)<br>किन हरेक खाताका लागि फरक-फरक पासवर्ड प्रयोग गर्नु उपयुक्त हुन्छ ?<br>सामाजिक सञ्जालको अत्यधिक प्रयोगले विद्यार्थीको पढाइमा कस्तो असर पार्न सक्छ ?<br>कसैले इन्टरनेटमा दुर्व्यवहार गर्यो भने के गर्ने ?<br>तपाईँले अनजान व्यक्तिबाट मित्र अनुरोध पाएमा के गर्नुहुन्छ ? किन?<br>३. विश्लेषणात्मक (Analytical /Thinking) प्रश्नहरू<br>यदि कसैले तपाईँको फोटो सामाजिक सञ्जालमा तपाईंको अनुमति बिना हाल्यो भने तपाईं के गर्नुहुन्छ ? तपाईंले शंकास्पद लिंक पाएर थिच्नुभयो, त्यसपछि तपाईंको मोबाइल बिग्रियो - तपाईंले के सिक्नुभयो?<br>१ दिन सामाजिक सञ्जाल नचलाई बसेको अनुभव साझा गर्नूहोस । | ८ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि/सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| विपद् व्यवस्थापन र सडक सुरक्षा | सवारी चालक बन्ने पूर्वतयारी, कानुनी प्रक्रिया, ट्राफिक अनुशासन र सामाजिक जिम्मेवारी वर्णन गर्न। | सवारी चालक अनुमति पत्र<br>सवारी अनुमति पत्र<br>सवारी अनुमति पत्रको प्रकारहरू<br>सवारी अनुमतिपत्र प्राप्त गर्ने प्रक्रिया<br>सवारी अनुमतिपत्र प्राप्त गर्न चाहिने योग्यता<br>अनलाइन फारमको नमूना भराउने अभ्यास<br>सवारी ट्रायल<br>मोटरसाइकल सन्तुलन, U–turn सवारी अनुमतिपत्र परीक्षण प्रक्रिया र योग्यता मापदण्ड<br>सवारी अनुमति पत्र<br>ट्रायल परीक्षाको प्रकार ट्रायल परीक्षा सबन्धी नियम र प्रक्रिया | १. सवारी अनुमति पत्रको प्रकारहरू परिचय दिने र सवारी अनुमतिपत्र प्राप्त गर्ने प्रक्रिया चित्र बनाउन लगाउने (Flowchart Activity) विद्यार्थीहरूलाई सवारी अनुमति पत्र पाउनुपर्ने चरणहरू क्रमबद्धरूपमा चित्र वा चार्टमा देखाउने।<br>१. न्यूनतम उमेर २. अनलाइन फारम ३. स्वास्थ्य परीक्षण ४. लिखित परीक्षा ५. ट्रायल ६. अनुमतिपत्र प्राप्ति<br>यसले विद्यार्थीहरुमा प्रक्रिया सम्फन र बुझ्न सहयोग गर्ने छ।<br>२. अनलाइन फारमको नमूना भराउने अभ्यास (Mock Form Filling) : एक नमूना "सवारी अनुमतिपत्र फारम" तयार गरेर विद्यार्थीहरूलाई विवरण भर्न लगाउने। यसले व्यवहारिक सिप विकास, कागजात बुझ्न सक्ने क्षमता।<br>३. सवारी ट्रायलको भिडियो प्रदर्शन : एक ट्रायलको वास्तविक वा शिक्षण भिडियो कक्षा मा देखाउने (जस्तैः मोटरसाइकल सन्तुलन, U–turn आदि)। यसले परीक्षण प्रक्रिया र योग्यता मापदण्ड बुझ्ने।<br>४. समूह छलफल (Group Discussion)<br>किन कानुनी अनुमति बिना सवारी चलाउनु हुँदैन ?<br>अनुमति पत्र नलिई सवारी चलाउँदा के जोखिम हुन्छ ?<br>न्यूनतम उमेर किन निर्धारण गरिएको होला ?<br>५.ट्राफिक प्रहरी वा यातायात कार्यालयका कर्मचारीसँग अन्तर्वार्ता/अतिथि बोलाउने, सवारी अनुमतिपत्रबारे विद्यार्थीसँग साक्षात्कार गराउने।<br>यसबाट प्रत्यक्ष अनुभव साभा गर्ने मौका पाउनेछन।<br>६. सवारी अनुमति पत्रको प्रकारहरू परिचय दिने (Mini Research/Chart) : विद्यार्थीलाई विभिन्न वर्गको अनुमतिपत्र (A, B, C आदि) बारे जानकारी संकलन गर्न लगाउने। यसबाट अनुमतिपत्रको विविधता बुझ्ने अवसर पाउनेछन। | १.सवारी अनुमति पत्र पाउनुपर्ने चरणहरू क्रमबद्धरूपमा चित्र वा चार्टमा देखाउनुहोस्।<br>२. एक नमूना "सवारी अनुमतिपत्र फारम" तयार गरेर विद्यार्थीहरूलाई विवरण भर्नुहोस्।<br>३. किन कानुनी अनुमति बिना सवारी चलाउनु हुँदैन ?<br>अनुमति पत्र नलिई सवारी चलाउँदा के जोखिम हुन्छ ?<br>न्यूनतम उमेर किन निर्धारण गरिएको हो ?<br>सवारी चालक अनुमतिपत्र प्राप्त गर्न आवश्यक न्यूनतम उमेर कति हो? 'लिखित परीक्षा' पछि कुन प्रकारको परीक्षा दिनुपर्छ ?<br>"सवारी अनुमति पत्र" कुन सरकारी निकार्यले जारी गर्छ ? यदि सबैले अनुमतिपत्र बिना सवारी चलाए भने समाजमा कस्तो असर पर्छ ?<br>के तपाईंको बिचारमा १६ वर्षे उमेरमै सवारी अनुमति दिन मिल्छ ? कारणसहित लेख्नुहोस्।<br>कसैले नकली अनुमतिपत्र बनायो भने त्यसको कानुनी असर के हुन सक्छ ?<br>एक सवारी चालक अनुमतिपत्र फारम नमूना भर्नुहोस्।<br>ट्रायल परीक्षा सम्बन्धी तीन नियम सूचीबद्ध गर्नुहोस्।<br>ट्राफिक नियमको पालना सम्बन्धी पोस्टर तयार गर्नुहोस् र व्याख्या गर्नुहोस्। | ८ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि / सक्षमता | विषयबस्तुको विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | यातायात संबन्धी सेवाप्रदायक कार्यालयको काम, प्रक्रिया, जिम्मेवारी र उपयोगबारे व्यवहारिक व्याख्या गर्न । | यातायात सम्बन्धी स्थानीय कार्यालयहरू (जस्तैः यातायात व्यवस्था कार्यालय, ट्राफिक प्रहरी कार्यालय आदि) र तिनले प्रदान गर्ने सेवाहरू सवारी दर्ता प्रक्रिया, अनुमतिपत्र वितरण, कारवाही प्रक्रिया, नागरिक सेवा काउन्टर<br>ट्राफिक नियम उल्लंघन गर्नेलाई कारवाही<br>बुटवल क्षेत्रको नक्सा बनाएर ट्राफिक कार्यालय, सवारी परीक्षण स्थल, सवारी पार्किङ क्षेत्र<br>ब्लुबुक नवीकरण र प्रक्रिया<br>सेवाग्राहीले भोग्ने समस्या<br>ट्राफिक नियम पालना गर्नुको महत्व<br>स्थानीय यातायात कार्यालयको आवश्यकता<br>अनुमतिपत्र आवेदन, ब्लुबुक नवीकरण जस्ता सेवा फारमहरू | १. स्थानीय कार्यालय भ्रमण (Field Visit Activity)<br>विद्यार्थीहरूलाई नजिकको यातायात व्यवस्था कार्यालय वा ट्राफिक प्रहरी कार्यालय लैजाने । हेर्ने पक्षहरूः सवारी दर्ता प्रक्रिया, अनुमतिपत्र वितरण, कारवाही प्रक्रिया, नागरिक सेवा काउन्टर ।<br>२. सेवाप्रदाता सँग अन्तर्वार्ता (Interview Activity)<br>कार्यालयका कर्मचारी वा ट्राफिक प्रहरीसँग विद्यार्थीहरूले समूहमा प्रश्न सोध्ने । तपाईँको कार्यालयमा दिनहुँ कस्ता सेवाहरू प्रदान गरिन्छ ? ट्राफिक नियम उल्लंघन गर्नेलाई कसरी कारबाही हुन्छ ?<br>३. सेवा सूची बनाउने कार्य (Information Chart Making)<br>विद्यार्थीहरूलाई स्थानीय यातायात कार्यालयले दिने सेवाहरूको सूची बनाउने । जस्तैः सवारी दर्ता, चालक अनुमतिपत्र, ब्लुबुक नवीकरण, सवारी ट्रायल, ट्राफिक नियमको अनुगमन ।<br>४. स्थानीय नक्सा बनाएर कार्यालय स्थान चिनाउने (Map Work) विद्यार्थीहरूलाई बुटवल क्षेत्रको नक्सा बनाएर ट्राफिक कार्यालय, सवारी परीक्षण स्थल, सवारी पार्किङ क्षेत्र चिनाउने ।<br>५. समूह छलफल (Group Discussion)<br>के स्थानीय यातायात कार्यालयको सेवा सजिलो छ ?<br>सेवाग्राहीले भोग्ने समस्या के-के हुन सक्छन्?<br>सुधार गर्न सकिने उपायहरू ?<br>६. शिक्षण भिडियो प्रदर्शन : सवारी दर्ता, ट्राफिक नियम वा सेवा लिने प्रक्रिया देखाउने छोटो भिडियो हेर्ने । दृश्य सामग्रीबाट सहज बोध ।<br>७. नमूना फारम भर्ने अभ्यास (Form Practice)<br>अनुमतिपत्र आवेदन, ब्लुबुक नवीकरण जस्ता सेवा फारमहरू देखाएर विद्यार्थीलाई अभ्यास गराउने । | १. तथ्यगत (Knowledge–based) प्रश्नहरू<br>यातायात व्यवस्था कार्यालयबाट प्राप्त हुने तीन सेवाको नाम लेख्नुहोस।<br>ट्राफिक प्रहरी कार्यालयको मुख्य काम के हो?<br>चालक अनुमतिपत्र कुन कार्यालयले दिन्छ ?<br>ब्लुबुक नवीकरण भन्नाले के बुझिन्छ ?<br>२. बुझाइसम्बन्धी (Understanding–based) प्रश्नहरू<br>स्थानीय यातायात कार्यालय किन आवश्यक छ ?<br>ट्राफिक नियम पालना गर्नुको महत्व के हो?<br>नागरिकले यातायात कार्यालयबाट सेवा लिनु पर्दा कुन-कुन प्रक्रिया पुरा गर्नुपर्छ ?<br>३. विश्लेषणात्मक प्रश्नहरू (Analytical Thinking)<br>यदि यातायात कार्यालयले सेवा ढिलो दिन थाल्यो भने जनतामा के असर पर्ला?<br>सवारी चालक अनुमतिपत्र बिना सवारी चलाउँदा समाजमा कस्तो प्रभाव पर्छ ?<br>के तपाईँलाई लाग्छ सवारी नियम उल्लंघन गर्नेलाई सजाय दिनु उचित हो ? किन ?<br>४. व्यवहारिक/कार्यमा आधारित मूल्यांकन (Performance–based)<br>यातायात कार्यालयबाट पाइने सेवाहरूको सूची बनाउनुहोस् । | १० घण्टा |

| क्षेत्र | सिकाइका सक्षमता | विषयवस्तु विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो स्वास्थ्य र खेलकूद | १. स्वास्थ्य विमा कार्यक्रमको महत्व बताउन ।<br><br>२.उपलब्ध सेवाहरूको पहिचान गर्न ।<br><br>३.स्वास्थ्य परीक्षणको आवश्यकता व्याख्या गर्न । | स्वास्थ्य बिमा कार्यक्रमको परिचय<br>स्वास्थ्य विमा लागू भएका अस्पतालहरू (जस्तैः लुम्बिनी प्रादेशिक अस्पताल आदि)<br>बिमाबाट प्राप्त हुने सेवाहरूः ओपीडी र अन्य स्वास्थ्य सेवा । औषधालय सेवा, आपतकालीन उपचार सेवा आदि ।<br>नियमित स्वास्थ्य परीक्षणको महत्व<br>परिवारस्तरमै विमा गर्ने प्रोत्साहन कार्यक्रम | शिक्षकको सहायतामा विद्यार्थीहरुलाइ नजिकैको अस्पताल वा स्वास्थ्य चौकीको भ्रमण गराउने त्यहाँबाट सिकेका कुराहरुलाइ प्रतिवेदन तयार गर्न लगाउने ।<br>सेवा क्षेत्रमा रहेका विमा सेवाका प्रतिनिधिसँग विद्यार्थीहरुलाइ भेट गराइ विमा सम्बन्धी अन्तरक्रिया छलफल र विमाको फारम भर्ने अभ्यास गराउने<br>विद्यार्थी शिक्षकको सहभागितामा नियमित स्वास्थ्य परीक्षण सम्बन्धी महत्व देखाउने । स्वास्थ्य विमा सम्बन्धमा नाटक र पोस्टर प्रर्दशन गराउने । | प्रस्तुति मूल्याङ्कन<br>समूह परियोजना रिपोर्ट<br>पोस्टर प्रदर्शनी मूल्याङ्कन<br>मौखिक तथा लेखनात्मक परीक्षण | १६ घण्टा |
| | बुटवल उपमहानगरपालिकाबाट सञ्चालन हुने खेलकूद कार्यक्रमहरू सूचिबद्ध गर्न सक्ने सहभागी हुने तरिका बताउन सक्ने ।<br>स्थानीय खेलप्रति अभिरुचि बढाउन सक्ने । | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता<br>मेयर कप प्रतियोगिता<br>मेयर कप क्रिकेट प्रतियोगिता<br>तिलोत्तमा गोल्ड कप<br>नगरस्तरीय विद्यालय खेलकूद महोत्सव<br>महिला खेलकूद प्रतियोगिता<br>टोल स्तरीय खुल्ला खेलकूद कार्यक्रमहरू<br>उजिरसिंह अर्न्तराष्ट्रिय<br>मेयरकप बुद्धिचाल प्रतियोगिता (चेस टुर्नामेन्ट) | नगरपालिका वा खेलकूद शाखा वा वडा कार्यालयबाट सन्चालन भएका प्रतियोगिताहरुको विवरण संकलन गर्ने, त्यस्ता प्रतियोगीताबाट प्राप्त रिपोर्ट अध्ययन गर्ने । अध्ययनबाट प्राप्त विवरणको आधारमा खेलकूद सम्बन्धी आवश्यक क्रियाकलाप गराउने ।<br>शिक्षकको सहजीकरणमा समय समयमा सहभागी खेलाडी वा प्रशिक्षकसँग विद्यार्थीहरुको प्रत्यक्ष अन्तक्रिया र अन्तर्वार्ता गराउने । खेलकूद सम्बन्धी पोस्टर निर्माण र टिम रिपोर्टिङ गराउने ।<br>समय समयमा विद्यालय मै विद्यालयस्तरीय मिनी-कप आयोजना गर्ने । | सूचना संकलन र प्रस्तुति<br>पोस्टर प्रदर्शन मूल्याङ्कन<br>समूह सन्देश लेखन कार्य<br>सहभागिताको तथ्याङ्क विश्लेषण | ८ घण्टा |

| क्षेत्र | सिकाइका सक्षमता | विषयवस्तु विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| योग र प्राकृतिक चिकित्सा | चक्र विज्ञानको परीचय दिन ।<br>कुण्डलिनी जागरणको अवधारणा बताउन ।<br>विपश्यना ध्यानको आधार बताउन ।<br>जटिल योग अभ्यासहरूको महत्व बताउन । | कुण्डलिनी योग चक्र विज्ञानः<br>कुण्डलिनीको परिचय<br>७ वटा चक्रहरूको नाम, स्थान, गुण र प्रभाव जागरणका विधिहरू (मन्त्र, ध्यान, श्वासप्रश्वास)<br>जटिल आसनहरूः<br>सर्वाङ्गासन, मयूरासन, पद्ममयूरासन, उत्कटासन, बकासन, चक्रासन आलद<br>प्राणायामहरूः महाप्राणायाम, अनुलोम-विलोम, कपालभाति<br>ध्यान विधिहरूः विपश्यना ध्यान, मन्त्र ध्यान, त्राटक ध्यान, नाद ध्यान | शिक्षकको सहयोगमा कुण्डलिनी र चक्रविज्ञानबारे भिडियो पर्दशन गर्ने र हेर्ने र ७ वटा चक्रहरूको नाम, स्थान, गुण र प्रभाव जागरणका विधिहरू (मन्त्र, ध्यान, श्वासप्रश्वास)<br>चक्र चार्ट बनाइ आवश्यक गर्ने<br>शिक्षकको सहायतामा ध्यान अभ्यास गर्ने सत्र आयोजना र सुरुमा सामान्य आसनहरुको बारेमा सिकाउदै अभ्यास गराउने क्रमशः जटिल आसनको चरणवद्ध अभ्यास गराउने ।<br>प्राणायामहरूः महाप्राणायाम, अनुलोम-विलोम, कपालभाति र ध्यान विधिहरूः विपश्यना ध्यान, मन्त्र ध्यान, त्राटक ध्यान, नाद ध्यान<br>अनुभव साझेदारी फोरम सञ्चालन गराउने । | अनुभव बर्णनात्मक लेखन<br>समूह प्रस्तुति मूल्याङ्कन<br>ध्यान अभ्यासमा सहभागी मूल्याङ्कन<br>आसन अभ्यास अवलोकन मूल्याङ्कन | १५ घण्टा |
| | त्रिदोष चिनारी नियन्त्रण गर्न र विधि बताउन सक्ने<br>अकु प्रेसरको प्रयोगबाट रोगहरू सहज उपचार गर्न सक्ने | त्रिदोष विद्धान्तः<br>वात, पित्त, कफः लक्षण, असन्तुलनका असरहरू<br>सन्तुलनमा राख्ने उपायः आहार-विहार, उपवास,<br>प्राकृतिक जीवनशैली<br>प्राकृतिक उपचारहरूः<br>आहारविहार अनुसारको रोग नियन्त्रण विधि जल चिकित्सा, माटो पट्टि, घाम उपचार अकुप्रेसर पद्धतिः<br>हात-पाउको विशेष बिन्दुहरू<br>टाउको दुखाइ, पेट समस्या, अनिद्राको उपचार बिन्दुहरू | शिक्षकले त्रिदोष टेबल बनाउने र विद्यार्थीहरु माझ प्रदर्शन गरि छलफल गराउने ।<br>विद्यार्थीहरुको जीवनशैली परीक्षण गर्न फारामको नमूना तयार गरि भराउने ।<br>जल चिकित्सा वा अकु प्रेसर सत्र कक्षामा संचालन गने र प्राप्त रिपोटको आधारमा शारीरिक अवस्थाबारे संवाद सत्र सन्चालन गर्ने ।<br>चित्र मार्फत प्राकृतिक उपचारको डेमो कक्षाकोठामा गराउने । टाउको दुखाइ, पेट समस्या, अनिद्राको उपचार बिन्दुहरू थिच्ने अभ्यास गर्ने । | लक्षण अनुसार उपयुक्त उपचार विधि बताउनुहोस्<br>अभ्यास समूह क्रियाकलाप मूल्याङ्कन<br>प्रतिवेदन लेखन मूल्याङ्कन<br>मौखिक परीक्षण | ७ घण्टा |

| क्षेत्र | सिकाइका सक्षमता | विषयवस्तु विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रा संघसंस्था | बुटवलउपमहानगरपालिका भित्र रहेका विभिन्न संघसंस्थाहरूको परिचय दिन र तिनीहरूको उद्देश्य, कार्यक्षेत्र र उपयोगिता स्पष्ट पार्न ।<br>स्थानीय स्तरमा रोजगार तथा सेवा दिने र संघसंस्थाको आवश्यकता महसूस गर्न । | १.शैक्षिक तथा प्राविधिक सस्था:<br>Butwal Technical Institute (BTI)<br>(KNIP) कोरिया नेपाल बहुप्राविधिक शिक्षालय<br>२.अन्तराष्ट्रिय/व्यापारीक सस्था :<br>BICC (Butwal International Convention Center) अन्तराष्ट्रिय प्रदर्शनी स्थल<br>३. बजार र ढुवानी सम्बन्धी:<br>कृषि उपज बजार केन्द्र<br>बुटवल ढुवानी ग्राम<br>बसपार्क व्यवस्थापन समिति<br>४. रोजगार सम्बन्धी संस्था:<br>रोजगार सेवा राष्ट्रियहरू<br>निजी रोजगार कम्पनीहरू<br>५. वित्तीय संस्था:<br>सहकारी संस्था<br>बैंक तथा वित्तीय संस्था<br>- प्रत्येक संस्थाको परिचय, काम गर्ने तरिका, त्यसबाट प्राप्त हुने सेवा। | शिक्षकका सहायतामा संस्थागत भ्रमण (BTI, कृषि उपज केन्द्र) गराउने र प्रतिवेदन तयार गर्न लगाउने।<br>विभिन्न संघ सस्थामा आवद्ध अतिथि वक्ता बोलाएर समय समयमा अन्तरक्रिया गर्न लगाउने।<br>विद्यार्थीहरुलाइ समूह समूहमा विभाजन गरि प्रत्येक संस्था अध्ययन गरी समूहगत रुपमा पोस्टर निर्माण गर्न लगाइ छलफल गर्ने।<br>स्थानीय नक्सा निमार्ण गरि संस्थाहरु चिन्न गराउने र ति सस्थांहरुले प्रवाह गर्ने सेवाहरु बीचको तुलनात्मक तालिका बनाएर प्रदर्शन गर्ने गराउने र छलफल गर्ने-गराउने। सहकारी संस्था बैंक तथा वित्तीय संस्था :<br>प्रत्येक संस्थाको परिचय, काम गने तरिका, त्यसबाट प्राप्त हुने सेवा टिपोट गराउने। | समूह प्रस्तुति मूल्याङ्कन<br>मौखिक प्रश्नोत्तर<br>प्रयोगात्मक प्रतिवेदन लेखन<br>वास्तविक सेवा प्राप्त अनुभव साझा गर्ने (जस्तै सहकारीबाट बचत गरेको अनुभव) | १० घण्टा |

## ७. सिकाइ सहजीकरण क्रियाकलाप

स्थानीय पाठ्यक्रम बुटवल र आसपासका विभिन्न भौगोलिक, सामाजिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय, कला, सिप, प्रविधि, खेलकूद प्राकृतिक चिकित्सा विज्ञानका क्षेत्रलाई समेटेर एकीकृत रूपमा तयार गरिएको छ। यसमा उल्लेख गरिएका विषयवस्तुहरूको सिकाइ सहजीकरणमा सबै क्षेत्रलाई समान महत्व दिनुपर्ने हुन्छ। सम्बन्धीत विषयवस्तुको एकीकृत रूपमा अध्ययन गराई विषयवस्तुको ज्ञान, सिप र धारणाको विकास गराउनुपर्दछ। यस विषयले व्यावहारिक सिकाइलाई जोड दिने हुँदा कक्षाभित्र वा बाहिर आआफ्नो गाउँ, टोल, समुदायहरूसँग सम्बन्ध राखी क्रियाकलापहरू गराउनुपर्दछ। यी विषयवस्तुलाई जस्ताको तस्तै कण्ठ गराउने शिक्षण पद्धतिलाई निरुत्साहित गरी विद्यार्थीलाई आफ्ना समुदायमा खोज गरी सिकेका कुराहरूलाई सिर्जनात्मक विश्लेषण गर्ने प्रतिभाको विकास गर्न प्रोत्साहित गरिनुपर्दछ। स्थानीय पाठ्यक्रमले विद्यार्थीका विभिन्न सिर्जनाहरू जस्तै कथा, कविता, नाटक, समाचार, चिठी, सम्पादकीय, गीत, प्रतिवेदन, भ्रमण, तस्बिर, नक्सा, फोटोमार्फत भाव अभिव्यक्त गरुन् भन्ने लक्ष्य राखेको छ। यी सबै सिपहरूको विकास गर्न विद्यार्थीलाई आफ्ना रुचि अनुसारका सिपहरूको विकास गर्न प्रोत्साहित गर्नुपर्छ। यसका निम्ति शिक्षकद्वारा निर्मित वार्षिक शैक्षणिक कार्ययोजना, त्रैमासिक योजना, एकाइ योजना र दैनिक पाठयोजनाको ठूलो भूमिका रहन्छ। विद्यार्थीलाई क्रियाकलापमा आधारित गरी गरेर सिक्ने वातावरण र अवसर प्रदान गर्नु पर्दछ भन्ने सोच र चिन्तनको अभिवृद्धि गराउनु नै यसको मूल लक्ष्य हो। यो विषय अध्यापन गर्दा प्रयोग गर्न सकिने केही सम्भावित विधिहरू नमूनाको रुपमा प्रस्तुत गरिएको छ। शिक्षकले परिस्थिति अनुकूल विधिहरू छनोट गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्छ।

यस पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमका सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन गर्नु पर्ने छ :

### (क) कक्षा १ देखि ३ सम्मको सिकाइ सहजीकरण प्रक्रिया

कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम एकीकृत ढाँचामा विकास गरिएको र यस अन्तर्गत बहुविषयक ( विषयहरू अलग अलग तर मिल्दाजुल्दा विषयवस्तुलाई सँगै सिकाउने) र अन्तरविषयक (अन्य विषय र विषयभित्रका विषयवस्तुहरूमा अन्तरसम्बन्ध कार्यम गरी सिकाइ गराउने) रहेको हुँदा बहुविषयक ढाँचाको सिद्धान्तअनुसार सिकाइ सहजीकरणको योजना बनाइ सिकाइ सहजीकरण गर्नुपर्ने छ।

पाठ्यक्रमको बहुविषयक ढाँचा (अन्य विषयसँग मिल्दा सिकाइ उपलब्धि तथा विषयवस्तुलाई सँगै सहजीकरण गर्ने र नमिल्ने विषयवस्तुलाई निश्चित क्रममा राखेर सरल देखि जटिलताको सिद्धान्तअनुसार सहजीकरण गर्ने) अनुरूप एकीकृत सिकाइका लागि शिक्षकले एकिकृत पाठ्यक्रमको अध्ययन र अन्य शिक्षकहरूसँग समेत समन्वय गरी सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ। कक्षा १-३ मा अध्ययन गर्ने बालबालिकाको संज्ञानात्मक विकासको अवस्थालाई दृष्टिगत गरी उनीहरूको धारणा विकासमा सहयोग पुर्याउन शिक्षणमा ठोस सामग्रीको प्रयोगलाई प्राथमिकताका साथ स्थान दिनु पर्ने छ।

सिकाउनु पर्ने विषयवस्तु / धारणालाई उनीहरूको दैनिक जीवनसँग सम्बन्धीत गरी रोचक र मनोरञ्जक ढङ्गले प्रस्तुत गर्नुपर्ने हुन्छ।

मनोरञ्जनपूर्ण सिकाईका लागि खेल, गीत, नृत्य र अभिनय विधिको प्रयोग गर्नुपर्ने छ।

बालबालिकाको दिगो सिकाईका लागि उनीहरूलाई प्रशस्त अभ्यासको अवसर दिनुपर्ने छ।

विद्यार्थीसँग प्रत्यक्ष अनुभव गरेर तथा विद्यार्थी आफू सक्रिय भई सिक्न सक्ने, विश्लेषणात्मक चिन्तनबाट अर्थ निर्माण गर्न सक्ने विषयवस्तुहरूमा विषयवस्तुको प्रकृति हेरी प्रयोग, परियोजना कार्य, सर्वेक्षण, समस्या समाधान, खोज, आगमन वा निगमन विधिको प्रयोग गर्नुपर्ने छ। यो पाठ्यक्रमको विषयवस्तुहरूले स्थानीयतासँग प्रत्यक्ष सरोकार राख्ने भएकाले सिकारुलाई प्रत्यक्ष अवलोकन र अनुभव प्रदान गर्न स्थलगत भ्रमणको व्यवस्था मिलाउनु पर्ने छ। सिकारुहरूले आफूले जानेका र हासिल गरेका ज्ञान, सिप र अनुभवहरू एक आपसमा आदानप्रदान गरी सहपाठीहरूको सहयोग र सहकार्यमा सिक्न तरिकाहरू अवलम्बन गर्नुपर्ने छ।

सामाजिक सुधार, जनचेतना र वातावरण संरक्षणमा आफ्नो स्तरबाट योगदान दिन तथा नेतृत्व सिप विकासमा प्रेरित गर्न साना चेतनामूलक भिडियो बनाई सामाजिक सञ्जालमा लोड गर्ने, यस्तै चित्रहरू सार्वजनिक ठाउँमा टाँस्ने जस्ता अभियान तथा सामाजिक कार्यहरूमा सहभागी गराउनुपर्ने छ। कक्षाकोठालाई रमाइलो तथा जीवन्त बनाई राख्न तथा युग सापेक्ष प्रविधियुक्त सिकाइका लागि उपलब्ध श्रव्य दृश्य सामग्रीहरू, विद्युतीय सामग्रीहरू तथा वेभमा आधारित सामग्री र प्रविधिहरूलाई सकेसम्म प्रयोग गर्ने कोशिस गर्नुपर्ने छ।

### (ख) कक्षा ४– ८ सम्मको सिकाइ सहजीकरण प्रक्रिया

कक्षा ४- ८ सम्मको लागि निम्न अनुसार सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन गर्नु पर्ने छ :

| क्र.स. | शिक्षण विधि | प्रयोग गर्न सकिने विषयवस्तुहरु |
|---|---|---|
| १ | छलफल विधि | कुनै विषयवस्तुको बारेमा समूहगत, जोडीगत, कक्षागत रूपमा छलफल गरी निष्कर्ष निकाल्न प्रयोग गरिन्छ। जस्तै सामुदायिक वनको महत्व, संरक्षण गर्ने उपायहरू, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिकको संरक्षणका उपायहरू, पार्कको महत्व, सडक सुरक्षाको लागि अवलम्बन गर्नुपर्ने पक्षहरू आदि। |
| २ | प्रदर्शन विधि | कुनै वस्तु देखाएर सिकाउने विधि प्रदर्शन विधि हो। सामग्रीको अभाव भएको बेला शिक्षकले वस्त वा चित्र प्रदर्शन गरेर सिकाउने गर्दछन। जस्तै : बुटवल उपमहानगरपालिकाको नक्सा जितगढी किल्लाको तस्बिर आदि। |
| ३ | घटना अध्ययन तथा मामला अध्ययन विधि | वरपरको कुनै विशेष घटनाको अध्ययन गरी त्यसको बारेमा प्रतिवेदन तयार गर्न लगाइ प्रस्तुतीकरण गर्न यस विधिको प्रयोग गर्न सकिन्छ। बाढी, पहिरो, आगलागी, चट्याङ, सडक दुर्घटना आदि। |
| ४ | प्रश्नोत्तर विधि | जुन सुकै विषयवस्तुको उठान गर्दा, परियोजना कार्य वा क्षेत्र भ्रमण वा कक्षा कार्य वा समूह कार्य गराउँदा, विषयवस्तुको प्रस्तुति अघि, प्रस्तुतीकरणको समय र अन्तमा, सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चित गर्न यस विधिको प्रयोग गर्न सकिन्छ। |
| ५ | समस्या समाधान विधि | कुनै समस्या दिई समाधानको लागि उपायहरू पहिचान गरी समाधान गर्ने कार्य यस विधिमा गरिन्छ। जस्तो :सालको पातबाट दुना टपरी बनाउने, सरसफाइ गर्ने आदि |
| ६ | क्षेत्र भ्रमण विधि | कक्षाकोठा बाहिर रहेका वस्तुहरूको प्रत्यक्ष अवलोकन गरी प्राप्त जानकारीको अभिलेख राख्ने (प्रतिवेदन, चित्र, चार्ट, भिडियो आदि)। जस्तै धार्मिक तथा ऐतिहासिक स्थल, वन, पोखरी, ताल, खेती, पालन आदि। |

| | | |
|---|---|---|
| ७ | अवलोकन र परियोजना विधि | गरेर सिक्ने, सँगै बसेर सिक्ने, प्राकृतिक वातावरणमा सिक्ने, सिपको विकास हुने गरी एकल वा समूह, कक्षाकोठाभित्र तथा बाहिर यो विधि प्रयोग गर्न सकिन्छ। जस्तै : स्थानीय सेवाहरूको जानकारी, विभिन्न धार्मिक स्थल, जलसम्पदा, वन सम्पदा, नमूना निर्माण, पेसा, व्यवसाय र प्रविधिको अवलोकन गरी प्रतिवेदन तयारी गर्ने तथा एकल र समूहगत तथा कक्षाकोठाभित्र र कक्षाकोठा बाहिर गरेर सिक्ने, पञ्च ज्ञानेन्द्रियहरूको प्रयोग द्वारा सिक्ने क्रियाकलापहरू यस अन्तर्गत पर्दछन्। |
| ८ | प्रयोगात्मक विधि | गरेर सिक्ने क्रियाकलापहरू यस विधि अन्तर्गत पर्दछन्। जस्तैः बिरुवा तथा जनावरको हेरचाह, वृक्षारोपण, पशुपालन, पंक्षीपालन, तरकारी खेती, गायन, वादन, नृत्य, अभिनय, हस्तकला र चित्रकलाद्धारा प्रदर्शन आदि |
| ९ | सोधखोज विधि | विद्यार्थीमा नयाँ नयाँ कुरा खोजी गर्ने, त्यसको व्यक्ति तथा समाजमा परेको वा पार्ने प्रभाव पहिचान गराउने जस्ता सिपको विकास गराउने, समाजमा रहेको धार्मिक, सांस्कृतिक, आर्थिक, ऐतिहासिक, भौगोलिक आदि पक्षको सोधखोज गरी वास्तविकता पत्ता लगाउने कार्यमा यस विधिको प्रयोग गर्न सकिन्छ। |
| १० | कथाकथन विधि | विषयवस्तुलाई रमाइलो, आकर्षक, उत्प्रेरणात्मक तरिकाले प्रस्तुतीकरण गर्न यस विधिको प्रयोग गर्न सकिन्छ। जस्तै : धार्मिक स्थल, पेसा, व्यवसाय, प्रविधिको प्रयोग, संरक्षण, विकास र प्रवर्धन आदिलाई कथात्मक तरिकाले प्रस्तुत गर्न सकिन्छ। |

माथि उल्लेख गरिएका विधिहरूका अलावा विषयवस्तुको प्रकृतिअनुसार अन्य विधिहरूको समेत प्रयोग गर्न सकिन्छ। सिपहरूको विकासका लागि सबै विद्यार्थीलाई एकै खालको सहजीकरणले सम्भव नहुन पनि सक्छ। त्यसैले उनीहरूलाई बहुबौद्धिकताको सिद्धान्त अनुरूप रुचि र क्षमताअनुसारका ज्ञान र सिप एवम् मूल्यहरूको विकास गर्न क्रियाकलापमा विविधता ल्याउनुपर्छ। यसका निम्ति योजनाबद्ध सिकाइ सहजीकरणको ठुलो भूमिका रहन्छ। विद्यार्थीहरूलाई "गर र सिक" भन्ने धारणाको अभिवृद्धि गराउनु स्थानीय विषयको मूल लक्ष्य हो। किशोर किशोरी आफैँले गरेर सिकेका कुरामा विश्वास गर्छन्। मनमा विश्वास जागेपछि उक्त सिकाइले व्यवहारमा सुधार ल्याउँछ। त्यसैले सामाजिक अध्ययन विषयमा सिकाइ सहजीकरण गर्दा विभिन्न प्रकारका विद्यार्थीकेन्द्रित शिक्षण विधिहरू प्रयोग गर्नुपर्छ, जस्तै : प्रश्नोत्तर, प्रदर्शन, समस्या समाधान, छलफल, अवलोकन, सोधखोज, अभिनय, परियोजना, प्रयोग, स्थलगत भ्रमण, घटना अध्ययन, समालोचनात्मक चिन्तन, सामुदायिक कार्य इत्यादि। समालोचनात्मक चिन्तन सिप विधि पछिल्लो समयमा विकास गरिएको विधिका रूपमा लिइन्छ। यसअन्तर्गत मष्तिष्क मन्थन (Brain Storming), सङ्गठित सिंहावलोकन (Structure overview), जिग्स (jig–saw), शब्दार्थ चित्र (Semantic Map), जोडीमा पढाइ र जोडीमा सारांश (Paired reading–Paired summarizing ), द्रुत लेखन (Quick Write), मान्यता (Value line), अब मेरो पालो (Pens in the middle), इमेज थिएटर, रनिङ डिक्टेसन, समस्या वृक्ष, पात्र अनुमान ( Guess who? ), तातो कुर्सी (Hot Chair) के डब्लु एल चार्ट (जान्न चाहेको- सिकेको कुरा), ग्राफिटी (भित्ते कलाकृति) आदि जस्ता सिकाइका रणनीतिहरू आवश्यकतानुसार प्रयोग गर्न सकिन्छ। आधारभूत तहमा समालोचनात्मक चिन्तन अन्तर्गत निम्न अनुसारका सिकाइका रणनीतिहरु प्रयोग गर्न सकिन्छ।

**प्रश्न सोध्ने रणनीति (Questioning Strategy)**

हरेक कुरा अन्धाधुन्ध नमान्ने (किन संस्कृति- Why culture)।

"किन?", "कसरी?", "के प्रमाण छ ?" भन्ने प्रश्नहरू सोध्ने।

सूचनाको स्रोत विश्वसनीय छ कि छैन जाँच्ने ।

**प्रमाण खोज्ने रणनीति (Evidence–based Thinking)**

कुनै निष्कर्षमा पुग्नु अघि प्रमाण (data, fact, example) खोज्ने ।

अनुमान वा गफ होइन, प्रमाणमा आधारित तर्क प्रस्तुत गर्ने ।

**विभिन्न दृष्टिकोण विश्लेषण गर्ने रणनीति (Perspective Taking)**

एउटै विषयमा फरक-फरक मत, बिचार र दृष्टिकोणलाई बुझ्ने ।

अरूको बिचार पनि सुनिने, तर अन्धा रूपमा स्वीकार नगर्ने ।

**तुलना र विरोधाभास गर्ने रणनीति (Compare and Contrast)**

दुई वा बढी बिचार, घटना वा समाधानबिच तुलना गर्ने ।

कुन उपाय बढी तर्कसंगत छ भन्ने विश्लेषण गर्ने ।

**तर्कसंगत निष्कर्ष निकाल्ने रणनीति (Logical Reasoning)**

कारण र परिणामबिच सम्बन्ध बुझ्ने ।

असंगत, पूर्वाग्रही वा अतार्किक निष्कर्षबाट जोगिने।

**निर्णय–निर्माण रणनीति (Decision–Making Strategy)**

सबै विकल्पको लाभ-हानि विश्लेषण गरेर मात्र निर्णय गर्ने ।

दीर्घकालीन असर बिचार गर्ने ।

**समस्या समाधान रणनीति (Problem–Solving Strategy)**

समस्या पहिचान सम्भावित समाधान खोज्ने उपयुक्त विकल्प छनोट गर्ने परीक्षण गर्ने ।

विफलताबाट सिक्ने र सुधार्ने।

**आत्ममूल्याङ्कन रणनीति (Self–Evaluation | Reflection)**

आफ्नो सोच, तर्क र निर्णय कति प्रभावकारी रहे भनेर समीक्षा गर्ने ।

सुधार गर्न सकिने पक्ष पहिचान गर्ने ।

**सन्दर्भ बुझ्ने रणनीति (Contextual Understanding)**

सूचना वा घटनाको सन्दर्भ, समय, ठाउँ र परिस्थिति अनुसार अर्थ बुझ्ने ।

सन्दर्भबिना निष्कर्ष ननिकाल्ने।

## ८. विद्यार्थी मूल्याङ्कन

### (क) कक्षा १–३ मा विद्यार्थी मूल्याङ्कन

शिक्षण सिकाइ प्रक्रियाकै एउटा अङ्गका रूपमा विद्यार्थीको नियमित रूपमा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको

सुनिश्चितता गर्ने पक्षलाई यस पाठ्यक्रमले जोड दिएको छ। यस प्रकारको मूल्याङ्कनले विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ। स्थानीय विषयमा राखिएका विषयवस्तु तथा सिकाइ उपलब्धि पूरा गराउनको लागि कक्षाकोठाको शिक्षण सिकाइको क्रममा गरिने लेखाजोखाको साथै विद्यार्थीहरूलाई आवश्यकता अनुसार सम्बन्धीत क्षेत्रमा अवलोकन, क्षेत्रभ्रमण, परियोजना तथा प्रयोगात्मक कार्यमा समेत सलंग्न गराई सोही बमोजिम विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको एकिन गर्नुपर्ने हुन्छ र आवश्यकताअनुसार सहजीकरण गर्नुपर्ने हुन्छ। यस्तो मूल्याङ्कनलाई मूलतः सिकाइका लागि मूल्याङ्कन अर्थात् निर्माणात्मक मूल्याङ्कनका रूपमा प्रयोग गरिनुपर्दछ।

निर्माणात्मक प्रयोजनका लागि सञ्चालन गरिने यस्तो मूल्याङ्कनका लागि विद्यार्थीले न्यूनतम के सिक्ने हो भन्ने कुरा निर्धारण गर्नु पर्दछ अर्थात् अपेक्षित सिकाइ उपलब्धि तय गर्नु पर्दछ। विद्यार्थीले के सिक्ने भन्ने कुराको निर्धारण गरेपछि विद्यार्थीको सिकाइको वर्तमान अवस्था वा निश्चित सिकाइ क्रियाकलापपछिको विद्यार्थीको सिकाइ अवस्था वा स्तर के कस्तो छ भनी विभिन्न साधन तथा माध्यम प्रयोग गरी पत्ता लगाउनुपर्छ। यसरी विद्यार्थीको वर्तमान सिकाइ अवस्था पहिचान गरिसकेपछि सिकाइको निर्धारित लक्ष्यमा कसरी पुग्ने भन्ने मार्ग तय गर्नुपर्दछ। यसरी विद्यार्थीको अपेक्षित सिकाइ स्तर तय गर्ने, सिकाइको वर्तमान अवस्था वा स्तर पत्ता लगाउने र कसरी अपेक्षित सिकाइस्तर प्राप्त गर्ने भनी तय गर्ने कार्यका लागि विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन गरिन्छ।

कक्षा १-३ मा गरिने विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नु पर्दछ। यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो। यस्तो पृष्ठपोषण दिने कार्य दुई चरणमा गर्नुपर्छ। पहिलो चरण अन्तर्गत नियमित सिकाइ सहजीकरण पश्चात् मूल्याङ्कन गर्ने र विद्यार्थीको सिकाइको अवस्थाको लेखाजोखा गर्ने र दोस्रो चरणमा सिकाइ उपलब्धि हासिल गरेको अवस्थाको आधारमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्ता लगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुका साथै पटकपटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्दछ। कक्षाकोठा र आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइ स्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ। यसबाट विद्यार्थीहरूको कक्षा दोहर्‍याउने क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नाका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सृजना हुने छ।

### (अ) मूल्याङ्कन विधि र प्रक्रिया

कक्षा १-३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ। कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतिकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ। विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले केकति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ। यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ। कक्षा

१-३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) फाइल व्यवस्थित गरी राखिनुपर्छ। कार्यसञ्चयिका फाइललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ। विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक थिम वा क्षेत्रको पठनपाठन पश्चात, विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ। यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्य, परियोजना कार्य तथा प्रयोगात्मक कार्यलाई नै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ। तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुदैन। विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्यको सही तरिकाले मूल्याङ्कन गर्ने साधन (Tools of Authentic task) समावेश गर्नु उपयुक्त हुनेछ।

### आ) मूल्याङ्कनका तरिका र साधन

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी संख्या, शिक्षकको क्षमता तथा रुचि जस्ता पक्ष बिचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ। मूल्याङ्कनका विभिन्न तरिका तथा साधनहरू हुन्छन्। विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ। कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ। यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ। विद्यार्थीका कार्य तथा उपलब्धि सहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका तयार गर्दा विद्यार्थीको प्रगतिको मात्रा र प्रक्रियामा रहेको कमीकमजोरी हटाई सिकाइ सुधार कार्यका लागि यसबाट सहयोग पुग्दछ।

सामान्यतया स्थानीय विषयको पठनपाठनको क्रममा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गर्नको लागि कक्षा सहभागिता, मौखिक कार्य, लिखित कार्य, परियोजना तथा प्रयोगात्मक कार्य, कार्यसम्पादन तथा प्रदर्शन, सहपाठी तथा स्वमूल्याङ्कन, अभिभावक प्रतिक्रिया, कुराकानी तथा छलफल जस्ता तरिकाहरू अवलम्बन गर्न सकिन्छ। यसको लागि अवलोकन फाराम, रुजु सूची, श्रेणीमापन, रुब्रिक्स, मौखिक प्रश्न जस्ता मूल्याड्कनका साधनहरू प्रयोग गर्न सकिन्छ।

### इ) विद्यार्थीको सिकाइ उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या

| उपलब्धिस्तर | अंक | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| अपर्याप्त(Insuffcent) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |

| | | |
|---|---|---|
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च (Advance) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

पहिलो चरणमा नियमित सिकाइ क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ। मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लिखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तर अभिलेखीकरण गर्नुपर्दछ। यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी उपलब्धिस्तर ४ पुर्‍याउने प्रयास गर्नुपर्दछ। उपलब्धिस्तर ३ प्राप्त गरेको विद्यार्थीलाई समेत ४ पुर्‍याउन सहयोग गर्नुपर्छ। यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनुपर्दछ भने अन्यलाई पछिल्लो सिकाइमा सरिक गराउनु पर्दछ। सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनः अभिलेखीकरण गर्नुपर्छ। निश्चित सिकाइक्षेत्रका सिकाइ उपलब्धिहरूको सिकाइ परीक्षण पश्चात् सो सिकाइ क्षेत्रको औसत सिकाइ उपलब्धिसमेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ।

यही क्रममा सबै विषयक्षेत्रको सिकाइपश्चात् सबै सिकाइ उपलब्धिको परीक्षण गरी सिकाइ प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर सहित विषयक्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ। त्यसै गरी मुख्य व्यवहारकुशल सिपमा विद्यार्थीको उपलब्धिस्तर पनि अभिलेखिकरण गर्न सकिन्छ। यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुने छ। विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइस्तरको सुनिश्चिता गर्ने, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइका लागि योजनाका लागि गरिन्छ।

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लेखित मूल्याङ्कनका तरिका तथा साधनहरूमध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनुपर्ने हुन सक्दछ। शिक्षकले आफ्नो कक्षाकोठामा भएका विद्यार्थीको अपाङ्गताको किसिम तथा स्वरूप अनुरूप प्रयोग गर्न सकिने मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ। मूल्याङ्कनका कुनै साधन उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नुपर्दछ।

### (ई) उपलब्धि प्रतिशत निकाल्ने विधि तथा प्रक्रिया

सामान्यतया प्रत्येक सिकाइ उपलब्धि मापन पछि नतिजा विद्यार्थीलाई जानकारी गराउने, किन यस्तो भयो छलफल गर्ने, विद्यार्थीलाई स्वप्रत्यावर्तनको अवसर दिने र सुधारका उपाय तय गर्नुपर्दछ भने प्रत्येक विषयक्षेत्र वा थिमको सिकाइपश्चात् प्रत्येक सिकाइ उपलब्धि र औसत उपलब्धिसहित अभिभावक र शिक्षकले छलफल गरी सिकाइ सुधार तथा भावी सिकाइका योजना तय गर्नुपर्छ। प्रत्येक थिमको सिकाइपछि अभिभावकसँग छलफल गर्नु विद्यार्थीको सिकाइ सुधारका दृष्टिले उपयुक्त भए पनि छोटोछोटो समयको अन्तरालमा अभिभावसँग छलफल सबैका लागि सम्भव नहुन सक्ने

कुरालाई बिचार गरेर तीनदेखि चार महिनाको अन्तरालमा सो अवधिको सिकाइ भएका थिमको मूल्याङ्कन नतिजा सहित विद्यार्थीको सिकाइ प्रगति तथा कठिनाइका विषयमा अभिभावकसँग छलफल गरी आवश्यकतानुसार सिकाइ सुधारका उपाय पहिचान गर्न सकिन्छ। नतिजा र सिकाइ सुधार तथा भावी सिकाइ योजना तय गर्दा सम्बन्धीत विद्यार्थी सबल पक्ष, रुचि र कठिनाइलाई ध्यान दिनुपर्छ। यसका लागि यस प्रक्रियामा विद्यार्थीलाई पनि सहभागी गराउनुपर्छ।

**विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन**

**१. विषयक्षेत्रगत रूपमा प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फाइलमा निम्नअनुसार व्यवस्थित गरी राख्नुपर्छ :**

प्रत्येक थिम वा विषयक्षेत्रको मूल्याङ्कन अभिलेख विद्यार्थीको कार्यसञ्चयिका फाइलमा कालक्रम अनुसार सिलसिलाबद्ध गरी राख्नुपर्छ। कार्यसञ्चयिका फाइलमा विद्यार्थीको व्यक्तिगत, पारिवारिक तथा स्वास्थ्य सम्बन्धी विवरण, कक्षा कार्य, परियोजना कार्य, उपलब्धि प्रतिशतका अभिलेख, हाजिरी विवरण, विद्यार्थीको प्रगति स्पष्ट हुने सहयोग पुग्ने खालमा विद्यार्थीका नमूना कार्य तथा सिर्जनाहरू समयबद्ध रूपमा सिलसिला मिलाई राख्नुपर्छ। यसमा जुनसुकै कार्य समावेश नगरी उपलब्धिस्तर झल्काउने प्रतिनिधि कार्यहरूमात्र समावेश गर्नुपर्छ। यसमा यतिनै कार्य समावेश गर्नुपर्छ भन्नु उपयुक्त नभए पनि विषयवस्तुको प्रत्येक क्षेत्र वा थिमबाट १ देखि ३ कार्य तथा समग्रमा विषयक्षेत्रगत रूपमा गरिने पाँचओटासम्म सिर्जनात्मक कार्य समावेश गर्नु उपयुक्त हुन सक्छ।

कार्यसञ्चयिका फाइलमा समावेश गरिएका कार्य तथा अभिलेखहरूको समयबद्ध सूची भित्री कभरपृष्ठमा राखिनुपर्छ। प्रत्येक विद्यार्थीको कक्षा १ मा तयार गरिएको कार्यसञ्चयिका फाइललाई नै कक्षा ३ सम्म निरन्तर गर्नुपर्छ। शिक्षक परिवर्तन भएमा फाइल हस्तान्तरण गर्नुपर्छ।

२. **विद्यार्थीको कार्यसञ्चयिकालाई निम्नअनुसार प्रयोग सकिन्छ :**

- शिक्षकले विद्यार्थीको सिकाइ प्रगतिको अनुगमन गर्न सिकाइ योजना तथा सिकाइ सुधारको योजना बनाउन।
- विद्यार्थीले आफ्नो कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा लाग्न र आफ्नो कार्यर उपलब्धिबारे आत्मविश्वास पैदा गर्न तथा थप कार्य तथा उपलब्धिका लागि प्रोत्साहित हुन।
- अभिभावकले विद्यार्थीले कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा सहयोग गर्न।
- विद्यालयले विद्यार्थीको सिकाइको प्रमाणका रूपमा लिई अग्रिम सिकाइ अवसर प्रदान गर्न।
- सबै विद्यार्थीलाई प्रोत्साहन गर्न।
- शिक्षक विकास तथा प्रोत्साहन कार्यको योजना गर्न र जवाफदेहिता व्यक्त गर्न
- विद्यालय व्यवस्थापनले विद्यालय समुदाय सम्बन्ध सुधार गरी सिकाइ वातावरण सुधार गर्न

**विषयक्षेत्रगत रूपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेख फाराम**

१. मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ।

२. हरेक मुख्य सिकाइ उपलब्धिको हासिल भयो वा भएन भनी यकिन गनुपर्छ। यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दम बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा

एउटै साधन वा एकै पटकको पर ीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले बिचार गर्नुपर्दछ।

३. सबै विद्यार्थीले न्यूनतम सिकाइ स्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्न मूल्याङ्कनले सहयोग गर्नुपर्दछ। यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरिनुपर्दछ। यसका लागि सुधारात्मक सिकाइपश्चात् विद्यार्थीको पुनः मूल्याङ्कन गरी फाराममा उल्लेख भएअनुसार अभिलेखिकरण गर्नु पर्छ।

४. सामान्यतया सबै (प्रत्येक) विद्यार्थीको सिकाइस्तर न्यूनतम ४ पुन्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ। तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइस्तर १, २ वा ३ मै छाड्न भने हुँदैन। कुनै विद्यार्थी पटकपटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ तथा २ भन्दा माथि जान सकेन भने त्यसका कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुनसक्छ। उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि मुख्य तथा माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनुपर्दछ। शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुयाउनु अपेक्षित छ।

५. विषयक्षेत्र तथा थिम अन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

$$\text{क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{जम्मा उपलब्धिको योगफल}}{\text{४ × उपलब्धिको संख्या}} \times \text{१००}$$

६. उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नअनुसार प्रस्तुत गर्नुपर्ने छ :

| क्र.स. | उपलब्धि प्रतिशत | अक्षरमा उपलब्धिस्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|
| १ | ९० र सोभन्दा माथि | A+ | सर्वोत्तम(Outstanding) |
| २ | ८० र सोभन्दा माथि ९० भन्दा कम | A | अत्युत्तम (Excellent ) |
| ३ | ७० र सोभन्दा माथि ८० भन्दा कम | B+ | उत्कृष्ट (Very Good ) |
| ४ | ६० र सोभन्दा माथि ७० भन्दा कम | B | उत्तम (Good) |
| ५ | ५० र सोभन्दा माथि ६० भन्दा कम | C+ | सन्तोषजनक (Satisfactory) |
| ६ | ४० र सोभन्दा माथि ५० भन्दा कम | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सोभन्दा माथि ४० भन्दा कम | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | NG | अवर्गीकृत (Not Graded) |

## ७. निरन्तर विद्यार्थी मूल्याङ्कन फाराम

विद्यार्थी मूल्याङ्कन अभिलेख फारमा चिन्ह (√) लगाउनुहोस्। प्रत्येक चार सूचकमध्ये हासिल भएका सूचक (√) चिन्ह र हासिल गर्न नसकेमा बेठिक (×) लगाउनुहोस्।

मापन तरिका : प्रत्येक सिकाइ उपलब्धिका लागि दिइएका उपलब्धि सूचक विद्यार्थीले हासिल गरेमा सम्बन्धीत कोठामा ठिक (√) गन्नुहोस् र त्यतिनै अङ्क अङ्कन महलमा लेख्नुहोस्। तपाईँले प्रयोग गर्नुभएको साधनमा चिन्न लगाउनुहोस् वा अन्य साधन प्रयोग गर्नुभएको भए सोही महलमा लेख्नुहोस्।

# कक्षा : १

| थिम | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतिकरण र उपलब्धि सूचक | नियमित पढाइपछि मूल्याङ्कन | | | थप सहायतापछि मूल्याङ्कन | | | प्रयोग गरिएका साधनहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सकेको/ नसकेका | मिति | अङ्कन | सकेको/ नसकेको | मिति | अङ्कन | |
| बुटवल परिचय | १.ठाउँ हेरेर अग्लो होचो र समतल भूमि छुट्याउन। | अग्लो, होचो र समतल भूमि छुट्याउन सक्दैन वा बारम्बार भ्रम हुन्छ। | | | | | | | अवलोकन |
| | | केही उदाहरणहरूमा अग्लो र होचो छुट्याउन सक्छ, तर समतल भूमि पहिचानमा अनिश्चितता देखिन्छ। | | | | | | | अवलोकन |
| | | अग्लो, होचो र समतल भूमि प्रायः ठाउँमा चिन्हारी गर्न सक्छ, केही ठाउँमा मात्र सानो संकोच देखिन्छ। | | | | | | | अवलोकन |
| | | सबै प्रकारका भूमिस्थानलाई स्पष्ट, सही र आत्मविश्वासका साथ छुट्याउन र व्याख्या गर्न सक्छ। | | | | | | | प्रश्नोत्तर |
| हाम्रो धर्म संस्कृति र परम्परा | २. परिवारका सदस्यहरुसँग गर्नुपर्ने सम्मान र व्यवहारहरु आत्मसात गर्न। | सम्मानजनक व्यवहार देखिन्न।, | | | | | | | अवलोकन |
| | | कहिलेकाही मात्र सम्मानजनक व्यवहार देखिन्छ, तर निरन्तरता र नियमितता अभाव हुन्छ। | | | | | | | प्रश्नोत्तर |
| | | प्रायः परिवारका सदस्यहरूसँग सजिलै, शिष्ट र सम्मानजनक व्यवहार गर्न सक्छ। सामान्यतः सकारात्मक व्यवहार देखिन्छ। | | | | | | | अवलोकन |
| | | सबै परिवारका सदस्यहरूसँग निरन्तर, स्वभाविक र आत्मविश्वासका साथ सम्मान, आदर र सहयोगयुक्त व्यवहार गर्न सक्छ। | | | | | | | प्रश्नोत्तर |
| | ३.घरपरिवारका मान्यजनहरुको आज्ञापालना र आफूभन्दा सानाप्रति गरिने व्यवहारहरुको विकास गर्न। | मान्यजनको कुरा नमान्ने, निर्देशन अवहेलना गर्ने र सानाप्रति कठोर/उपेक्षित व्यवहार देखिन्छ। | | | | | | | अवलोकन |
| | | कहिलेकाहीँ मात्र आज्ञा मान्छ, तर निरन्तर हुँदैन। सानाप्रति व्यवहार अस्थिर वा असमान देखिन्छ। | | | | | | | अवलोकन |
| | | प्रायः मान्यजनको आज्ञा पालना गर्छ र सानाप्रति सहयोगी तथा राम्रो व्यवहार देखाउँछ। | | | | | | | प्रश्नोत्तर |
| | | सधैं मान्यजनको आज्ञा आदरपूर्वक पालना गर्छ र सानाप्रति स्नेह, सहयोग र हेरचाहपूर्ण व्यवहार स्वभाविक रूपमा गर्दछ। | | | | | | | प्रश्नोत्तर |
| हाम्रो पर्यटन | ४.कक्षाभित्र र बाहिरका सफा ठाउँ र मैला ठाँउ छुट्याउन। | सफा र मैला ठाउँ छुट्याउन नसक्ने वा उल्टो पहिचान गर्ने। सफाइबारे चासो कम। | | | | | | | अवलोकन |
| | | केही ठाउँमा मात्र सफा र मैला छुट्याउन सक्छ, तर निरन्तरता र स्पष्टता अभाव हुन्छ। | | | | | | | अवलोकन |
| | | प्रायः कक्षाभित्र र बाहिरको सफा र मैला ठाउँ सही रूपमा छुट्याउन सक्छ र सफाइमा सहभागी हुन्छ। | | | | | | | प्रश्नोत्तर |
| | | सबै स्थानमा सफा र मैला ठाउँ स्पष्ट रूपमा छुट्याउन सक्छ, सफाइमा सक्रिय रूपमा नेतृत्व/प्रेरणा दिन पनि सक्छ। | | | | | | | प्रश्नोत्तर |
| | ५. घर र विद्यालय वरपरका प्राकृतिक स्थान बताउनुहोस | वरपरका कुनै प्राकृतिक स्थान पहिचान गर्न सक्दैन वा गलत रूपमा बताउछ। | | | | | | | अवलोकन |
| | | केही मात्र प्राकृतिक स्थान बताउँछ तर स्थानको नाम र विशेषता स्पष्ट रूपमा बताउन सक्दैन। | | | | | | | अवलोकन |
| | | वरपरका धेरै प्राकृतिक स्थानहरू सही रूपमा बताउँछ र सामान्य विवरण पनि दिन सक्छ। | | | | | | | प्रश्नोत्तर |
| | | वरपरका सबै प्रमुख प्राकृतिक स्थानहरू स्पष्ट, क्रमबद्ध र आत्मविश्वासका साथ वर्णन गर्न सक्छ। | | | | | | | प्रश्नोत्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ६. घर र विद्यालय वरपरका पुरातात्विक महत्वका स्थान को सूचिकरण गर्न। | वरपरका कुनै पुरातात्विक स्थान वा पुराना संरचनाहरू पहिचान गर्न सक्दैन | | | | | | | अवलोकन |
| | | १-२ पुरातात्विक स्थानको नाम त बताउँछ तर स्थानको महत्व वा इतिहास स्पष्ट गर्न सक्दैन। | | | | | | | अवलोकन |
| | | वरपरका धेरै पुरातात्विक स्थानहरू सही रूपमा बताउँछ र सामान्य परिचय पनि दिन सक्छ। | | | | | | | प्रश्नोत्तर |
| | | सबै प्रचलित पुरातात्विक स्थानहरूको नाम, स्थान, ऐतिहासिक तथा सांस्कृतिक महत्व स्पष्ट, क्रमबद्ध र आत्मविश्वासका साथ प्रस्तुत गर्न सक्छ। | | | | | | | प्रश्नोत्तर |
| हाम्रो सिप, पेसा, व्यवसाय | ७. घरका सदस्यको पेसा तथा व्यवसायको नाम र स्थल बताउन। | घरका सदस्यको पेसा/व्यवसाय र उनीहरू कहाँ काम गर्छन् भन्ने बताउन सक्दैन वा भ्रम देखिन्छ। | | | | | | | अवलोकन |
| | | १-२ सदस्यको पेसा बताउँछ तर कार्यस्थल स्पष्ट रूपमा भन्न सक्दैन। | | | | | | | अवलोकन |
| | | धेरैजसो सदस्यको पेसा र कार्यस्थल सही बताउँछ, विवरण सामान्यतः स्पष्ट हुन्छ। | | | | | | | प्रश्नोत्तर |
| | | सबै सदस्यको पेसा, व्यवसाय र कार्यस्थल क्रमबद्ध, आत्मविश्वासका साथ बताउँछ। | | | | | | | प्रश्नोत्तर |
| | ८.घरका सदस्यको पेसा तथा व्यवसायबाट प्राप्त सेवा बताउन। | सदस्यको पेसा/व्यवसायबाट के सेवा वा वस्तु प्राप्त हुन्छ भन्ने बताउन सक्दैन। | | | | | | | अवलोकन |
| | | केही सदस्यको व्यवसाय र त्यसबाट प्राप्त सेवा/वस्तु बताउँछ, तर स्पष्टता र क्रमबद्धता अभाव हुन्छ। | | | | | | | अवलोकन |
| | | धेरैजसो सदस्यको व्यवसाय र त्यसबाट प्राप्त सेवा/वस्तु सही रूपमा बताउँछ। | | | | | | | प्रश्नोत्तर |
| | | सबै सदस्यको व्यवसाय, त्यसबाट प्राप्त सेवा/वस्तु स्पष्ट, क्रमबद्ध र आत्मविश्वासका साथ बताउनुहोस्। | | | | | | | प्रश्नोत्तर |
| | ९.मिठो चोखो खाने उत्सवको नाम बताउन। | उत्सवको नाम सजिलै भन्न सक्दैन। | | | | | | | अवलोकन |
| | | केही लोकप्रिय मिठो चोखो खाने उत्सवको नाम याद गर्छ। | | | | | | | अवलोकन |
| | | सामान्यतया मनाइने मिठो चोखो खाने उत्सवको नाम स्पष्ट रुपमा भन्न सक्छ। | | | | | | | प्रश्नोत्तर |
| | | सबै प्रमुख मिठो चोखो खाने उत्सवको नाम भन्न सक्छ र त्यसको महत्व पनि बुझ्छ। | | | | | | | प्रश्नोत्तर |
| सडक सुरक्षा | १०.घरमा हुन सक्ने दुर्घटनाप्रति सचेत रहन र सामान्य सुरक्षाका उपाय बताउन। | घरमा हुने सामान्य दुर्घटना के हुन सक्छ भनेर सजिलै चिनाउन सक्दैन। | | | | | | | अवलोकन |
| | | घरमा हुने केही सामान्य दुर्घटना चिनेर, सुरक्षाका साधारण उपाय याद गर्छ। | | | | | | | अवलोकन |
| | | घरमा हुने सबै सामान्य दुर्घटना चिन्दछ र सुरक्षाका उपाय बताउन सक्छ। | | | | | | | प्रश्नोत्तर |
| | | घरमा हुन सक्ने सबै प्रकारका दुर्घटना रोकथामका उपाय प्रभावकारी रूपमा अपनाउन सक्छ र अरूलाई पनि सचेत गराउन सक्छ। | | | | | | | प्रश्नोत्तर |
| | ११. विद्यालयमा हुन सक्ने दुर्घटना र सुरक्षाका उपायहरु बताउन अवलम्बन गर्न। | विद्यालयमा हुने सामान्य दुर्घटना के हुन् र कसरी बच्ने थाहा छैन। | | | | | | | अवलोकन |
| | | विद्यालयमा हुने केही सामान्य दुर्घटना र आधारभूत सुरक्षाका उपाय जान्दछ। | | | | | | | अवलोकन |
| | | विद्यालयमा हुने सबै सामान्य दुर्घटना चिन्छ र सुरक्षाका उपाय अपनाउन सक्छ। | | | | | | | प्रश्नोत्तर |
| | | विद्यालयमा हुने सबै प्रकारका दुर्घटना रोकथामका उपाय प्रभावकारी रूपमा अपनाउन सक्छ र साथीहरूलाई पनि सचेत गराउन सक्छ। | | | | | | | प्रश्नोत्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| स्वास्थ्य र खेलकूद | १२.बालबालिकाले आफ्नो शरीर, लुगा र वरपरको सरसफाई गर्नु पर्ने कुरा व्याख्या गर्न। | आफ्नै शरीर, लुगा वा वरपरको सरसफाईको आवश्यकता बुझ्दैन। | | | | | | | अवलोकन |
| | | शरीर, लुगा र वरपर सफा राख्नुपर्ने कुरा सामान्यतया बुझ्छ। | | | | | | | अवलोकन |
| | | आफ्नै शरीर, लुगा र वरपर सफा राख्न नियमित प्रयास गर्न सक्छ। | | | | | | | प्रश्नोत्तर |
| | | शरीर, लुगा र वरपरको सरसफाई प्रभावकारी रूपमा राख्छ र अरूलाई पनि प्रोत्साहित गर्न सक्छ। | | | | | | | प्रश्नोत्तर |
| | १३.विद्यार्थीहरूले स्थानीय रूपमा खेलिने खेल पहिचान गर्न र रमाईलो गरी खेल्न। | स्थानीय खेल चिन्न वा खेल्न सक्दैन। | | | | | | | अवलोकन |
| | | केही स्थानीय खेल चिन्छ र सामान्य रूपमा खेल्न सक्छ। | | | | | | | अवलोकन |
| | | धेरै स्थानीय खेल चिन्छ र रमाइलोसँग खेल्न सक्छ। | | | | | | | प्रश्नोत्तर |
| | | सबै स्थानीय खेल चिन्छ, रमाइलोसँग खेल्न सक्छ र अरूलाई पनि खेल सिकाउन सक्छ। | | | | | | | प्रश्नोत्तर |
| योग र प्राकृतिक चिकित्सा | १४. बच्चाहरूमा शरीरको सन्तुलन, लचिलोपन र एकाग्रता विकास गर्ने क्षमता उत्पन्न गर्ने | सूक्ष्म व्यायाम (६): हात घुमाउने, खुट्टा ठटाउने, मुठ्ठी बन्द-खोल्ने,आँखाको गोलाई घुमाउने पिठ्यू घुमाउने, घाँटी तल-माथि हल्लाउने | | | | | | | अवलोकन |
| | | सरल आसन (६):शवासन,ताड़ासन,बालासन (बालकजस्तो),सुखासन (सिधा टाउको बनाएर बस्ने),माकडासन (बाँदर जस्तो बस्ने),वज्रासन | | | | | | | अवलोकन |
| | | सरल प्राणायाम (३):गहिरो सास लिने,फुसफुस प्राणायाम (नाकबाट सास फाल्ने),सिँगान सुकाउने अभ्यास | | | | | | | प्रश्नोत्तर |
| | | ध्यानः मौन बस्ने, आँखा बन्द गरेर २ मिनेट शान्त बस्ने | | | | | | | प्रश्नोत्तर |
| | १५. बालबालिकाले वरपर पाइने सामान्य औषधीय बिरुवा चिन्न र त्यसको सामान्य उपयोग वर्णन गर्न। | वरपर पाइने औषधीय बिरुवा चिन्न सक्दैन र त्यसको प्रयोग थाहा छैन। | | | | | | | प्रश्नोत्तर |
| | | केही सामान्य औषधीय बिरुवा चिन्छ र साधारण प्रयोग थाहा पाउँछ। | | | | | | | अवलोकन |
| | | वरपर पाइने धेरै औषधीय बिरुवा चिन्छ र त्यसको सामान्य प्रयोग जान्दछ। | | | | | | | प्रश्नोत्तर |
| | | सबै सामान्य औषधीय बिरुवा चिन्छ, त्यसको उपयोग गर्न सक्छ र अरूलाई पनि सिकाउन सक्छ। | | | | | | | प्रश्नोत्तर |
| हाम्रा संघ संस्था | १६.बालबालिकाले आफ्ना घरभित्रका पारिवारिक सदस्यहरूको नाम बताउन, नाताको नाम भन्न सक्ने र घरमा पाइने साना सामानहरूको बारेमा जानकारी दिने। | परिवारका सदस्य चिन्न वा नाताको नाम भन्न सक्दैन। | | | | | | | अवलोकन |
| | | आफ्ना मुख्य पारिवारिक सदस्य चिन्छ र केही नाताको नाम भन्न सक्छ। | | | | | | | अवलोकन |
| | | सबै पारिवारिक सदस्य चिन्छ, नाताको नाम भन्न सक्छ र घरका साना सासानको सामान्य जानकारी पाउँछ। | | | | | | | प्रश्नोत्तर |
| | | पारिवारिक सदस्य सबै चिन्छ, नाताको नाम स्पष्ट रूपमा भन्न सक्छ र घरका साना सानानको विस्तृत जानकारी दिन सक्छ | | | | | | | प्रश्नोत्तर |

# कक्षा : २

| थिम | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतिकरण र उपलब्धि सूचक | नियमित पढाइपछि मूल्याङ्कन | | | थप सहायतापछि मूल्याङ्कन | | | प्रयोग गरिएका साधनहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सकेको/ नसकेका | मिति | अङ्क | सकेको/ नसकेको | मिति | अङ्क | |
| बुटवल परिचय | १.नक्सा हेरेर हिमाल पहाड र तराई क्षेत्र छुट्याउन । | चित्र वा नक्सामा देखाइएका क्षेत्रहरू (हिमाल, पहाड, तराई) चिन्न सक्दैन वा गलत छु | | | | | | | अवलोकन |
| | | शिक्षकको सहयोगमा केही क्षेत्र (जस्तै हिमाल वा तराई) पहिचान गर्न सक्छ तर सबै तीनै क्षेत्र स्पष्ट रूपमा छुट्याउन सक्दैन। | | | | | | | अवलोकन |
| | | तस्बिर वा नक्सा हेरेर हिमाल, पहाड र तराई क्षेत्र छुट्याउन सक्छ र तिनको सामान्य विशेषता जस्तै हिमालमा हिउँ पर्छ, तराई समथर हुन्छ आदि) बताउन सक्छ। | | | | | | | अवलोकन |
| | | सहज रूपमा चित्र वा नक्सा हेरेर हिमाल, पहाड र तराई क्षेत्र छुट्याउन मात्र होइन, तिनको प्रमुख विशेषता र उदाहरण (जस्तै सगरमाथा - हिमाल, पोखरा - पहाड, बुटवल - तराई) पनि बताउन सक्छ। | | | | | | | प्रश्नोत्तर |
| हाम्रो धर्म संस्कृति र परम्परा | २.घरमा आउने अतिथि र नातेदारसँगको असल व्यवहार प्रदर्शन गर्न । | घरमा आएका अतिथि वा नातेदारप्रति उदासीन रहन्छ वा असभ्य व्यवहार देखाउँछ। नमस्कार वा अभिवादन गर्न पनि सक्दैन। | | | | | | | अवलोकन |
| | | शिक्षक वा अभिभावकको सल्लाहमा मात्र अतिथिलाई नमस्कार गर्न वा सम्बोधन गर्न सक्छ तर आफ्नै पहलमा असल व्यवहार देखाउँदैन। | | | | | | | अवलोकन |
| | | घरमा आएका अतिथि वा नातेदारलाई नमस्कार गर्छ, आदरपूर्वक बोल्छ र असल व्यवहार देखाउँछ। | | | | | | | अवलोकन |
| | | घरमा आएका अतिथि वा नातेदारलाई आदरपूर्वक स्वागत गर्छ, राम्रो व्यवहार गर्छ, सहयोग गर्ने प्रस्ताव गर्छ र आफैंले असल व्यवहारको उदाहरण प्रस्तुत गर्छ। | | | | | | | अवलोकन |
| | ३.गर्न हुने र नहुने व्यवहार पहिचान र व्यवहारमा प्रयोग गर्न। | गर्न हुने र नहुने व्यवहार छुट्याउन सक्दैन। उसले अनुचित व्यवहार (जस्तै अरूको कुरा काट्ने, झगडा गर्ने आदि) बारम्बार गर्छ। | | | | | | | अवलोकन प्रश्नोत्तर |
| | | विद्यार्थीले शिक्षक वा अभिभावकको सहयोगमा गर्न हुने र नहुने व्यवहार छुट्याउन सक्छ तर व्यवहारमा त्यसको प्रयोग गर्न सक्दैन। | | | | | | | अवलोकन छलफल |
| | | विद्यार्थीले गर्न हुने र नहुने व्यवहार छुट्याउन सक्छ र प्रायः अवस्थामा राम्रो व्यवहार (जस्तै बिस्तारै बोल्ने, सहयोग गर्ने आदि) प्रयोग गर्छ। | | | | | | | प्रश्नोत्तर छलफल |
| | | विद्यार्थीले गर्न हुने र नहुने व्यवहार स्पष्ट रूपमा छुट्याउन सक्छ, आफैंले राम्रो व्यवहारको उदाहरण देखाउँछ र अरूलाई पनि त्यस्तो व्यवहार गर्न प्रोत्साहन दिन सक्छ। | | | | | | | प्रश्नोत्तर छलफल |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ४.खुसी हुने र दुखि हुने अबस्था पहिचान गर्न सो अनुकूल व्यवहार गर्न । | खुशी र दुःखी अवस्थाबिचको भिन्नता बुझ्दैन । अरूको भावना बुझ्न वा त्यसअनुसार व्यवहार गर्न सक्दैन । | | | | | | | अवलोकन प्रश्नोत्तर |
| | | शिक्षकको सहयोगमा खुशी र दुःखी अवस्थाहरू छुट्याउन सक्छ तर कहिलेकाहीँ मात्र त्यसअनुसार व्यवहार गर्न सक्छ । | | | | | | | अवलोकन छलफल |
| | | खुशी र दुःखी अवस्थाहरू पहिचान गर्न सक्छ र त्यसअनुसार व्यवहार (जस्तै खुशीमा सँगै रमाउने, दुःखमा सान्त्वना दिने) गर्न सक्छ । | | | | | | | प्रश्नोत्तर छलफल |
| | | खुशी र दुःखी अवस्थाहरू सहज रूपमा पहिचान गर्न सक्छ, आफू र अरूको भावनालाई आदरपूर्वक बुझ्छ, र त्यसअनुसार सहयोगी, सहानुभूतिपूर्ण व्यवहार देखाउँछ । | | | | | | | प्रश्नोत्तर छलफल |
| हाम्रो पर्यटन | ५.प्राकृतिक स्थलहरु : चुरे पहाड र तिनाउ तथा दानव नदीको अवस्थिति पत्ता लगाउन । | चुरे पहाड वा तिनाउ, दानव नदीको नाम त सुनेको हुन्छ तर तिनको अवस्थिति बताउन सक्दैन । चित्र वा नक्सा हेरेर छुट्याउन सक्दैन । | | | | | | | अवलोकन |
| | | शिक्षकको सहयोगमा चुरे पहाड वा तिनाउ/दानव नदी कुन क्षेत्रमा पर्छ भनेर अनुमान गर्न सक्छ तर स्पष्ट रूपमा देखाउन सक्दैन । | | | | | | | अवलोकन |
| | | चित्र वा नक्सा हेरेर चुरे पहाड र तिनाउ तथा दानव नदी कुन क्षेत्रमा छन् भनेर सही रूपमा देखाउन र बताउन सक्छ । | | | | | | | प्रश्नोत्तर |
| | | विद्यार्थीले नक्सा वा चित्रमा चुरे पहाड र तिनाउ, दानव नदीको अवस्थिति सजिलै पत्ता लगाउन मात्र होइन, तिनको आपसी सम्बन्ध (जस्तै नदी चुरेबाट बग्ने) पनि स्पष्ट रूपमा व्याख्या गर्न सक्छ । | | | | | | | प्रश्नोत्तर |
| हाम्रो सिप, पेसा, व्यवसाय | ६.समुदायमा रहेका, व्यापारिक तथा व्यवसायिक स्थलहरुको नाम बताउन । | समुदायमा रहेका व्यापारिक वा व्यवसायिक स्थल (जस्तै पसल, होटल, मिल, बैंक आदि) को नाम बताउन सक्दैन । | | | | | | | अवलोकन |
| | | शिक्षकको सहयोगमा केही व्यापारिक वा व्यवसायिक स्थलको नाम बताउन सक्छ तर सबै ठिकसँग सम्झन सक्दैन । | | | | | | | अवलोकन |
| | | विद्यार्थीले समुदायमा रहेका प्रमुख व्यापारिक तथा व्यवसायिक स्थलहरूको नाम (जस्तै किराना पसल, होटल, फर्निचर पसल, बैंक आदि) सही रूपमा बताउन सक्छ । | | | | | | | प्रश्नोत्तर |
| | | विद्यार्थीले समुदायका व्यापारिक तथा व्यवसायिक स्थलहरूको नाम मात्र होइन, तिनको काम वा सेवा (जस्तै बैंकले पैसा राख्ने, पसलले सामान बेच्ने आदि) पनि स्पष्ट रूपमा बताउन सक्छ । | | | | | | | प्रश्नोत्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ७. समुदायमा रहेका हाटबजारको स्थान पत्ता लगाउन । हाटबजारमा पाइने बस्तुको सूचि बनाउन । | हाटबजारको नाम वा स्थान बताउन सक्दैन । | | | | | | | |
| | | शिक्षकको सहयोगमा मात्र हाटबजारको स्थान बताउन सक्छ, तर वस्तुहरूको सूची बनाउन सक्दैन । | | | | | | | |
| | | समुदायमा रहेका हाटबजारको स्थान सही रूपमा बताउन सक्छ र त्यहाँ पाइने सामान (जस्तै तरकारी, फलफूल, अन्न, कपडा) को सूची बनाउन स | | | | | | | |
| | | हाटबजारको स्थान सजिलै बताउन सक्छ, वस्तुहरू वर्गीकृत गरेर सूची बनाउन सक्छ (खाद्यान्न, तरकारी, कपडा आदि) र तिनको प्रयोग वा उपयोग पनि बताउन सक्छ । | | | | | | | |
| सडक सुरक्षा र विपद् व्यवस्थापन | ८. सडकपेटीमा हुन सक्ने दुर्घटनाप्रति सचेत रहन र सामान्य सुरक्षाका उपाय अपनाउन । | सडकमा हिँड्दा वा खेल्दा हुने सम्भावित दुर्घटनाको खतरा बुझ्दैन र असावधान व्यवहार गर्छ । | | | | | | | अवलोकन प्रश्नोत्तर |
| | | शिक्षकको सम्झाइपछि मात्र सडकमा सचेत भएर हिँड्छ तर कहिलेकाहीँ नियम पालना गर्न बिर्सन्छ । | | | | | | | अवलोकन छलफल |
| | | सडक पार गर्दा वा सडकमा हिँड्दा सावधानी अपनाउँछ, जस्तै बायाँ-दायाँ हेरेर हिँड्ने, सडक पेटी प्रयोग गर्ने, सवारीसाधनबाट टाढा रहने आदि । | | | | | | | प्रश्नोत्तर छलफल |
| | | सडकमा हिँड्दा सधैं सचेत रहन्छ, सामान्य सुरक्षाका उपायहरू (जस्तै ट्राफिक सिग्नल मान्ने, बालबालिकालाई सचेत गराउने) पालना गर्छ र अरूलाई पनि त्यसका लागि सन्देश दिन सक्छ । | | | | | | | प्रश्नोत्तर छलफल |
| | ९.सडक पार गर्दा हुन सक्ने दुर्घटना र सुरक्षाका उपाय बताउन । | सडक पार गर्दा हुने सम्भावित दुर्घटनाको कारण बुझ्दैन र असावधानीपूर्वक सडक पार गर्छ । | | | | | | | अवलोकन प्रश्नोत्तर |
| | | शिक्षकको सहयोगमा मात्र सडक पार गर्दा सावधानी अपनाउँछ (जस्तै बायाँ-दायाँ हेर्ने, सवारी रोकिएपछि हिँड्ने आदि)। | | | | | | | अवलोकन छलफल |
| | | सडक पार गर्दा हुने दुर्घटनाको कारण बुझ्छ र सामान्य सुरक्षाका उपायहरू (जस्तै जेब्रा क्रसिङ प्रयोग गर्ने, सवारीसाधनबाट टाढा रहने) अपनाउँछ । | | | | | | | प्रश्नोत्तर छलफल |
| | | सडक पार गर्दा सधैं सचेत रहन्छ, ट्राफिक नियम पालना गर्छ, अरूलाई पनि सुरक्षित तरिकाले सडक पार गर्न सहयोग वा सुझाव दिन सक्छ । | | | | | | | प्रश्नोत्तर छलफल |
| | १०.गाडी चढ्दा, गाडीभित्र र गाडीबाट ओर्लदा ध्यान दिनु पर्ने कुराहरुप्रति सचेत हुन पर्नाको कारण बताउन । | गाडी चढ्दा, गाडीभित्र वा ओर्ल्दा ध्यान दिनुपर्ने कुरा बुझ्दैन र असावधानीपूर्वक व्यवहार गर्छ । | | | | | | | अवलोकन प्रश्नोत्तर |
| | | शिक्षक वा अभिभावकको सम्झाइपछि मात्र ध्यान दिन्छ तर आफ्नै पहलमा सुरक्षाका नियम पालन गर्न सक्दैन । | | | | | | | अवलोकन छलफल |
| | | गाडी चढ्दा, भित्र रहँदा र ओर्ल्दा सावधानी अपनाउँछ, जस्तै सीट बेल्ट लगाउने, भित्र सुरक्षित बस्ने, ओर्ल्दा हिँड्ने मार्ग ध्यान दिने आदि। | | | | | | | प्रश्नोत्तर छलफल |
| | | गाडीको सुरक्षा नियमहरू सहज रूपमा पालना गर्छ, अरूलाई पनि सचेत रहन प्रेरित गर्छ र आकस्मिक अवस्थामा पनि सुरक्षित व्यवहार देखाउँछ । | | | | | | | प्रश्नोत्तर छलफल |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| स्वास्थ्य र खेलकूद | ११.बालबालिकाले पारिवारिक सरसफाईमा ध्यान गर्न सक्ने । | घरमा सरसफाईमा ध्यान दिँदैन र अस्वस्थकर व्यवहार गर्छ (जस्तै हात नधुने, फोहोर नफाल्ने)। | | | | | | | अवलोकन |
| | | शिक्षक वा अभिभावकको सम्झाइपछि मात्र सरसफाईमा ध्यान दिन्छ र कहिलेकाहीँ स्वस्थ व्यवहार अपनाउँछ। | | | | | | | अवलोकन |
| | | नियमित रूपमा घरको सरसफाईमा सहयोग गर्छ, हातधुने, फोहोर व्यवस्थापन गर्ने, सफा खानेकुरा खानेलगायत स्वस्थ व्यवहार अपनाउँछ। | | | | | | | प्रश्नोत्तर |
| | | घरको सरसफाईमा सक्रिय भूमिका खेल्छ, नियमित स्वस्थ जीवनशैली अपनाउँछ र परिवारका अरू सदस्यलाई पनि सचेत गराउँछ। | | | | | | | प्रश्नोत्तर |
| | १२. पारिवारिक र स्थानीय रूपमा खेलिने खेलमा सहभागी हुने, सहकार्य गर्न । | खेलमा सहभागिता जनाउँदैन वा खेलमा अरूसँग सहकार्य गर्न सक्दैन । | | | | | | | अवलोकन प्रश्नोत्तर |
| | | शिक्षक वा अभिभावकको मार्गदर्शनमा मात्र खेलमा सहभागी हुन्छ र कहिलेकाहीँ सहकार्य गर्छ । | | | | | | | अवलोकन छलफल |
| | | पारिवारिक र स्थानीय खेलमा सक्रिय रूपमा सहभागी हुन्छ र खेलमा सहकार्य र नियम पालना गर्न सक्छ । | | | | | | | प्रश्नोत्तर छलफल |
| | | खेलमा सहज रूपमा सहभागी हुन्छ, समूहसँग सहकार्य गर्छ, खेलका नियम पालना गर्छ र साथीहरूलाई सहयोग वा मार्गदर्शन पनि दिन सक्छ। | | | | | | | प्रश्नोत्तर छलफल |
| प्राकृतिक चिकित्सा र योग | १३.बालबालिकाले सजिलो योग आसन, प्राणायाम र ध्यानको अनुभव गर्न । | योग आसन, प्राणायाम वा ध्यान गर्ने बारे जानकारी पाएको छैन र अभ्यास गर्न सक्दैन। | | | | | | | अवलोकन |
| | | शिक्षकको निर्देशनमा मात्र योग आसन, प्राणायाम वा ध्यान अभ्यास गर्न सक्छ। | | | | | | | अवलोकन |
| | | सजिलो योग आसन, प्राणायाम र ध्यान अभ्यास गर्न सक्छ र नियमित अभ्यासमा रुचि देखाउँछ। | | | | | | | प्रश्नोत्तर |
| | | योग, प्राणायाम र ध्यान सहज रूपमा अभ्यास गर्छ, आफैं अभ्यासको अनुभव बताउनुहोससक्छ र साथीहरूलाई पनि प्रेरित गर्न सक्छ। | | | | | | | प्रश्नोत्तर |
| | १४.बालबालिकाले साधारण जडीबुटी चिन्न सक्ने र भाग प्रयोग गर्ने भागको नाम बताउन। | सामान्य जडीबुटी चिन्न सक्दैन र कुन भाग प्रयोग गर्ने बुझ्दैन । | | | | | | | प्रश्नोत्तर |
| | | शिक्षकको मार्गदर्शनमा केही जडीबुटी चिन्न सक्छ तर प्रयोग भाग पहिचान गर्न सक्दैन। | | | | | | | अवलोकन |
| | | साधारण जडीबुटी चिन्न सक्छ र तिनको प्रयोग हुने भाग (जस्तै पात, जरा, फल) बताउन सक्छ। | | | | | | | प्रश्नोत्तर |
| | | सजिलै जडीबुटी चिन्छ, प्रयोग हुने भाग बताउनुहोसँछ र यसको साधारण उपयोग (जस्तै स्वाद, औषधि) पनि वर्णन गर्न सक्छ। | | | | | | | प्रश्नोत्तर |
| हाम्रा संघ संस्था | १५.विद्यार्थीहरूले आफन्तजन, नातेदार र पारिवारिक संरचना बुझ्न सक्ने र तिनको सहयोग-सम्बन्ध मूल्याङ्कन गर्न । | आफ्ना पारिवारिक सदस्य वा नातेदारको नाम वा सम्बन्ध बुझ्दैन र सहयोग मूल्याङ्कन गर्न सक्दैन। | | | | | | | अवलोकन |
| | | विद्यार्थीले शिक्षकको सहयोगमा केही पारिवारिक सदस्य र सम्बन्ध पहिचान गर्छ तर सहयोग-सम्बन्ध मूल्याङ्कन गर्न सक्दैन। | | | | | | | अवलोकन |
| | | विद्यार्थीले आफ्ना पारिवारिक सदस्य र नातेदारको नाम र सम्बन्ध सही रूपमा बताउनुहोससक्छ र तिनको सहयोग-सम्बन्ध बुझ्छ। | | | | | | | प्रश्नोत्तर |
| | | विद्यार्थीले पारिवारिक संरचना पूर्ण रूपमा बुझ्छ, सबै सदस्यको भूमिका र सहयोग-सम्बन्ध मूल्याङ्कन गर्न सक्छ र उदाहरण प्रस्तुत गर्न सक्छ। | | | | | | | प्रश्नोत्तर |

# कक्षा : ३

| थिम | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतिकरण र उपलब्धि सूचक | नियमित पढाइपछि मूल्याङ्कन | | | थप सहायतापछि मूल्याङ्कन | | | प्रयोग गरिएका साधनहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सकेको/ नसकेका | मिति | अङ्कन | सकेको/ नसकेको | मिति | अङ्कन | |
| बुटवल परिचय | १, बुटवलको प्राकृतिक स्वरुप र हावापानी बताउन। | बुटवलको भौगोलिक स्वरुप र हावापानीको बारेमा जानकारी पाएको छैन र बुझ्दैन। | | | | | | | अवलोकन |
| | | शिक्षकको सहयोगमा बुटवलको प्राकृतिक स्वरुप र हावापानीको सामान्य जानकारी पाउँछ। | | | | | | | अवलोकन |
| | | विद्यार्थीले बुटवलको मुख्य प्राकृतिक विशेषता (जस्तै तराई क्षेत्र, नजिकको नदी, हरियाली आदि) र हावापानीको प्रकार (गर्मी, जाडो, वर्षा) बुझ्छ। | | | | | | | अवलोकन |
| | | विद्यार्थीले बुटवलको प्राकृतिक स्वरुप र हावापानी सजिलै पहिचान गर्छ, तिनको विशेषता र प्रभाव (जस्तै खेती, जीवनशैलीमा असर) पनि व्याख्या गर्न सक्छ। | | | | | | | प्रश्नोत्तर |
| | २.जिल्ला, प्रदेशको नक्सामा बुटवल देखाउन। | नक्सामा बुटवलको अवस्थिति पहिचान गर्न सक्दैन। | | | | | | | अवलोकन |
| | | विद्यार्थीले शिक्षकको सहयोगमा मात्र नक्सामा बुटवल देखाउन सक्छ। | | | | | | | अवलोकन |
| | | विद्यार्थीले जिल्ला र प्रदेशको नक्सामा बुटवल सही स्थानमा देखाउन सक्छ। | | | | | | | अवलोकन |
| | | विद्यार्थीले नक्सामा बुटवलको अवस्थिति सजिलै देखाउन सक्छ र नजिकका मुख्य स्थल/नदी वा क्षेत्रको नाम पनि बताउन सक्छ। | | | | | | | प्रश्नोत्तर |
| | ३, आफ्नो समुदायमा गरिने खेतीपाती, व्यवसायको बारेमा भन्न। | आफ्नो समुदायमा गरिने खेतीपाती वा व्यवसायको बारेमा जानकारी पाउँदैन र भन्न सक्दैन। | | | | | | | अवलोकन प्रश्नोत्तर |
| | | शिक्षकको सहयोगमा मात्र केही खेतीपाती वा व्यवसायको बारेमा बताउन सक्छ। | | | | | | | अवलोकन छलफल |
| | | समुदायमा गरिने मुख्य खेतीपाती (जस्तै धान, तरकारी) र व्यवसाय (जस्तै पसल, होटल, सिलाई, पशुपालन) सही रूपमा बताउन सक्छ। | | | | | | | प्रश्नोत्तर छलफल |
| | | समुदायमा गरिने खेतीपाती र व्यवसायको नाम मात्र होइन, तिनको महत्व, उपयोग र समुदायमा योगदान पनि वर्णन गर्न सक्छ। | | | | | | | प्रश्नोत्तर छलफल |
| हाम्रो धर्म संस्कृति र परम्परा | ४. हाम्रो सामाजिक व्यवहार र आचरण गर्न तथा यसको महत्व उल्लेख गर्न। | सामाजिक व्यवहार (जस्तै नमस्कार, सहकार्य, नियम पालना) बुझ्दैन र पालन गर्दैन। | | | | | | | अवलोकन प्रश्नोत्तर |
| | | शिक्षकको सम्झाइपछि मात्र सामाजिक व्यवहार अपनाउँछ तर त्यसको महत्व बुझ्दैन। | | | | | | | अवलोकन लफल |
| | | सामाजिक व्यवहार अपनाउँछ र त्यसको महत्व बुझ्छ। | | | | | | | प्रश्नोत्तर छलफल |
| | | नियमित रूपमा सामाजिक व्यवहार अपनाउँछ, यसको महत्व बुझ्छ र अरूलाई पनि राम्रो व्यवहार गर्न प्रेरित गर्छ। | | | | | | | प्रश्नोत्तर छलफल |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| हाम्रो पर्यटन | ५. बुटवलका मिलन पार्क, पिस पार्क, हिलपार्क तथा मणिमुकुन्दसेन पार्कको परिचय दिन। | पार्कको नाम मात्र भन्न सक्छ। | | | | | | | अवलोकन |
| | | प्रत्येक पार्कको एक-दुई विशेषता वा उद्देश्य भन्न सक्छ। | | | | | | | अवलोकन |
| | | पार्कको नाम, स्थान र मुख्य विशेषता/उपयोग स्पष्ट रूपमा वर्णन गर्न सक्छ। | | | | | | | प्रश्नोत्तर |
| | | पार्कको नाम, स्थान, इतिहास/सांस्कृतिक महत्व, मुख्य विशेषता र प्रयोग/उपयोगलाई पूर्ण विवरणसहित वर्णन गर्न सक्छ। | | | | | | | प्रश्नोत्तर |
| हाम्रो सिप, पेसा, व्यवसाय | ६. हाम्रा परम्परागत घरेलु प्रविधिको परिचय दिन। | उपकरणको नाम मात्र भन्न सक्छ। | | | | | | | अवलोकन |
| | | प्रत्येक उपकरणको नाम र एउटा साधारण प्रयोग (उपयोगिता) भन्न सक्छ। | | | | | | | अवलोकन |
| | | प्रत्येक उपकरणको नाम, बनावट र मुख्य उपयोगिता वर्णन गर्न सक्छ। | | | | | | | प्रश्नोत्तर |
| | | प्रत्येक उपकरणको नाम, बनावट, चित्र (सहज रेखाचित्र), मुख्य उपयोगिता र विशेषता पूर्ण विवरणसहित वर्णन गर्न सक्छ। | | | | | | | प्रश्नोत्तर |
| | ७. हाम्रा परम्परागत घरेलु औजारको परिचय दिन। | औजारको नाम मात्र भन्न सक्छ। | | | | | | | अवलोकन प्रश्नोत्तर |
| | | प्रत्येक औजारको नाम र एउटा सामान्य प्रयोग/उपयोगिता भन्न सक्छ। | | | | | | | अवलोकन छलफल |
| | | प्रत्येक औजारको नाम, बनावट र मुख्य उपयोगिता स्पष्ट रूपमा वर्णन गर्न सक्छ। | | | | | | | प्रश्नोत्तर छलफल |
| | | प्रत्येक औजारको नाम, बनावट, चित्र (सहज रेखाचित्र), मुख्य उपयोगिता र विशेषता पूर्ण विवरणसहित वर्णन गर्न सक्छ। | | | | | | | प्रश्नोत्तर छलफल |
| सडक सुरक्षा र विपद् व्यवस्थापन | ८. सडक यात्रीको लागि बनाइएका ट्राफिक चिन्ह पहिचान गर्न र अर्थ ग्रहण र अवलम्बन गर्न। | ट्राफिक चिन्हको नाम मात्र भन्न सक्छ। | | | | | | | अवलोकन प्रश्नोत्तर |
| | | चिन्हको नाम र एउटा साधारण अर्थ/उपयोग बताउन सक्छ। | | | | | | | अवलोकन छलफल |
| | | चिन्हको नाम, अर्थ र यातायातमा प्रयोगको उदाहरण वर्णन गर्न सक्छ। | | | | | | | प्रश्नोत्तर छलफल |
| | | चिन्हको नाम, स्पष्ट अर्थ, चित्र वा चिन्ह देखाएर व्याख्या र दैनिक जीवनमा यसलाई कसरी अवलम्बन गर्ने भन्ने पूर्ण विवरण दिन सक्छ। | | | | | | | प्रश्नोत्तर छलफल |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ९.प्राकृतिक विपद्हरु र विपद्को बेला अपनाउनु पर्ने सामान्य सुरक्षाका उपाय बताउन र सोही अनुसार व्यवहार गर्न | प्राकृतिक विपद्हरूको नाम मात्र भन्न सक्छ। | | | | | | | अवलोकन, प्रश्नोत्तर |
| | | विपद्हरूको नाम र एउटा सामान्य सुरक्षा उपाय भन्न सक्छ। | | | | | | | अवलोकन, प्रश्नोत्तर |
| | | विपद्हरूको नाम, कारण र मुख्य सुरक्षा उपाय स्पष्ट रूपमा वर्णन गर्न सक्छ। | | | | | | | अवलोकन, प्रश्नोत्तर |
| | | विपद्हरूको नाम, कारण, पूर्ण सुरक्षा उपाय, व्यवहार र दैनिक जीवनमा कसरी अपनाउने भन्ने पूर्ण विवरण दिन सक्छ। | | | | | | | अवलोकन, प्रश्नोत्तर |
| स्वास्थ्य र खेलकूद | १०.विद्यार्थीहरूले घर, छरछिमेक तथा समुदायको सरसफाइको आवश्यकता बुझ्न सक्ने, स्वस्थ बानी व्यवहार अपनाउन। | सरसफाइको आवश्यकता वा नियमको नाम मात्र भन्न सक्छ। | | | | | | | अवलोकन |
| | | घर वा छरछिमेक सफा राख्नुपर्ने कारण र एउटा सामान्य अभ्यास बताउन सक्छ। | | | | | | | अवलोकन |
| | | घर, छरछिमेक र समुदायमा सरसफाइको आवश्यकता, स्वास्थ्य लाभ र केही अभ्यास (हात धुने, फोहोर व्यवस्थापन) वर्णन गर्न सक्छ। | | | | | | | प्रश्नोत्तर |
| | | सरसफाइको महत्व, व्यक्तिगत, पारिवारिक र सामुदायिक व्यवहारहरू पूर्ण विवरणसहित व्याख्या गर्न, उदाहरणसहित अभ्यास गर्न र अरूलाई पनि प्रेरित गर्न सक्छ। | | | | | | | प्रश्नोत्तर |
| | ११. विद्यार्थीहरूले परम्परागत खेलकूदको नाम, विधि र त्यसको महत्व बताउन तथा सहभागी हुन। | खेलकूदको नाम मात्र भन्न सक्छ। | | | | | | | अवलोकन, प्रश्नोत्तर |
| | | खेलकूदको नाम र एउटा साधारण नियम वा विधि भन्न सक्छ। | | | | | | | अवलोकन, प्रश्नोत्तर |
| | | खेलकूदको नाम, विधि र महत्व स्पष्ट रूपमा वर्णन गर्न सक्छ। | | | | | | | प्रश्नोत्तर, छलफल |
| | | खेलकूदको नाम, विधि, पूर्ण महत्व, नियम पालना गरी खेलमा सक्रिय सहभागी हुन र अरूलाई पनि सिकाउन सक्छ। | | | | | | | प्रश्नोत्तर, छलफल |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| प्राकृतिक चिकित्सा र योग | १२. विद्यार्थीहरूले शरीर लचिलो बनाउने, सन्तुलन कायम गर्ने र ध्यान एकाग्र गर्न । | शरीर तान्ने वा सन्तुलन राख्ने अभ्यास गर्न कठिनाई हुन्छ। ध्यान केन्द्रित गर्न सक्दैन। | | | | | | | अवलोकन, प्रश्नोत्तर |
| | | केही साधारण लचिलोपन र सन्तुलन अभ्यास गर्न सक्छन् तर निरन्तरता र एकाग्रता कम हुन्छ। | | | | | | | अवलोकन, प्रश्नोत्तर |
| | | शरीर लचिलो बनाउन, सन्तुलन राख्न र ध्यान केन्द्रित गर्न सक्षम हुन्छन्। अभ्यासका तरिका बुझेर अनुसरण गर्न सक्छ। | | | | | | | प्रश्नोत्तर, छलफल |
| | | शरीर लचिलो, सन्तुलित र एकाग्रता युक्त बनाउनका अभ्यासहरू (जस्तै योग, ध्यान) सही तरिकाले गर्न, अरूलाई सिकाउन र दैनिक जीवनमा प्रयोग गर्न सक्छ। | | | | | | | प्रश्नोत्तर, छलफल |
| | १३.विद्यार्थीहरूले वरिपरि पाइने जडीबुटीहरू पहिचान गर्न, भाग छुट्याउन र सामान्य उपयोग गर्न । | जडीबुटीको नाम चिन्न सक्दैनन् वा थोरै मात्र चिन्छन् । | | | | | | | अवलोकन, प्रश्नोत्तर |
| | | केही जडीबुटीको नाम र त्यसको एउटा सामान्य प्रयोग भन्न सक्छ । | | | | | | | अवलोकन, प्रश्नोत्तर |
| | | वरिपरि पाइने जडीबुटीहरूको नाम, उपयोग र कुन भाग प्रयोग हुन्छ स्पष्ट रूपमा भन्न सक्छ। | | | | | | | प्रश्नोत्तर, छलफल |
| | | विभिन्न जडीबुटीहरू पहिचान गरी तिनका भाग छुट्याउन, सही उपयोग बताउनुहोसर दैनिक जीवनमा व्यवहारिक रूपमा प्रयोग गर्न सक्छ। | | | | | | | प्रश्नोत्तर, छलफल |
| हाम्रा संघ संस्था | १४.विद्यार्थीहरूले समुदायमा रहेका बालमैत्री संघ-संस्थाको नाम, काम र भूमिकाबारे जानकारी दिन। | बालमैत्री संघ-संस्थाको नाम भन्न सक्दैनन् वा थोरै मात्र चिन्छ। | | | | | | | अवलोकन, प्रश्नोत्तर |
| | | केही संघ-संस्थाको नाम र उनीहरूले गर्ने एउटा सामान्य काम भन्न सक्छ। | | | | | | | अवलोकन, प्रश्नोत्तर |
| | | बालमैत्री संघ-संस्थाको नाम, मुख्य काम र समुदायमा उनीहरूको भूमिका स्पष्ट रूपमा बताउन सक्छ। | | | | | | | प्रश्नोत्तर, छलफल |
| | | बालमैत्री संघ-संस्थाको नाम, काम र भूमिकाको पूर्ण विवरणसहित व्याख्या गर्न, उदाहरण दिन र बालअधिकार संरक्षणमा तिनको योगदान बुझाउन सक्छ। | | | | | | | प्रश्नोत्तर, छलफल |

### (ख) कक्षा ४ देखि कक्षा ८ सम्मको मूल्याङ्कन

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भएनभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक दुवै सिसिमका मूल्याङ्कन गरिने छ। निर्माणात्मक मूल्यमान्यताको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो। सिकाइका लागि गरिने यस्तो आन्तरिक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ। आन्तरिक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ। आन्तरिक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कन लगायतका साधन प्रयोग गर्न सकिन्छ।

विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकन लगायतका तरिका प्रयोग गर्न सकिन्छ। यसका लागि रुजूसूची श्रेणी मापन लगायतका व्यवहार अवलोकन फारम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्या लगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन्। यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइ अन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ। यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ। पटकपटकको सुधारात्मक सिकाइपश्चात् पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नु पर्दछ।

निर्णयात्मक मूल्याङ्कनको कुल भारको ५० प्रतिशत आन्तरिक मूल्याङ्कनका रूपमा आन्तरिक मूल्याङ्कनबाट समावेश गरिने छ भने अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिने छ।

### (क) आन्तरिक मूल्याङ्कन

आन्तरिक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलेखिकरण गर्नुपर्छ। यसका लागि आन्तरिक मूल्याङ्कनलाई अभिलेखिकरण गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio ) व्यवस्थित गरी राख्नुपर्छ। यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अक आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

(आन्तरिक मूल्याङ्कनका साधनहरू र प्रयोग

रुब्रिक्स

रुजु सूची तथा श्रेणी मापन

सहभागिता

कार्य सम्पादन

विद्यार्थी प्रदर्शन

प्रयोगात्मक कार्य

मौखिक प्रश्नोत्तर

अभिभावक प्रतिक्रिया

लिखित कार्य तथा परीक्षा

सहपाठी मूल्याङ्कन

विद्यार्थीले गरेका प्रयोगात्मक कार्य/परियोजना कार्यको वास्तविक मूल्याङ्कन (authentic assessment) गर्नका लागि रुब्रिक्स/श्रेणी मापनको विकास गरी प्रयोग गर्न सकिन्छ।

स्थानीय पाठ्यक्रमका सिपहरू तथा पाठगत रुपमा विद्यार्थीमा विकास हुनुपर्ने ज्ञान, सिप तथा अभिवृत्ति, अभिव्यक्ति एवम् व्यवहारकुशल सिपको मापन गर्न रुजुसूची, श्रेणी मापन लगायतका व्यवहार अवलोकन फारम प्रयोग गर्न सकिन्छ।

विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, नियमितता आदिको मूल्यांकन गर्न सकिन्छ। कक्षामा दिएका कार्यहरू नियमित रुपमा सक्रियतापूर्वक गरे नगरेको, गरेको भए सही रुपमा गरे वा नगरेको हेरी विद्यार्थीको मूल्यांकन गर्न सकिन्छ। सही कार्य नगरेको भए आवश्यक पृष्ठपोषण दिने र गृहकार्य वा समेत दिन सकिन्छ।

विद्यार्थीले गरेका कार्यहरूको प्रदर्शन गराई उनीहरूको कार्यको मूल्यांकन गर्न सकिन्छ। प्रदर्शनको क्रममा कमीकमजोरी देखिए आवश्यक पृष्ठपोषण तथा सहयोग गरी सिकाइ उपलब्धि हासिल गराउन सकिन्छ। शिक्षण सिकाइकै क्रममा विभिन्न विषयवस्तुमा स्पष्टता कार्यम गर्न, जानेका कुराहरूको प्रतिविम्बन गर्न मौखिक प्रश्नोत्तर गर्न सकिन्छ र सिकाइ उपलब्धि हासिल भए नभएको जानकारी प्राप्त गर्न सकिन्छ।

विद्यालयमा सिकाएका कुराहरू घर व्यवहारमा प्रयोग गरे नगरेको, परियोजना तथा गृहकार्य गरे नगरेको तथा समग्र सिकाइमा अभिभावकको प्रतिक्रिया लिने, शिक्षक र अभिभावक तथा अभिभावक र विद्यार्थी बिच छलफल अन्तर्क्रिया गरेर विद्यार्थीलाई आवश्यक पृष्ठपोषण दिन सकिन्छ भने शिक्षकलाई पनि यसबाट शिक्षण सिकाइ प्रक्रियामा सुधार गर्ने अवसर प्राप्त हुन्छ।

कक्षाका विद्यार्थीहरूले एक अर्काको कार्यको मूल्याङ्कन गर्ने, सँगै बसेर गरिएका कार्यहरुको समिक्षा गर्न सकिन्छ।

सिकाइ सहजीकरणको क्रममा, पाठ वा एकाइको अन्तमा, महिनाको अन्तमा, परीक्षा त्रैमासिक तथा अर्धवार्षिक रुपमा सबै तहमा प्रश्नहरू निर्माण गरी विद्यार्थी निर्धारित विषयवस्तुमा हासिल गरेका ज्ञान, सिपहरूको लेखाजोखा गर्न सकिन्छ। निर्णयात्मक मूल्याङ्कनको कूल भारको ५० प्रतिशत आन्तरिक मूल्याङ्कनका रूपमा आन्तरिक मूल्याङ्कनबाट समावेश गरिने छ भने अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिने छ।

**कक्षा ४ देखि कक्षा ८ सम्मको आन्तरिक मूल्याङ्कन निम्न अनुसार हुनेछ :**

१. सहभागिता : कक्षामा उपस्थिति र कक्षा कार्यमा सहभागिता   ४ अंक

२. प्रयोगात्मक तथा परियोजना कार्य : परियोजना कार्य तथा प्रयोगात्मक कार्यमा सहभागिता र सक्रियता ३६ अंक

३. त्रैमासिक परीक्षा : १० अंक

जम्मा : ५० अंक

प्रयोगात्मक तथा परियोजना कार्यको अंकभार निम्नानुसार विभाजन गरिएको छ।

| विषय क्षेत्र | परियोजना तथा प्रयोगात्मक कार्य सञ्चालन | परियोजना तथा प्रयोगात्मक कार्य सम्पादनको अभिलेखीकरण | जम्मा अंक |
|---|---|---|---|
| बुटवल परिचय | ३ | २ | ५ |
| हाम्रो धर्म, संस्कृति र परम्परा | २ | २ | ४ |
| हाम्रो पर्यटन | २ | २ | ४ |
| हाम्रो सिप,पेसा र व्यवसाय | ३ | ३ | ६ |
| सडक सुरक्षा र विपद् व्यवस्थापन | २ | २ | ४ |
| स्वास्थ्य र खेलकूद | २ | २ | ४ |
| योग र प्राकृतिक चिकित्सा | ३ | २ | ५ |
| हाम्रा संघसंस्था | २ | २ | ४ |
| **जम्मा** | **१९** | **१७** | **३६** |

अन्तिम परीक्षामा पहिलो र दोस्रो त्रैमासिक परीक्षाको ५, ५ अंक जोडिने छ।

पहिलो र दोस्रो त्रैमासिक परीक्षामा विद्यार्थीहरुलाई ग्रेडसीट दिदा २५ पूर्णाकंमा दिनुपर्ने छ।

### (ख) आवधिक मूल्याङ्कन

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुने छ। प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ। यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुने छन्। पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा सिकाइ स्तरको प्रमाणीकरण गरिन्छ। अन्तिम परीक्षाको निम्न अनुसारको विशिष्टीकरण तालिकालाई आधार मानेर निर्माण गरिनुपर्छ।

| विषय क्षेत्र | ज्ञान तह | बोध तह | प्रयोग तह | उच्च दक्षता तह |
|---|---|---|---|---|
| बुटवल परिचय | SQ | MCQ | | LQ |
| हाम्रो धर्म, संस्कृति र परम्परा | LQ | VSQ | MCQ | |
| हाम्रो पर्यटन | MCQ | VSQ | SQ | LQ |
| हाम्रो सिप, पेसा र व्यवसाय | SQ | LQ | VSQ | MCQ |
| सडक सुरक्षा र विपद् व्यवस्थापन | VSQ | SQ | | MCQ |
| स्वास्थ्य र खेलकूद | LQ | MCQ | VSQ | |
| योग र प्राकृतिक चिकित्सा | | SQ | MCQ | VSQ |
| हाम्रा संघसंस्था | MCQ | | LQ | SQ |
| **जम्मा** | ७ | ७ | ६ | ६ |

MCQ = बहुबैकल्पिक प्रश्न (संख्या ८) जम्मा अंक ८ X १ = ८

VSQ = अति छोटो उत्तर आउने प्रश्न (संख्या ६) जम्मा अंक ६ X १ = ६

SQ = छोटो उत्तर आउने प्रश्न (संख्या ६) जम्मा अंक ६ X २ = १२

LQ = लामो उत्तर आउने प्रश्न (संख्या ६) जम्मा अंक ६ X ४ = २४